वार्षिक प्रतिवेदन

आ.व. २०७०/०७१ - २०७४/०७५

ऋण असुली न्यायाधिकरण

कमलपोखरी, काठमाडौं

प्राक्कथन

बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋण असुलउपर गर्ने प्रयोजनका लागि यस न्यायाधिकरणको मिति २०६०।४।१ मा स्थापना भएको विदितै छ।

यस न्यायाधिकरणले आफ्नो स्थापनाकालदेखि आ.व. २०७४/०७५ को अन्तसम्म ३१०१ थान मुद्दाको फछ्र्यौट गरेको छ भने प्रतिवेदन अवधि आ.व. २०७०/७१ देखि आ.व. २०७४/०७५ सम्मको अन्तसम्म ५०४ थान मुद्दाहरुको फछ्र्यौट भइसकेका छन्। न्यायाधिकरण स्थापनादेखि आ.व. २०७४/०७५ को अन्तसम्म ३०७३ थान मुद्दाबाट रु.१७,१८,८८,१०,९१६।- (अक्षरेपी सत्र अर्व अठार करोड अठासी लाख दश हजार नौ सय सोह्र मात्र) असुल भईसकेको छ भने ९२८ थान मुद्दाबाट रु.२७,१४,१०,८५,९२९।- (अक्षरेपी सत्ताईस अर्ब चौध करोड दश लाख पचासी हजार नौ सय उनन्तीस मात्र) असुलउपर गराई दिन बाँकी रहेको छ।

प्रतिवेदन अवधिभरमा मिलापत्र दस्तुर, ऋण असुली शुल्क तथा अन्य दैदस्तुर समेतबाट रु.१४,४८,६१,२९०।- (अक्षरेपी चौध करोड अठचालीस लाख एकसठ्ठी हजार दुई सय नब्बे रुपैयाँ मात्र) राजश्व समेत असुली भएको छ।

न्यायाधिकरणले पछिल्लो पटक आ.व. २०६९/०७० को वार्षिक प्रतिवेदन प्रकाशन गरेकोमा त्यसपछिका वर्षहरुमा प्रतिवेदन प्रकाशन गर्ने कार्यले निरन्तरता पाउन सकेको थिएन। न्यायाधिकरणले आर्थिक वर्षमा सम्पादन गरेका काम कारवाही समेटी वार्षिक प्रतिवेदन प्रकाशन गर्दा संस्थागत अभिलेख रहने तथा यसका सरोकारवाला, अध्येता तथा अनुसन्धानकर्ता समेतलाई उपयोगी हुने तथ्यलाई मनन गर्दै आ.व. २०७०/७१ देखि आ.व. २०७४/०७५ सम्मको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्न लागिएको छ।

अन्त्यमा, यो वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्ने कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने बैंकिङ्ग सदस्य श्री उपेन्द्र बहादुर कार्की, लेखा सदस्य श्री जयदेव श्रेष्ठ, श्रेस्तेदार श्री भेषराज कोईराला, कम्प्युटर अपरेटर श्री संगिता कपाली, दर्ता शाखा, मुद्दा शाखा तथा ऋण असुली शाखाका कर्मचारी लगायत सम्बद्ध सबै कर्मचारीहरुलाई न्यायाधिकरणको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

मानबहादुर अर्याल

अध्यक्ष

विषय सूची

भाग-१ : प्रारम्भिक — १

  १.१ न्यायाधिकरणको स्थापना र गठन — १

भाग-२ : न्यायाधिकरणबाट सम्पादन भएका कार्यहरुको विवरण — ९

  २.१ न्यायिक निरोपणसंग सम्बन्धित क्रियाकलापहरु — ९

  २.२ बजेट कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरु — २०

भाग-३ : जनशक्ति व्यवस्थापन — २३

  ३.१ सदस्यहरुको नियुक्ति र कार्य अवधी सम्बन्धी विवरण — २३

  ३.२ कर्मचारीहरुको नियुक्ति, सरुवा र बढुवा सम्बन्धी विवरण — २३

  ३.३ तालीम/गोष्ठी तथा अध्ययन भ्रमणमा सहभागिता सम्बन्धी विवरण — २५

  ३.४. आ.व. २०७४/०७५ मा बहाल रहेका न्यायाधिकरणका अध्यक्ष तथा सदस्य र कार्यरत कर्मचारी सम्बन्धी विवरण — २६

भाग-४ : मुख्य उपलव्धी र चुनौतीहरु — २८

  ४.१ मुख्य उपलव्धीहरु — २८

  ४.२ मुख्य चुनौतीहरु — २८

भाग-५ : महत्वपूर्ण केही निर्णयहरु — ३०

भाग - ६ : — ११४

  बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ — ११४

  बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ — १२३

अनुसूची - १ — १३७

अनुसूची - २ — १३८

अनुसूची - ३ — १३९

अनुसूची - ४ — १४१

अनुसूची - ५ — १४२

अनुसूची - ६ — १४३

अनुसूची - ७ — १४४

भाग- १
प्रारम्भिक

१.१ न्यायाधिकरणको स्थापना र गठन

१.१.१. पृष्ठभूमिः

वि.सं. १९९४ साल कार्तिक ३० गते नेपालको पहिलो बैंकको रुपमा नेपाल बैंक लिमिटेडको स्थापनापछि नेपालमा बैंकिङ्ग प्रणालीको शुरुवात भएको मान्न सकिन्छ। नेपाली नोटको निष्काशन र नेपाली मुद्रा चलन चल्तीमा ल्याउन, नेपाली मुद्रा विनिमयदरमा स्थिरता कायम गर्न, विकासका निमित्त पूँजीलाई गतिशील बनाउन र नेपालमा बैंकिङ प्रथाको विकास गराउने उद्देश्य लिई वि.सं. २०१२ सालमा नेपाल राष्ट्र बैंक ऐन जारी भई सो ऐन बमोजिम नेपाल राष्ट्र बैंकको स्थापना भएको थियो। तत्पश्चात् सरकारको पूर्ण स्वामित्वमा रहने गरी वि.सं. २०१६ सालमा औद्योगिक विकास निगम, वि.सं. २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक तथा वि.सं.२०२४ सालमा कृषि विकास बैंकको स्थापना भई सञ्चालनमा आएका थिए।

देशको आर्थिक तथा वित्तीय क्षेत्रमा सुधार गर्न सन् १९८५ मा अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को सहयोगमा Structural Adjustment Program (आर्थिक तथा वित्तीय संरचनाको सुधार) लागू भएको थियो। यसको मुख्य उद्देश्य आर्थिक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहभागिता बढाउने, वित्तीय अनुशासन, पारदर्शिता र वित्तीय सु-शासन कायम गरी सार्वजनिक संस्थान तथा बैंकिङ्ग क्षेत्रको सुधार गर्नु नै रहेको थियो।

वि.सं. २०४१ सालबाट निजी क्षेत्रको लगानीमा बैंक तथा वित्तीय संस्था खुल्ने कार्य प्रारम्भ भएको हो। वि.सं. २०४६ सालमा सर्वप्रथम निजी क्षेत्र र वैदेशिक लगानी (Joint Venture) मा नेपाल अरब बैंक लिमिटेड हालको नविल बैंक र ग्रीण्डलेज बैंक हालको स्टयाण्डर्ड चार्टड बैंक सञ्चालनमा आएका थिए।

वि.सं. २०४७ सालमा भएको नेपालको राजनैतिक परिवर्तनसंगै सरकारले आर्थिक उदारीकरण सम्बन्धी नीति अवलम्बन गरे पश्चात् बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र तिनका शाखा विस्तार हुने क्रममा तीब्रता नै आयो। यसबाट उद्योग, व्यापार, हवाई तथा स्थल यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, संचार तथा रियल स्टेट कारोवार जस्ता क्षेत्रको विकासमा बैंक तथा वित्तीय संस्थाको पूँजी परिचालन भई आर्थिक गतिविधिमा बृद्धि भएको तथा रोजगारीका अवसरहरुमा बढोत्तरी हुन गई देशको आर्थिक समृद्धिको आधार तयार हुँदै आएको छ।

देशको आर्थिक वृद्धिको आधार तयार हुँदै गईरहेको भएतापनि वाणिज्य बैंकहरुमा निष्कृय कर्जा (Non-Performing Loan) को मात्रा बढ्दै गएको र खास गरी नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको निष्कृय कर्जा अत्यधिक रहेको सन्दर्भमा त्यस्तो निष्कृय कर्जालाई वाञ्छित सीमामा कायम राख्नु पर्ने आवश्यकता रहेको महशुस गरी उल्लिखित वित्तीय क्षेत्र सुधार कार्यक्रमको त्यसतर्फ समेत ध्यान गएको थियो। सन् २००३ मा नेपाल बैंक लिमिटेडको ६०.५% र राष्ट्रिय वाणिज्य बैंकको ६०.२% निष्कृय कर्जा रहेकोमा समग्र वाणिज्य बैंकतर्फको निष्कृय कर्जा २८.६८% रहेको* थियो। उल्लिखित पृष्ठभूमिमा तत्कालीन समयको वाणिज्य बैंकहरुमा रहेको निष्कृय कर्जाको अवस्था प्रतिबिम्बित हुन्छ।

नेपालको बैंकिङ्ग तथा वित्तीय प्रणाली मार्फत वित्तीय स्थायीत्व कायम गर्न बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण रहेको हुन्छ। प्रस्तुत सन्दर्भमा नेपाल सरकारले अगाडि बढाएको दोश्रो चरणको वित्तीय क्षेत्र सुधार कार्यक्रम मूलतः बैंक तथा वित्तीय क्षेत्रसंग सम्बन्धित कानूनमा सुधार, केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकको सबलीकरण तथा प्रभावकारी वित्तीय नियमनसंग सम्बन्धित रहेको थियो।

यस सुधार कार्यक्रमको महत्वपूर्ण पक्षको रुपमा रहेको कानून सुधार अन्तर्गत बैंकिङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकासको लागि उपयुक्त नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न र मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति विश्वसनीयता अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंक ऐन, २०१२ लाई खारेज गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ आएको थियो।

त्यस्तै गरी, कृषि विकास बैंक ऐन, २०२४, वाणिज्य बैंक ऐन, २०३१, वित्त कम्पनी ऐन, २०४२, नेपाल औद्योगिक विकास ऐन, २०४६ र विकास बैंक ऐन, २०५२ गरी ५ वटा ऐनहरु खारेज गरी छाता ऐनको रुपमा वि.सं. २०६३ सालमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ जारी भएको थियो। त्यस्तै गरी, बैंक तथा वित्तीय संस्थाको कारोवारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैंक तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गर्ने उद्देश्यका साथ बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ जारी भई हाल कार्यान्वयनमा रहेको छ।

वित्तीय क्षेत्र सुधार कार्यक्रमको निरन्तरताको रुपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ खारेज गरी नयाँ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भई हाल कार्यान्वयनमा आएको छ भने नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग कसूर तथा सजायँ ऐन, २०६४ मा समेत संशोधन भई सकेका छन् भने बैंक तथा वित्तीय संस्थाको ऋण असुली

* Nepal Rastra Bank, Banking & Financial Statistics, Mid July, 2015, No. 61.

सम्बन्धी ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमावलीमा सामयिक संशोधनको लागि प्रकृया अगाडि बढी सकेको छ।

बैंक तथा वित्तीय संस्थामा उल्लेख्य रुपमा निष्कृय कर्जा रहेको तत्कालीन परिस्थितिमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुलउपर गराई दिने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो ऐन अन्तर्गत बनेको बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी नियमावली, २०५९ जारी भई कार्यान्वयनमा आएका छन्। यो ऐन आउनु पूर्व बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको कारवाही र किनारा सामान्य अदालतबाट हुने गरेकोमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८ लागू भएपश्चात् विशिष्टिकृत न्यायिक निकायको रुपमा २०६० साल साउन १ गते ऋण असुली न्यायाधिकरणको स्थापना र गठन भएको हो।

१.१.२ न्यायाधिकरणको स्थापना र गठनः

मुलुकमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धी मुद्दाहरुको छिटो छरितो ढङ्गबाट कारवाही तथा किनारा गरी बैंक तथा वित्तीय संस्थाको ऋणीबाट लिनु पर्ने साँवा र व्याज रकम असुलउपर गर्ने प्रयोजनका लागि जारी भएको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ४ बमोजिम ऋण असुली न्यायाधिकरणको स्थापना भएको हो। उल्लिखित व्यवस्थाको अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा मिति २०६०।३।२ मा सूचना प्रकाशित गरी यस न्यायाधिकरणको मुकाम काठमाडौंमा रहने गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्तर्गतका नेपालभरका मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अधिकार यस न्यायाधिकरणलाई तोकिदिएको छ। न्यायाधिकरणमा कानून सदस्य, बैंकिङ्ग सदस्य र लेखा सदस्य गरी ३ जना सदस्यहरु रहने र कानून सदस्य न्यायाधिकरणको अध्यक्ष हुने व्यवस्था उल्लिखित ऐनमा रहेको छ। न्यायाधिकरणको कार्य बोझको आधारमा नेपाल सरकारले न्यायाधिकरणको सदस्य संख्या तथा इजलाश थप गर्न समेत सक्ने व्यवस्था रहेको छ।

१.१.३ सदस्यहरुको नियुक्ति सन्बन्धी व्यवस्थाः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ५ मा सदस्यहरुको नियुक्ति सम्बन्धी व्यवस्था गरिएको छ। नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन

गरी सोही ऐनको दफा ६ बमोजिम देहायको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सदस्य नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छः-

(क) कानून सदस्यको लागि जिल्ला अदालतको न्यायाधीश भैरहेको वा भैसकेको वा हुन योग्यता पुगेको व्यक्ति,

(ख) बैंकिङ्ग सदस्यको लागि अर्थशास्त्र वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा वित्तीय संस्थाको कम्तीमा द्वितीय श्रेणीको अधिकृतस्तरको पदमा १० वर्षको अनुभव प्राप्त व्यक्ति,

(ग) लेखा सदस्यको लागि वाणिज्यशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा 'ख' श्रेणीको लेखा परीक्षकको प्रमाणपत्र प्राप्त गरी बैंकिङ्ग वा वित्तीय क्षेत्रको लेखापरीक्षण सम्बन्धी काममा कम्तीमा १० वर्षको अनुभव प्राप्त व्यक्ति।

बैंकिङ्ग सदस्य तथा लेखा सदस्यको नियुक्ती गर्दा नेपाल सरकारले नेपाल राष्ट्र बैंकको परामर्श समेत लिनुपर्ने व्यवस्था रहेको छ।

अध्यक्ष तथा सदस्यहरूको पदावधि ५ वर्षको रहने र निजहरुको पुनः नियुक्ति हुन सक्ने व्यवस्था रहेकोछ।

१.१.४ इजलासको गठन सम्बन्धी व्यवस्थाः

न्यायाधिकरणमा आवश्यकता अनुसार इजलास रहने र प्रत्येक इजलासमा कानून, बैंकिङ्ग र लेखा सदस्य रहने व्यवस्था छ। हाल न्यायाधिकरणमा एउटा मात्र इजलास रहेको छ। न्यायाधिकरणमा एक भन्दा बढी इजलास भएको अवस्थामा अध्यक्षले मुद्दा तोक्ने व्यवस्था रहेको छ।

१.१.५ न्यायाधिकरणको क्षेत्राधिकारः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ मा देहायका बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको लागि ऐनको व्यवस्था लागू हुने व्यवस्था गरिएको छः-

(क) कृषि विकास ऐन, २०२४ बमोजिम स्थापना भएको कृषि विकास बैंक।

(ख) वाणिज्य बैंक ऐन, २०३१ स्थापना भएका वाणिज्य बैंक।

(ग) नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ बमोजिम स्थापना भएको नेपाल औद्योगिक विकास निगम।

(घ) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य वित्तीय संस्थाहरु।

उपरोक्तमा उल्लिखित बैंक तथा वित्तीय संस्थाको हकमा ऐनको व्यवस्था लागू हुने उल्लेख गरिएकोमा उल्लिखित ऐनहरुलाई खारेज गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ जारी भई सकेपश्चात् सो ऐन बमोजिम वर्गीकृत 'क' वर्गका वाणिज्य बैंकहरु, 'ख' वर्गका विकास बैक र 'ग' वर्गका फाइनान्स कम्पनीको ऋण असुली सम्बन्धी मुद्दाहरुको कारवाही र किनारा यस न्यायाधिकरणबाट हुँदै आएको छ। त्यस्तै गरी पाँच लाख रुपैयाँ भन्दा कम साँवा रकम भएको ऋण असुली सम्बन्धी मुद्दाको कारवाहीमा यस न्यायाधिकरणको क्षेत्राधिकार नरहने समेत व्यवस्था गरेको छ।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४ ले न्यायाधिकरणलाई आफ्नो क्षेत्राधिकारभित्र पर्ने बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धी मुद्दाहरुको शुरु कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ।

न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तिनै जना सदस्यले सामूहिकरुपमा गर्ने र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिने व्यवस्था रहेकोछ। कानून सदस्य सहित दुई जनाको उपस्थिति भएमा मुद्दाको कारवाही र किनारा गर्न सकिन्छ भने कानून सदस्य बाहेक अन्य दुई जना सदस्यको उपस्थितिमा मुद्दाको निर्णय गर्न वा अन्तिम आदेश दिन बाहेक अरु कारवाही गर्न सकिने व्यवस्था छ।

१.१.६ उजूरी निवेदन सम्बन्धी व्यवस्थाः

ऋण असुलीका लागि न्यायाधिकरणमा उजूरी निवेदन दिनु अघि सम्बन्धित बैंक वा वित्तीय संस्थाले ऋण असुल गर्ने सम्बन्धमा ऋणीसंग ऋण फछ्र्यौट गर्न गराउन यथेष्ठ छलफल तथा क्रियाकलाप गरेको हुनु पर्ने र ऋण असुली सम्बन्धमा पर्याप्त कारवाही गर्दा समेत ऋण असुल हुन नसकेमा मात्र न्यायाधिकरणमा उजूरी निवेदन दिन सकिने व्यवस्था रहेको छ। त्यस्तो उजूरी निवेदन कर्जाको भाखा नाघेको मितिले चार वर्षभित्र दिनु पर्ने हुन्छ।

उजूरी निवेदन साथ बैंक वा वित्तीय संस्थाले दावी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत ऋण असुली शुल्क वापत अग्रिम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्ने हुन्छ। उजूरी निवेदन दर्ता भएपछि न्यायाधिकरणबाट मुद्दाका प्रतिवादीलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न प्रतिवादीहरुको नाममा १५ दिनको म्याद जारी गर्ने व्यवस्था रहेको छ।

१.१.७ अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्थाः

ऐनको दफा १६ को उपदफा (१) बमोजिम न्यायाधिकरणमा विचाराधीन रहेको कुनै पनि मुद्दामा ऋण लिने सिलसिलामा सुरक्षणको लागि राखिएको धितो वा ऋणीको/जमानीकर्ताको स्वामित्वमा वा कब्जामा रहेको वा हक भोग भएको चल अचल सम्पत्ति नामसारी, बिक्री वा हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको निवेदनको आधारमा न्यायाधिकरणलाई लागेमा अर्को आदेश नदिएसम्मको अवधिका लागि त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा न्यायाधिकरणले अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था छ। साथै त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने समेत उल्लेख गरिएको छ।

१.१.८ मिलापत्र सम्बन्धी व्यवस्थाः

न्यायाधिकरणमा दर्ता भई कारवाही तथा निरोपण गर्न बाँकी रहेका ऋण असुली मुद्दाहरुमध्ये कुनै मुद्दामा मिलापत्र गर्नको निमित्त मुद्दाका दुवै पक्ष अर्थात् वादी र प्रतिवादीले न्यायाधिकरण समक्ष लिखित निवेदन दिएमा र न्यायाधिकरणले सो निवेदनको व्यहोरा दुबै पक्षलाई पढी बाँची सुनाई त्यसको मतलब र परिणाम समेत सम्झाउँदा बुझाउँदा दुबै पक्षले मञ्जुर गरेमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएतापनि ऐनको दफा २० बमोजिम मिलापत्र गराई दिन सक्ने व्यवस्था छ। मिलापत्र भएपछि मिलापत्र कार्यान्वयन गर्न ऋण असुली अधिकृतलाई आदेश दिने व्यवस्था रहेको छ। मिलापत्र भईसकेपछि मिलापत्र कार्यान्वयन नभएको अवस्थामा मिलापत्रको कार्यान्वयनका लागि न्यायाधिकरणमा निवेदन दिन सक्ने व्यवस्था रहेको छ।

न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले मुद्दा मिलापत्र गराईसकेपछि मिलापत्र दस्तुर वापत मुद्दामा मागदावी लिइएको रकमको ०.५० प्रतिशतले हुने रकम मध्ये वादीले ०.२५ प्रतिशत र प्रतिवादीले ०.२५ प्रतिशतले हुने रकम बुझाउनु पर्नेछ। वादीको हकमा मिलापत्र दस्तुर वापत बुझाउनु पर्ने रकम निजले उजुरी निवेदन दर्ता गराउँदा अग्रिम रुपमा बुझाएको ऋण असुली शुल्कबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था छ।

१.१.९ ऋण असुली सम्बन्धी व्यवस्थाः

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १८ बमोजिम मुद्दा बारे निर्णय सुनाई सकेपछि उक्त निर्णय उपर चित्त नबुझ्ने पक्षबाट पुनरावेदन परेको अवस्थामा पुनरावेदन न्यायाधिकरणको निर्णय प्राप्त भएपछि र पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन

दिने म्याद भुक्तान भएपछि निर्णय कार्यान्वयन गर्न सोही ऐनको दफा २१ बमोजिम ऋण असुली अधिकृतको नाममा समयावधि तोकी आदेश दिने व्यवस्था रहेकोछ।

ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त गरेपछि सो आदेशमा तोकिएको समयावधि भित्र ऐनको दफा २५ बमोजिम ऋणीबाट ऋण रकम असुल गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिलाई भराई दिनु पर्ने व्यवस्था रहेको छ। न्यायाधिकरणबाट आदेश प्राप्त भए पश्चात् ऋण असुली अधिकृतले ऋणीबाट ऋणको साँवा व्याज रकम असुलउपर गर्दा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमावली तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कारवाही अवलम्बन गर्न सक्ने व्यवस्था छः-

* ऋणी वा जमानत दिने व्यक्तिले धितोमा राखेको चल अचल सम्पत्तिले ऋणको साँवा व्याज रकम खाम्न नसक्ने भई ऋणीको वा जमानत दिने व्यक्तिको अन्य चल अचल सम्पत्ति रोक्का राख्न तत्काल सम्बन्धित कार्यालयमा लेखि पठाउने,
* ऋणीलाई बढीमा सात दिनको म्याद दिई ऋणको सम्पूर्ण साँवा व्याज रकम बुझाउन ल्याउन आदेश दिने,
* तोकिएको अवधीभित्र ऋणको साँवा व्याज बुझाउन नल्याएमा ऋणीको तर्फबाट धितोमा राखिएको वा नराखिएको अन्य चल अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
* ऋणीले धितो नराखेको वा त्यस्तो धितो राखेको चल अचल सम्पत्तिले साँवा व्याज खाम्न नसक्ने भएमा जमानीकर्ताको जमानीको हदसम्म चल अचल सम्पत्ति कब्जा गर्ने,
* ऋणी वा जमानीकर्ताको कब्जा गरिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने,
* बिशेष ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नुपर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखिदिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।

ऐन बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली भइसकेपछि असुली भएको ऋण रकमको १ (एक) प्रतिशत रकम ऋण असुली शुल्क वापत सम्बन्धित बैंक तथा वित्तीय संस्थाले न्यायाधिकरणलाई बुझाउनु पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाले त्यसरी ऋण असुली शुल्क बुझाउँदा निजले उजुरी निवेदन दर्ता गर्दाका बखत बुझाएको अग्रीम ऋण असुली शुल्क बापतको रकम कटाई बाँकी रकम मात्र बुझाउनु पर्ने व्यवस्था छ।

१.१.१० पुनरावेदन सम्बन्धी व्यवस्थाः

ऐनको दफा १९ बमोजिम न्यायाधिकरणको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि उतार गरेको पन्ध्र दिनभित्र तोकिएको पुनरावेदन दस्तुर तिरी सम्बन्धित पुरावेदन न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ। ऋणीले पुनरावेदन गर्दा

न्यायाधिकरणको निर्णय बमोजिम असुलउपर गर्नु पर्ने ठहर रकमको ३० (तीस) प्रतिशत रकम धरौटी वापत नगद जम्मा गर्नु पर्ने ऐनको दफा २२ मा व्यवस्था छ।

१.१.११ अवहेलनामा कारवाही चलाउन सक्नेः

न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने व्यवस्था ऐनको दफा ३० मा रहेको छ। न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ।

तर, न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई कुनै सजाय नगरी क्षमा दिन वा सजाय तोकिसकेको भए सो सजाय घटाउन वा माफ गर्न वा सजाय मुलतवी राखी तोकेको शर्त पालना भएमा सजाय कार्यान्वयन नगर्न आदेश दिन सक्ने व्यवस्था समेत रहेको छ।

भाग- २
न्यायाधिकरणबाट सम्पादन भएका कार्यहरुको विवरण

२.१ न्यायिक निरोपणसंग सम्बन्धित क्रियाकलापहरुः-

प्रतिवेदनको यस खण्डमा आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म न्यायाधिकरणबाट सम्पन्न गरेका न्यायिक निरोपणसँग सम्बन्धित क्रियाकलापहरुको उल्लेख गरिएको छ।

(क) **मुद्दा दर्ता संख्याः-**

आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म दर्ता भएका मुद्दाहरुको संख्या देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसारको मुद्दा दर्ता संख्या			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	४४	२४	३०	९८
२०७१/०७२	६१	४९	५३	१६३
२०७२/०७३	८१	३३	५१	१६५
२०७३/०७४	७७	२५	११	११३
२०७४/०७५	२६५	५६	४५	३६६



(ख) **मिलापत्र संख्याः-**

आ.व.२०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म मिलापत्र भएका मुद्दाहरुको संख्या देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्र भएका मुद्दाहरुको संख्या			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	४	१	-	**५**
२०७१/०७२	७	-	४	**११**
२०७२/०७३	६	३	६	**१५**
२०७३/०७४	१०	४	१२	**२६**
२०७४/०७५	५	३	५	**१३**



(ग) **निर्णय संख्याः-**

आ.व.२०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म निर्णय भएका मुद्दाहरुको संख्या देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार मुद्दाहरुको निर्णय संख्या			खारेज	तामेली	मिलापत्र	जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग				
२०७०/०७१	९	-	३	-	१	५	१८
२०७१/०७२	३०	७	७	६	१	११	६२
२०७२/०७३	६०	२८	३९	६	३	१५	१५१
२०७३/०७४	६५	३२	४२	-	५	२६	१७०
२०७४/०७५	५६	२०	१५	३	-	१३	१०७



(घ) **निर्णय कार्यान्वयन संख्याः-**

आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म निर्णय कार्यान्वयन भएका मुद्दाहरुको संख्या देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसारको निर्णय कार्यान्वयन संख्या			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	३५	-	४	**३९**
२०७१/०७२	६०	-	१९	**७९**
२०७२/०७३	४३	५	४	**५२**
२०७३/०७४	८७	२३	३३	**१४३**
२०७४/०७५	३७	७	९	**५३**



(ङ) **मुल्तवी संख्याः-**

आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म मुल्तवीमा रहेका मुद्दाहरुको संख्या देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसारको मुल्तवीमा रहेका मुद्दाहरुको संख्या			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	-	-	-	-
२०७१/०७२	-	-	-	-
२०७२/०७३	२८	१	७	३६
२०७३/०७४	७	-	-	७
२०७४/०७५	-	-	-	-



(च) **तामेली/लगत कट्टा संख्याः-**

आ.व.२०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म तामेली/लगत कट्टा भएका मुद्दाहरुको संख्या देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार तामेली भएका मुद्दाहरुको संख्या			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	-	-	-	-
२०७१/०७२	-	-	-	-
२०७२/०७३	७५	१	७	८३
२०७३/०७४	७६	३	५	८४
२०७४/०७५	३७	७	९	५३



(छ) **मिलापत्र र ऋण असुली रकमः-**

आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म मुद्दा विचाराधिन रहेकै अवस्थामा मुद्दा शाखाबाट मुद्दा तामेली भई उठेको र निर्णय कार्यान्वयनको क्रममा ऋण असुली शाखाबाट उठेको कूल ऋण असुली रकमको विवरण देहाय बमोजिम रहेको छः-

(अ) **मिलापत्रबाट असुल भएको रकम सम्बन्धी विवरणः-** आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्मको मिलापत्रबाट असुल भएको ऋण असुली रकमको विवरण देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्रद्वारा असुली रकमको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	-	-	-	-
२०७१/०७२	-	-	-	-
२०७२/०७३	२०४९६७४९९५.१६	०.००	७९४६८७०६.९४	२१२९१४३७०२.१
२०७३/०७४	३४५३८३७८२६.३९	१८३५४४८७.६८	१३७६६६८५.१४	३४८५९५८९९.२१
२०७४/०७५	११४५६७६४३३.३९	६९९०५४२८.३	२५०३३८२५७.३	१४६५९२०११८.९९



(आ) निर्णय कार्यान्वयनबाट ऋण असुली भएको रकम सम्बन्धी विवरणः-

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्र रकमको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	२५२७११६६.५८	१६८२११९.२३	-	२६९५३२८५.८१
२०७१/०७२	-	-	-	-
२०७२/०७३	१३४०३९१२५	२०४८१५४५३	२४८३०५३३	३६३६८५१११
२०७३/०७४	४४४५३२२९६	४४४०१३८३	९४४२५६८०	५८३३५९३५९
२०७४/०७५	११४८४६१७७.६०	६४०८७४७९.८२	२०७१३४२६.५३	१९९६४७०८३.९५



(ज) **मिलापत्र दस्तुर तथा ऋण असुली शुल्क सम्बन्धी विवरणः**

(अ) **मिलापत्र दस्तुरः-** आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म मिलापत्र दस्तुरको विवरण देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार मिलापत्र दस्तुरको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	८८०४६.२७	४६६०.७२	-	९२७०६.९९
२०७१/०७२	-	-	-	-
२०७२/०७३	४८२७१२	५७९५७२	५३६९७	१११५९८१
२०७३/०७४	१३७५४४४	१३९१२५	३०५१६१	१८१९७३०
२०७४/०७५	५७४२३२.९७	३८२०७०.१३	१०८६३९.६०	१०६४९४२.७०



(आ) **अग्रीम ऋण असुली शुल्क वापतको रकमः-** आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्ममा उजुरी निवेदन दर्ता गर्न ल्याउँदा बैंक तथा वित्तीय संस्थाहरुले राखेको कूल दावी रकमको ०.२५% अग्रीम ऋण असुली शुल्कको विवरण देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार ऋण असुली शुल्क (०.२५%) को विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	३४३५९८०.८१	३२८१९३.६१	९५८००८.८४	४७२२१८३.२६
२०७१/०७२	३३६५३१६.९६	१२८९६६९.०८	९४२३६८.९१	५५९७३५४.९५
२०७२/०७३	५९४६४१६.३२	१९९४५०२.७६	११०६४४६.४६	९०४७३६५.५४
२०७३/०७४	४२३४९९५.४७	४६६५२१.०९	१७८६२३.००	४८८०१३९.५६
२०७४/०७५	८५६४०५१.६७	१५२०४५.८०	१३९९९३.४३	८८५६०९०.९०



(इ) **ऋण असुली शुल्कः-** आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म निर्णय कार्यान्वयनको क्रममा असुली शाखाबाट उठेको ऋण असुली शुल्कको विवरण देहाय बमोजिम रहेको छः-

आ.व.	बैंकको वर्ग अनुसार ऋण असुली शुल्कको विवरण			जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	
२०७०/०७१	६२७९२१४.७७	०.००	८२०२७.६६	६३६१२४२.४३
२०७१/०७२	२९३१४२७०.०६	०.००	२९९५९८.७६	२९६१३८६८.८२
२०७२/०७३	१९०५५६६२.७२	०.००	६५५८७५.६	१९७११५३८.३२
२०७३/०७४	२९७३१४०२.०८	१४५२५६.८८	११७९९५.९१	२९९९४६५४.८७
२०७४/०७५	११२५१३९९.५९	१८५९४५५.६१	६६१८८३.००	१३७७२७३८.२०



२.२ बजेट कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरु

(क) आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म नेपाल सरकारबाट विनियोजित बजेटको अधीनमा रही यस न्यायाधिकरणबाट सञ्चालित न्यायाधिकरणमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि, न्यायाधिकरणबाट सम्पादित कार्यको समीक्षा तथा बैंक तथा वित्तीय संस्थाका शाखा प्रवन्धक (Branch Manager) तथा ऋण असुलीमा कार्यरत अधिकृतसंग सम्बन्धित कार्यक्रमहरुः-

क्र.स	मिति	स्थान	विषय	सहभागी संख्या	कैफियत
१	२०७०/०५/१५	विराटनगर	ऋण असुली न्यायाधिकरण र संस्थागत कर्जा लगानी सम्वन्धी विवाद समाधान तालिम	१५	बैंक तथा वित्तीय संस्थाका BM/ DRO हरुसंग
२	२०७०/०८/२८-३०	काभ्रे	दक्षता अभिवृद्धी एवं पुनः ताजगी कर्मचारी तालिम	२४	न्यायाधिकरणमा कार्यरत कर्मचारीहरुसंग

(ख) आ.व. २०७१/०७२ मा सम्पन्न गोष्ठी कार्यक्रमहरु

क्र.स	मिति	स्थान	विषय	सहभागी संख्या	कैफियत
१	२०७१/०७/२८	काभ्रे	ऋण असूली सम्बन्धमा मूल्याङ्कन तथा कार्यशाला ब्यवस्थापन गोष्ठी	२२	न्यायाधिकरणमा कार्यरत कर्मचारीहरुसंग

(ग) आ.व. २०७२/०७३ मा सम्पन्न गोष्ठी कार्यक्रमहरु

क्र.स	मिति	स्थान	विषय	सहभागी संख्या	कैफियत
१	२०७२/०७/२१	काभ्रे	ऋण असुली सम्बन्धमा मूल्याङ्कन तथा व्यवस्थापन गोष्ठी	२१	न्यायाधिकरणमा कार्यरत कर्मचारीहरुसंग
२	२०७२/०८/२५	सिन्धुली	ऋण असुली सम्बन्धमा सरोकारहरुसंग चेतना अभिबृद्धी कार्यक्रम	२५	बैंक तथा वित्तीय संस्थाका BM/ DRO हरुसंग

३	२०७३/०२/२३	कञ्चनपुर	ऋण असुली सम्बन्धमा सरोकारहरुसंग चेतना अभिबृद्धी कार्यक्रम	२७	"
४	२०७३/०२/२४	नेपालगन्ज	ऋण असुली सम्बन्धमा सरोकारहरुसंग चेतना अभिबृद्धी कार्यक्रम	२७	"
५	२०७३/०२/२५	वुटवल	ऋण असुली सम्बन्धमा सरोकारहरुसंग चेतना अभिबृद्धी कार्यक्रम	२१	"
६	२०७३/०३/१९	धनकुटा	ऋण असुली सम्बन्धमा सरोकारहरुसंग चेतना अभिबृद्धी कार्यक्रम	२३	"

(घ) आ.व. २०७३/०७४ मा सम्पन्न गोष्ठी कार्यक्रमहरु

क्र.स	मिति	स्थान	विषय	सहभागी संख्या	कैफियत
१	२०७३/०७/२८	काभ्रे	समिक्षा गोष्ठी	१७	न्यायाधिकरणमा कार्यरत कर्मचारीहरुसंग
२	२०७३/१०/२७	विरगन्ज	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	३३	बैंक तथा वित्तीय संस्थाका BM/DRO हरुसंग
३	२०७३/११/१७	इलाम	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	२९	"
४	२०७४/०१/०८	पोखरा	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	२८	"
५	२०७४/०२/१४	नेपालगन्ज	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	२८	"
६	२०७४/०२/१६	धनगढी	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरु संग अन्तरक्रिया	३३	"
७	२०७४/०३/१८	काभ्रे	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा ऐन नियम परिमार्जित सम्वन्धी अन्तरक्रिया	२९	"

(ङ) आ.व. २०७४/२०७५ मा सम्पन्न गोष्ठी कार्यक्रमहरु

क.स	मिति	स्थान	विषय	सहभागी संख्या	कैफियत
१	२०७४/०४/२८	काभ्रे	समीक्षा गोष्ठी	२९	न्यायाधिकरणमा कार्यरत कर्मचारीहरुसंग
२	२०७४/०५/१६	दोलखा	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	३४	बैंक तथा वित्तीय संस्थाका BM/DRO हरुसंग
३	२०७४/०७/२१	ताप्लेजुङ	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	३१	"
४	२०७४/१०/२३	जनकपुर	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	३४	"
५	२०७४/१२/१५	दाङ	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	४४	"
६	२०७५/०१/१६	जुम्ला	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	३३	"
७	२०७५/०२/०९	नुवाकोट	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा ऐन नियम परिमार्जित सम्वन्धी अन्तरक्रिया	३७	"
८	२०७५/०२/३०	म्याग्दी	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	४२	"
९	२०७५/०३/१०	डडेलधुरा	बैक तथा वित्तीय संस्थाहरुको ऋण असुली सम्बन्धमा सरोकारहरुसंग अन्तरक्रिया	३४	"

भाग-३

जनशक्ति व्यवस्थापन

३.१ सदस्यहरुको नियुक्ति र कार्य अवधी सम्बन्धी विवरणः

आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म यस न्यायाधिकरणमा नियुक्त एवं अवकास भएका अध्यक्ष तथा सदस्यहरुको विवरण देहाय बमोजिम रहेको छः-

(क) आ.व. ०७०/०७१ अवकाश विवरणः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१	अध्यक्ष	श्री गोकुलप्रसाद बुर्लाकोटी	२०७०/०९/१९	पदावधि समाप्त
२	बैंकिङ्ग सदस्य	श्री ज्योतीप्रसाद कंडेल	२०७०/०८/२८	पदावधि समाप्त
३	लेखा सदस्य	श्री जगतप्रकाश भट्ट	२०७०/०९/२६	पदावधि समाप्त

(ख) आ.व. ०७१/०७२ नियुक्ति विवरणः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१	अध्यक्ष	श्री शेरजङ्ग कार्की	२०७१/०९/१६	हाजिर हुनु भएको
२	बैंकिङ्ग सदस्य	श्री उपेन्द्र बहादुर कार्की	२०७१/०९/१६	हाजिर हुनु भएको
३	लेखा सदस्य	श्री रामसेवक प्रसाद चौधरी	२०७१/०९/१६	हाजिर हुनु भएको

(ग) आ.व. ०७२/०७३ अवकाश/सरुवा विवरणः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१	अध्यक्ष	श्री शेरजङ्ग कार्की	२०७३/०३/२४	बढुवा भई जानु भएको
२	लेखा सदस्य	श्री रामसेवक प्रसाद चौधरी	२०७२/१०/२५	मृत्य भएको

(घ) आ.व. ०७३/०७४ मा नियुक्ती विवरणः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१	अध्यक्ष	श्री मान बहादुर अर्याल	२०७३/०४/०३	
२	लेखा सदस्य	श्री जयदेव श्रेष्ठ	२०७३/०४/१३	

३.२ कर्मचारीहरुको नियुक्ति, सरुवा र बढुवा सम्बन्धी विवरणः

आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्म यस न्यायाधिकरणमा नियुक्ति एवं सरुवा, बढुवा भएका कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छः-

(क) आ.व. २०७०/०७१ मा भएका नियुक्ति, सरुवा र बढुवाः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	ऋण असुली अधिकृत	श्री सुमन दाहाल	२०७१/०३/११	सरुवा भएको
२.	श्रेस्तेदार	श्री रुद्र प्रसाद सुवेदी	२०७०/११/०५	सरुवा भएको
३.	शाखा अधिकृत	श्री शिव कुमार पोखरेल	२०७०/११/०५	सरुवा भएको
४.	शाखा अधिकृत	श्री सुरेन्द्र भट्टराई	२०७०/०९/११	सरुवा भएको
५.	ना.सु.	श्री ठूलोबाबु खड्का	२०७०/०९/०९	सरुवा भएको
६.	ना.सु.	श्री भोलानाथ भण्डारी	२०७०/०९/०८	सरुवा भएको
७.	ना.सु.	श्री सन्तोषराज कटुवाल	२०७०/०९/२६	सरुवा भएको

(ख) आ.व. २०७१/०७२ मा भएका नियुक्ति, सरुवा र बढुवाः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	ना.सु.	श्री ध्रुव प्रसाद सुवेदी	२०७१/०६/०१	बढुवा भै जानुभएको
२.	ना.सु.	श्री विनय फूयाँल	२०७१/०७/२४	सरुवा भएको

(ग) आ.व. २०७२/०७३ मा भएका नियुक्ति, सरुवा र बढुवाः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	ऋण असुली अधिकृत	श्री अस्मान तामाङ्ग	२०७३/०२/१८	सरुवा भएको
२.	शाखा अधिकृत	श्री उमा गौतम	२०७२/१०/०१	सरुवा भएको
३.	लेखापाल	श्री देव बहादुर के.सी.	२०७३/०३/३०	सरुवा भएको
४.	ना.सु.	श्री राधेश्याम घिमिरे	२०७२/०८/०१	सरुवा भएको
५.	ना.सु.	श्री दीर्घराज भण्डारी	२०७२/०३/२९	सरुवा भई आएको
६.	डिठ्ठा	श्री चित्र बहादुर डाँगी	२०७२/०९/०६	सरुवा भई आएको
७.	तामेलदार	श्री राजकुमार भट्ट	२०७२/०१/२०	काज
८.	तामेलदार	श्री महेश्वर कार्की	२०७२/०१/२८	काज
९.	तामेलदार	श्री मिनराज पन्थी	२०७२/०२/१७	सरुवा भएको
१०.	तामेलदार	श्री शम्भु प्रसाद भट्ट	२०७२/०३/२९	काज फिर्ता
११.	तामेलदार	श्री अनिल कुमार श्रेष्ठ	२०७२/०८/०१	सरुवा भई आएको
१२.	तामेलदार	श्री राजेन्द्र कुमार के.सी.	२०७२/०८/१०	सरुवा भई आएको

(घ) आ.व. २०७३/०७४ मा भएका नियुक्ति, सरुवा र बढुवाः-

क.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	श्रेस्तेदार	श्री भेषराज कोईराला	२०७३/१२/१७	सरुवा भई आएको
२.	लेखापाल	श्री पिताराम खड्का	२०७३/०८/१६	सरुवा भई आएको
३.	ना.सु.	श्री प्रकाश पराजुली	२०७३/०९/०३	सरुवा भई आएको
४.	ना.सु.	श्री होम प्रसाद आचार्य	२०७३/०८/०८	सरुवा भई आएको
५.	ना.सु.	श्री कृष्णहरी उपाध्याय	२०७३/०८/१२	सरुवा भई आएको
६.	ना.सु.	श्री सरला शर्मा	२०७३/१२/०१	सरुवा भई आएको
७.	सहलेखापाल	श्री उमेश भण्डारी	२०७३/११/०३	सरुवा भई आएको
८.	डिट्ठा	श्री ईश्वरी प्रसाद सुवेदी	२०७३/११/१०	काज सरुवा भई आएको
९.	क.अ.	श्री अर्जुन पोखेल	२०७३/१०/२७	काज सरुवा भई गएको
१०.	डिट्ठा	श्री चित्र बहादुर डाँगी	२०७३/१२/०१	काज सरुवा भई गएको

(ङ) आ.व. २०७४/०७५ मा भएका नियुक्ति, सरुवा र बढुवाः-

क.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	डिट्ठा	श्री ईश्वरी प्रसाद सुवेदी	२०७४/१०/२	काज फिर्ता भएको
२.	तामेल्दार	श्री राजेन्द्र कुमार के.सी.	२०७५/३/१	बढुवा भै जानु भएको
३.	डिट्ठा	श्री चित्र बहादुर डाँगी	२०७५/३/७	बढुवा भै जानु भएको
४.	कम्प्यूटर अपरेटर	श्री मन्जु नेपाल (अर्याल)	२०७५/२/१४	बढुवा भै जानु भएको

३.३ तालीम/गोष्ठी तथा अध्ययन भ्रमणमा सहभागिता सम्बन्धी विवरणः

आ.व. २०७०/०७१ देखि आ.व. २०७४/०७५ सम्म स्वदेश तथा विदेशमा सञ्चालित तालिम/गोष्ठी तथा अध्ययन भ्रमणमा सहभागी हुनु भएका न्यायाधिकणका सदस्य तथा न्यायधिकरणमा कार्यरत कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छः-

(क) आ.व. २०७०/०७१ मा सहभागी हुनेको विवरणः-

क.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	श्रेस्तेदार	श्री देव कुमार श्रेष्ठ	२०७०/१२/२२	चीन भ्रमणमा जानुभएको

(ख) आ.व.२०७१/०७२ मा सहभागी हुनेको विवरणः-

क.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	क.अ.	श्री मन्जु नेपाल	२०७१/०९/१७	राजश्व तालिम केन्द्र हरीहरभवन ललितपुर स्थित राजश्व प्रशासन सहायक स्तरीय तालीममा सहभागी

(ग) आ.व.२०७२/०७३ मा सहभागी हुनेको विवरणः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	ना.सु.	श्री तेज बहादुर बरुवाल	२०७२/०६/१२ - २०७२/०७/२४	कर्मचारी प्रशिक्षण प्रतिष्ठान व्यवस्थापन कार्यालय विषयक सेवाकालिन तालिम
२.	ना.सु.	श्री मन्जु अधिकारी	२०७२/०५/२०	सेवाकालिन तालिममा सहभागी
३.	क.अ.	श्री मन्जु नेपाल	२०७२/०६/१२ - २०७२/०७/२४	कार्यालय व्यवस्थापन विषयक सेवाकालिन तालिममा सहभागी भएको
४.	क.अ.	श्री अर्जुन पोखेल	२०७२/०५/३० - २०७२/०६/२९	कार्यालय व्यवस्थापन विषयक सेवाकालिन तालीममा सहभागी

(घ) आ.व.२०७३/०७४ मा सहभागी हुनेको विवरणः-

क्र.सं.	पद	नाम, थर	मिति	कैफियत
१.	अध्यक्ष	श्री मान बहादुर अर्याल	२०७३/०४/२९ - २०७३/०५/२९	चीन भ्रमण
२.	श्रेस्तेदार	श्री देव कुमार श्रेष्ठ	२०७३/११/३० - २०७३/१२/१०	दक्षिण कोरिया भ्रमण

३.४. आ.व. २०७४/०७५ मा बहाल रहेका न्यायाधिकरणका अध्यक्ष तथा सदस्य र कार्यरत कर्मचारी सम्बन्धी विवरणः

आ.व. २०७४/०७५ मा बहाल रहेका न्यायाधिकरणका र कार्यरत कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छः-

क्र.सं.	पद	नाम थर	श्रेणी	सेवा	समूह
१	अध्यक्ष	श्री मानबहादुर अर्याल	अध्यक्ष		
२	बैंकिङ्ग सदस्य	श्री उपेन्द्र बहादुर कार्की	बैंकिङ्ग सदस्य		
३	लेखा सदस्य	श्री जयदेव श्रेष्ठ	लेखा सदस्य		
४	ऋण असुली अधिकृत	रिक्त	रा.प.द्वितीय	प्रशासन	सा. प्रशासन
५	श्रेस्तेदार	श्री भेषराज कोइराला	रा.प.तृतीय	न्याय	न्याय
६	शाखा अधिकृत	रिक्त	रा.प.तृतीय	प्रशासन	सा. प्रशासन
७	नायब सुब्बा	श्री तेज बहादुर बरुवाल	रा.प.अनं.प्रथम	प्रशासन	सा. प्रशासन
८	नायब सुब्बा	श्री सरला शर्मा	रा.प.अनं.प्रथम	प्रशासन	सा. प्रशासन
९	नायब सुब्बा	श्री प्रकाश पराजुली	रा.प.अनं.प्रथम	न्याय	न्याय
१०	नायब सुब्बा	श्री होम प्रसाद आचार्य	रा.प.अनं.प्रथम	न्याय	न्याय

११	नायब सुब्बा	श्री कृष्णहरी उपाध्याय	रा.प.अनं.प्रथम	न्याय	न्याय
१२	नायब सुब्बा	श्री देवराज दाहाल	रा.प.अनं.प्रथम	न्याय	न्याय
१३	सिकर्मी (ना.सु.)	श्री राजु गुरुङ्ग	रा.प.अनं.प्रथम	शिक्षा	पुरातत्व
१४	कम्प्युटर अपरेटर	श्री मन्जु नेपाल (अर्याल)	रा.प.अनं.प्रथम	प्रशासन	विविध
१५	कम्प्युटर अपरेटर	श्री अर्जुन पोखेल_हाल काजमा	रा.प.अनं.प्रथम	प्रशासन	विविध
१६	लेखापाल	श्री घनश्याम उपाध्याय	रा.प.अनं.प्रथम	प्रशासन	लेखा
१७	सहलेखापाल	श्री उमेश भण्डारी	रा.प.अनं.द्वितीय	प्रशासन	लेखा
१८	डिठ्ठा	श्री निरञ्जन उप्रेती	रा.प.अनं.द्वितीय	न्याय	न्याय
१९	तामेलदार	श्री प्रमोद प्रसाद उप्रेती	रा.प.अनं.द्वितीय	न्याय	न्याय
२०	तामेलदार	रिक्त	रा.प.अनं.द्वितीय	न्याय	न्याय
२१	तामेलदार	रिक्त	रा.प.अनं.द्वितीय	न्याय	न्याय
२२	कम्प्युटर अपरेटर	श्री दिब्यश्वरी कोइराला	रा.प.अनं.प्रथम	करार	-
२३	कम्प्युटर अपरेटर	श्री राजु महर्जन	रा.प.अनं.प्रथम	करार	-
२४	कम्प्युटर अपरेटर	श्री संगिता कपाली	रा.प.अनं.द्वितीय	करार	-
२५	कम्प्युटर अपरेटर	श्री मुना श्रेष्ठ	रा.प.अनं.द्वितीय	करार	-
२६	ह.स.चा.	श्री गोपाल वस्ती	श्रेणी विहीन	करार	-
२७	ह.स.चा.	श्री खडानन्द पौडेल	श्रेणी विहीन	करार	-
२८	ह.स.चा.	श्री गौतम कार्की	श्रेणी विहीन	करार	-
२९	ह.स.चा.	श्री किरण महर्जन	श्रेणी विहीन	करार	-
३०	ह.स.चा.	श्री रामहरी कँडेल	श्रेणी विहीन	करार	-
३१	कार्यालय सहयोगी	श्री निरज भण्डारी	श्रेणी विहीन	करार	-
३२	कार्यालय सहयोगी	श्री विष्णु के.सी.	श्रेणी विहीन	करार	-
३३	कार्यालय सहयोगी	श्री सुवास थेवे	श्रेणी विहीन	करार	-
३४	कार्यालय सहयोगी	श्री दिपेश जमरकट्टेल	श्रेणी विहीन	करार	-
३५	कार्यालय सहयोगी	श्री वालिका अधिकारी	श्रेणी विहीन	करार	-
३६	कार्यालय सहयोगी	श्री दिपा गिरी	श्रेणी विहीन	करार	-
३७	स्वीपर	श्री रमेश पोडे	श्रेणी विहीन	करार	-

भाग-४
मुख्य उपलव्धी र चुनौतीहरु

४.१ मुख्य उपलव्धीहरुः

प्रतिवेदन अवधि (आ.व. २०७०/७१-२०७४/०७५) मा न्यायाधिकरणबाट देहाय बमोजिमका मुख्य उपलव्धीहरु हासिल भएका छन्ः-

(क) न्यायाधिकरण स्थापना पश्चात् आ.व. २०७४/७५ को अन्तसम्ममा ३१०१ मुद्दाको कारवाही र किनारा भईसकेका छन्। ती मुद्दाहरु मध्ये ३०७३ मुद्दाहरुबाट आ.व. २०७४/०७५ सम्म रु.१७,१८,८८,१०,९१६।- (अक्षेरपी सत्र अर्ब अठार करोड अठासी लाख दश हजार नौ सय सोह्र मात्र) बैंक तथा वित्तीय संस्थाहरुको ऋण असुली भईसकेको छ भने प्रतिवेदन अवधिमा रु.८,२५,४६,६७,६६०।- (अक्षेरपी आठ अर्व पच्चीस करोड छयालीस लाख सतसठ्ठी हजार छ सय साठ्ठी मात्र) रकम असुलउपर गरी वादी बैंक तथा वित्तीय संस्थालाई दिलाएको।

(ख) प्रतिवेदन अवधिमा मिलापत्र, निर्णय कार्यान्वयन तथा अन्य दैदस्तुरबाट रु.१४,४८,६१,२९०।- (अक्षेरपी चौध करोड अठचालीस लाख एकसठ्ठी हजार दुई सय नब्बे रुपैयाँ मात्र) राजश्व समेत असुली भएको।

(ग) वि.सं. २०६० साल असारमा बैंक तथा वित्तीय संस्थाको समग्र खराब कर्जा २८.६८ प्रतिशत रहेकोमा आ.व. २०७४।०७५ को अन्तसम्म खराब कर्जा २% भन्दा कम रहेको सन्दर्भमा खराब कर्जालाई वाञ्छित सीमामा राख्न यस न्यायाधिकरणबाट सहयोगीको भूमिका निर्वाह भएको।

(घ) प्रतिवेदनको अवधिभरमा विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखा प्रवन्धक तथा ऋण अधिकृत गरी ९६९ जनासंग ऋण असुलीको प्रभावकारिता सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरी न्यायाधिकरणको पहुँच अभिवृद्धि गरिएको।

४.२ मुख्य चुनौतीहरुः

यस न्यायाधिकरणबाट निर्णय भई कार्यान्वयनको चरणमा रहेका ५१९ थान मुल्तवीमा रहेका मुद्दाबाट रु.८,५०,५८,९५,९३४।- (अक्षेरपी आठ अर्ब पचास करोड अन्ठाउन्न लाख पन्चानब्बे हजार नौ सय चौतीस रुपैयाँ) र चालु मुद्दा ४०९ थानबाट रु.१८,६३,५१,८९,९९५।- (अक्षेरपी अठार अर्ब त्रिसठ्ठी करोड एकाउन्न लाख उनानब्बे हजार नौ सय पन्चानब्बे रुपैयाँ मात्र) असुलउपर गर्न बाँकी छ। यसरी हेर्दा आ.व.

२०७४/०७५ को अन्तसम्ममा ९२८ थान मुद्दाबाट रु.२७,१४,१०,८५,९२९।- (अक्षरेपी सत्ताईस अर्ब चौध करोड दश लाख पचासी हजार नौ सय उनन्तीस मात्र) असुलउपर गराउन बाँकी रहेको छ।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी काम कारवाही प्रभावकारीरुपमा सम्पादन गर्न न्यायाधिकरणले देहायका चुनौतीहरुको सामना गर्नु परेको छः-

(क) बैंक तथा वित्तीय संस्थाले ऋणको सुरक्षण वापत धितोमा लिएको चल अचल सम्पत्ति कमशल रहेको वा कब्जामा लिन नसकिएको,

(ख) धितो लिलाम बिक्रीको कारवाही गर्दा विभिन्न तहको अदालतबाट अन्तरिम वा यथास्थितिमा राख्ने आदेश भएको कारण लिलाम बिक्री गर्न नसकिएको,

(ग) बैंक तथा वित्तीय संस्थाबाट धितोमा रहेको सम्पत्तिको संरक्षण र पहिचान गर्न नसकिएको,

(घ) ऋणी तथा जमानतकर्ताको चल अचल सम्पत्ति फेला पार्न नसकिएको,

(ङ) ऋणी तथा व्यक्तिगत जमानतकर्ताको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्न कतिपय बैंक वा वित्तीय संस्था अनिच्छुक रहेको कारण गैर बैंकिङ्ग सम्पत्तिको रुपमा दाखिल खारेज गर्ने कार्य हुन नसकेको,

(च) कतिपय बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाह गर्दा ऋण तिर्न सक्ने क्षमता नहेरी जमानतकर्ता राखेको कारणबाट जमानतकर्ताबाट ऋण असुल गर्ने कार्य प्रभावकारीरुपमा हुन नसकेको र,

(छ) सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेशको कारण न्यायाधिकरणको श्रेस्तेदारले नै ऋण असुली अधिकृतको जिम्मेवारी समेत वहन गर्न परिरहेको र दोहोरो जिम्मेवारीको कारण ऋण असुली सम्बन्धी कार्यमा पर्याप्त रुपमा ध्यान दिन नसकिएको।

भाग-५
महत्वपूर्ण केही निर्णयहरु

यस भागमा न्यायाधिकरणबाट उल्लिखित आ.व. मा भएका केही महत्वपूर्ण निर्णयहरु देहाय बमोजिम रहेका छन्।

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोकुलप्रसाद बुर्लाकोटी

बैंकिङ्ग सदस्य : श्री ज्योतिप्रसाद कर्णेल

लेखा सदस्य : श्री जगतप्रकाश भट्ट

निर्णय

सम्वत् २०६७ को उजुरी निवेदन द.नं. १०१-०६७-६१०

निर्णय नं. ३

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः
का.जि.का.म.न.पा.वडा नं. १ हात्तिसार स्थित नेपाल एस.वि.आई. बैंक लिमिटेडका तर्फबाट अख्तियार प्राप्त प्रबन्ध संचालक वर्ष ५२ को एन.के. चारी १

प्रतिवादीको नाम, थर र वतनः
नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०१९ सालको प्रा.लि.नं. ०१९।१२३ मा दर्ता भई जिल्ला, मोरङ्ग विराटनगर न.पा. वडा नं. १९ मा कम्पनीको रजिष्टर्ड कार्यालय रहेको अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि...........................१

प्रेम सुख दासको नाति, नवरङ्ग राय अग्रवालको छोरा, ऐ. कम्पनीको संचालक तथा जमानीकर्ता वर्ष ४६ को पवन कुमार लोहिया....................... १

पवनकुमार लोहियाको श्रीमती तथा ऐ. कम्पनीको संचालक वर्ष ४२ की स्मृति लोहिया १

रामकुमार तपाडियाको नाति, सिताराम तपाडियाको छोरा, विराटनगर उ.म.न.पा. १९ बस्ने जमानीकर्ता पुरुषोत्तम तपाडिया १

रघुनन्दन प्रसाद गुप्ताको नाति, जगदिश प्रसाद गुप्ताको छोरा, बिराटनगर उ.म.न.पा. १९ बस्ने

जमानीकर्ता रमेश कुमार गुप्ता १
रामगोपालजीको नाति, आनन्दी लालजीको छोरा, बिराटनगर उ.म.न.पा. १९ बस्ने जमानीकर्ता शिवप्रसाद गुप्ता १
प्रेम सुख दासको छोरा, कोलकत्ता १९ घर भई रानी विराटनगर बस्ने नवरंग रोय अग्रवाल १

निवेदकको साक्षीः ×

निवेदकको कागजः

(क) मिति २४।४।१९९८,६।२।२००१, ३।९।२००१, १९।१०।२००१, १।२।२००२ र १०।४।२००३ को कर्जा स्वीकृतिको निर्णय।

(ख) मिति ३।५।१९९८, ७।२।२००१, ३।९।२००१, १९।१०।२००१ र १।२।२००२ को प्रोमिसरी नोट।

(ग) मिति २०५७।१०।२५,२०५८।५।१८, २०५८।७।३ र २०५८।१०।१९ को कर्जा तमसुक।

(घ) मिति २०५५।१।२२ को धितो दृष्टिबन्धक लिखत।

(ङ) मिति ७।२।२००१, ३।९।२००१, १९।१०।२००१ र १।२।२००२ को व्यक्तिगत जमानीको लिखत।

(च) कर्जा चुक्ता गर्न आउने बारेको मिति १४।१०।२००३ र २०६४।२।१८ को ताकेता पत्र।

(छ) कर्जा चुक्ता गर्न आउने बारेको मिति २०६७।१०।९ र ६।११।२००६ को नेपाल समाचार पत्रमा प्रकाशित ७ दिने सूचना।

(ज) मिति २०६४।५।४ को राजधानीमा प्रकाशित धितो लिलाम बिक्रीसम्बन्धी सूचना।

(झ) धितो लिलाम बिक्रीसम्बन्धी मिति

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

(क) उजुरी निवेदनको प्रकरण नं. २ धितो तथा जमानतको विवरणमा उल्लेख भए बमोजिम जमानी दिने व्यक्ति, मिति र रकम समेत खुलेको जमानीको लिखत अनुसारको अलग अलग रकम तथा मिति देखिने विवरण र सो अनुसारको जमानीको लिखत।

(ख) ऐ. को प्रकरण नं. ३ को खण्ड (घ) मा उल्लेख भए अनुसार रु.९१,११,२५३।- मा सकार गरेको सम्पत्तिको पूर्ण विवरण तथा सोको कर्जा लगानी र सकार गर्दाका बखत गरिएको मूल्याङ्कन।

(ग) उजुरी निवेदनको प्रकरण नं. १ मा उल्लिखित कर्जा लगानी विवरण अनुसारको कर्जा तमसुक तथा प्रोमिसरी नोट।

(घ) मागदावी मितिसम्मको मागदावी रकमसंग मेलखाने, आंशिक प्राप्त भएको र धितो सकार वापतको रकम मिलान गरेको समेत देखिने सिस्टम अनुसारको लेजर उतार र सोको सारांश विवरण।

(ङ) प्रतिवादी पवनकुमार लोहियाको प्रतिउत्तर पत्रको प्रकरण नं. ५ को खण्ड (ख), (ग) र (छ) का सम्बन्धमा वादीको प्रतिकृया।

२०६६।३।३० को मुचुल्का।

(ञ) मिति १५।१।२००९ र १७।४।२००९ को निरीक्षण प्रतिवेदन।

(च) धितो खरीदका लागि सबै बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र र बोलपत्र स्वीकृतिको निर्णयसमेत संलग्न रहेको धितो लिलाम बिक्रीको लागि बोलपत्र आह्वानसम्बन्धी सम्पूर्ण कागजात र सोसम्बन्धी सक्कल फाइल (इजलासमा देखाई फिर्ता लैजाने गरी)।

(छ) सबै बोलपत्रदाताहरुको नागरिकताको प्रमाणपत्र।

(ज) वादी बैंकबाट देहायमा लेखिए बमोजिमका कागजात/विवरणहरुको प्रमाणित प्रतिलिपि मिति २०७०।२।१३ भित्र पेश गर्न लगाई वादी पवनकुमार लोहिया समेत र प्रतिवादी एस.वि.आई. बैंक भई मोरङ्ग जिल्ला, अदालतमा दायर भएको २०६३ सालको दे.द.नं. १२२३ को लिलाम बदर मुद्दा कुन अवस्थामा छ (सो अदालतबाट र यिनै वादी र प्रतिवादी भई सर्वोच्च अदालतमा दायर भएको २०६६ सालको रिट नं. WO।001 को परमादेश मुद्दा कुन अवस्थामा छ) सो अदालतबाट बुझी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७०।१।२९ को आदेश।

१. मिति २०६८।१२।७ को आदेशबाट माग भए बमोजिम धितो खरीदका लागि सबै बोलपत्र दाताहरुले पेश गरेको बोलपत्र र बोलपत्र स्वीकृतिको निर्णय समेत संलग्न रहेको धितो लिलाम बिक्रीको लागि बोलपत्र आह्वान सम्बन्धी सम्पूर्ण कागजात र सोसम्बन्धी सक्कल फाइल (इजलासमा देखाई फिर्ता लैजाने गरी)।

२. कर्जा लगानीको निमित्त मिति २०५७।१०।२४ र २०५८।५।१८ R S Bhagat and Associates को प्रतिवेदनमा मिल मिसिनरीको क्रमशः

रु.८,७८,४२,४६२।९६ र रु.६५,६३,२६६।५० समेत जम्मा मूल्याङ्कन रु.९,४४,०५,७२९।४६ उल्लेख भएकोमा मिति २०६३।६।३० (१६।१०।२००६) मा मेरीकन कन्सल्टेन्टस्ले गरेको मूल्याङ्कनमा Market Fair Value रु.२,१७,२६,०००।- उल्लेख भएको देखिँदा कुन आधारमा मूल्याङ्कन घटाई रु.९१,११,२५३।- मा टेण्डर स्वीकृत गरिएको हो? सो सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया।

३. धितो लिलाम बिक्रीबाट प्राप्त रु.९१,११,२५३।- घटाएको समेत देखिने मागदावी मितिसम्मको स्पष्ट लेजर उतार।

(झ) मिति २०६८।१२।७ र २०७०।१।२९ को आदेशबाट माग भए बमोजिम धितो खरीदका लागि सबै बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र र बोलपत्र स्वीकृतिको निर्णयसमेत संलग्न रहेको धितो लिलाम बिक्रीको लागि बोलपत्र आह्वान सम्बन्धी सम्पूर्ण कागजात र सो सम्बन्धी सक्कल फाइल (इजलासमा देखाई फिर्ता लैजाने गरी)।

(ञ) वादी बैंकको मिति २०७०।२।२० को निवेदनसाथ पेश भएको लेजर उतार मागदावी मितिसँग मेल खाएको नदेखिँदा कर्जा लगानी मितिदेखि मागदावी मिति २०६७ असोज मसान्त (१७ अक्टोबर २०१०) सम्मको कर्जा लगानी, साँवा, ब्याज, असुली तथा त्रैमासिक ब्याज गणना समेत देखिने स्पष्ट हस्तलिखित। कम्प्यूटरीकृत लेजर उतार।स्टेटमेन्ट।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

मुद्दाको संक्षिप्त तथ्यः

१. जाली, लेस, जरमी, सुती, नाइलन कपडा उत्पादन गरी खरिद बिक्री गर्ने उद्देश्यले स्थापना भएको विपक्षी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.ले सो प्रा.लि.का नाउँमा रहेको मौज्दात चल सम्पत्ति हाइपोथिकेट गरी दिनुका साथै विपक्षीहरु नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया, पवनकुमार लोहिया र शिव प्रसाद गुप्ताबाट व्यक्तिगत जमानीको लिखत समेत गरी दिई क्यास क्रेडिट एल.सी. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी १५ प्रतिशत ब्याजदरमा मिति २४।४।१९९८ मा रु.३,५०,००,०००।-, क्यास क्रेडिट, टि. आर. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी १२.५, ११ र ११.५ प्रतिशत ब्याजदरमा मिति ६।२।२००१ मा रु.३,५०,००,०००।-, क्यास क्रेडिट टि. आर. र एल.सी. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी ११, ९ र १० प्रतिशत ब्याजदरमा मिति ३।९।२००१ मा रु.७,५०,००,०००।-, क्यास क्रेडिट टि. आर. र एल.सी. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी ११, ९ र ९.५ प्रतिशत ब्याजदरमा मिति १९।१०।२००१ मा रु.७,५०,००,०००।- र ओभरड्राफ्ट कर्जा शीर्षकबाट १ महिनासम्ममा भुक्तानी गर्ने गरी १२.२५ प्रतिशत ब्याजदरमा मिति १।२।२००२ मा रु.५,००,०००।- कर्जा लगानी पुनसंरचना तथा पुनरतालिकीकरण भई मिति १।२।२००२ तदनुसार मिति २०५८।१०।१९ सम्ममा जम्मा रु.७,५५,००,०००।- कर्जा प्रवाह भएको थियो। विपक्षीले सम्झौता बमोजिम कर्जाको साँवा ब्याज चुक्ता नगरेकोले मिति २०६३।७।२० मा द इकोनोमिक टाइम पत्रिकामा १५ दिने सूचना प्रकाशन तथा मिति २०६३।१२।२४ मा मिलापत्रको प्रस्ताव गरिएकोमा सोको पालना नभएका कारण कर्जा चुक्ता गर्न पटक पटक पत्राचार गर्दा समेत कर्जा चुक्ता गर्न नआएकोले धितो लिलाम बिक्री गर्न मिति २०६४।५।४ को राजधानी दैनिकमा सूचना प्रकाशित गरी सोबाट प्राप्त रकम रु.९१,११,२५३।- कर्जा हिसाब मिलान गरिएको थियो। यसरी यथेष्ठ छलफल तथा क्रियाकलाप गरी पर्याप्त कार्यवाही गर्दा समेत कर्जा चुक्ता हुन नसकेकोले मिति २०६७ साल असोज मसान्तसम्मको एकमुष्ठ साँवा ब्याज रु.१०,३३,६०,१७८।५८ र मुद्दाको अन्तिम किनारा भई भरि भराउ हुने दिनसम्मको वार्षिक १३.५ प्रतिशतका दरले हुन आउने साँवा ब्याज लगायत सम्पूर्ण साँवा ब्याज र अन्य दस्तुर समेत विपक्षी प्रा.लि. तथा व्यक्तिगत जमानी दिने जमानीकर्ता र संचालक तथा शेयर होल्डरहरु समेतबाट असुलउपर गरी दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी बैंकको मिति २०६७।१२।७ को उजुरी निवेदन।

२. प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.का नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला मोरङ्ग विराटनगर उप.म.न.पा. वडा नं. १२ कि.नं. ५९ क्षे.फ. ०-४-१७, कि.नं. ६० क्षे.फ. ०-४-१, कि.नं. ८१ क्षे.फ. ०-३-९, कि.नं. ५१ क्षे.फ. ४-११-१३, कि.नं. ६३ क्षे.फ. १-६-८, कि.नं. ६४ क्षे.फ. ०-१-५, कि.नं. ६५ क्षे.फ. ०-२-८, कि.नं. ८४ क्षे.फ. ०-१७-१७, कि.नं. ६१ क्षे.फ. ०-१३-१६, कि.नं. २८ क्षे.फ. १-२-५, कि.नं. ५६ क्षे.फ. ०-०-११, कि.नं. ५४ क्षे.फ. ०-२-११, कि.नं. ५५ क्षे.फ. ०-०-१०, कि.नं. ५२ क्षे.फ. ०-७-१० र ऐ.ऐ. वडा नं.

१३ कि.नं. ५४ क्षे.फ. ०-१०-५ का घर/जग्गा निवेदकको माग बमोजिम अर्को आदेश वा व्यवस्था नभएसम्मको लागि दोहोरो रोक्का राख्न बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १६ बमोजिम यो अन्तरिम आदेश जारी गरी दिएको छ। अतः उक्त घर/जग्गा राष्ट्रिय वाणिज्य बैंकबाट रोक्का फुकुवा भएपछि अर्को आदेश वा व्यवस्था नभएसम्मको लागि कसैलाई हक हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी सोको जानकारी यस न्यायाधिकरणलाई तीन दिनभित्र पठाउनु भनी मालपोत कार्यालय मोरङ्ग, बिराटनगरलाई लेखी नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०६८।३।२४ को अन्तरिम आदेश।

३. उजुरी निवेदनमा उल्लेखित दावी हचुवा एवं तथ्यहीन रहेको छ, मिति २०६३।१२।२४ मा रु.२,६४,४६,५००।- बुझाई कर्जा मिनाहा गर्ने सहमति अनुरुप रु.१ करोड बुझाई सकेकोमा विपक्षीले एकतर्फी रुपमा सहमति भंग गरी संचालनमा रहेको मिल मेसिनरी पाटपर्जा जेनेरेटर लगायतका रु.८,७८,४२,४६२।९६ मूल्य कायम भएका सामानहरु हामीलाई जानकारी नै नदिई रु.९१,११,२५३।- मा बिक्री गरेको हुँदा तथ्यहीन गैर कानूनी एवं सहमति विपरीतको उजुरी निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादीहरु पवनकुमार लोहिया र स्मृती लोहियाको मिति २०६८।९।८ को संयुक्त प्रतिउत्तर पत्र।

४. प्रतिवादीहरु अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि., नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया र शिवप्रसाद गुप्ताका नाउँमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले सो म्यादभित्र प्रतिउत्तर नफिराई म्यादै गुजारी बसेको देखिन्छ।

५. यस न्यायाधिकरणबाट भएको विभिन्न मितिको आदेश अनुसार वादीबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिल संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

६. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकार क्षेत्रभित्र पर्ने भई साप्ताहिक र दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकतर्फका विद्वान अधिवक्ताद्वय श्री रामराज शिवाकोटी र उत्तमराज पाठकले प्रस्तुत मुद्दामा आदेश बमोजिम सहितका सबै प्रमाण कागजात पेश भएको र सम्पूर्ण रीत तथा प्रक्रिया पूरा भई अङ्ग समेत पुगी सकेकाले उजुरी मागदावी बमोजिम नै मुद्दा किनारा गरी विपक्षीबाट बैंकको लेना रकम असुलउपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

७. यसमा बहस सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा न्यायाधिकरणले मुख्यतः देहायका प्रश्नहरुमा केन्द्रित रही निर्णय गर्नुपर्ने देखियोः-

(१) वादीले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ को दफा १४(७) ले गरेको व्यवस्था अनुरुपको प्रक्रिया पूरा गरे वा नगरेको र,

(२) वादी दावी पुष्टि हुने वा नहुने, यदी भएमा वादी बैंकले प्रतिवादीहरुमध्ये क-कसबाट के कति रकम कसरी भराई पाउने।

८. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.ले क्यास क्रेडिट एल.सी. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी १५ प्रतिशत ब्याजदरमा मिति २४।४।१९९८ मा रु.३,५०,००,०००।-, क्यास क्रेडिट, टि. आर. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी १२.५, ११ र ११.५ प्रतिशत ब्याजदरमा मिति ६।२।२००१ मा रु.३,५०,००,०००।-, क्यास क्रेडिट टि. आर. र एल.सी. कर्जा शीर्षकबाट १ वर्षम्ममा भुक्तानी गर्ने गरी ११, ९ र १० प्रतिशत ब्याजदरमा मिति ३।९।२००१ मा रु.७,५०,००,०००।-, क्यास क्रेडिट, टि. आर. र एल.सी. कर्जा शीर्षकबाट १ वर्षसम्ममा भुक्तानी गर्ने गरी ११, ९ र ९.५ प्रतिशत ब्याजदरमा मिति १९।१०।२००१ मा रु.७,५०,००,०००।- र ओभरड्राफ्ट कर्जा शीर्षकबाट १ महिनासम्ममा भुक्तानी गर्ने गरी १२.२५ प्रतिशत ब्याजदरमा मिति १।२।२००२ मा रु.५,००,०००।- कर्जा लगानी, पुनसंरचना तथा पुनरतालिकीकरण भई मिति १।२।२००२ तदनुसार मिति २०५८।१०।१९ सम्ममा जम्मा रु.७,५५,००,०००।- कर्जा लिएपछि कर्जाको शर्त अनुसार चुक्ता गर्नुपर्ने साँवा ब्याज नतिरी नबुझाई बसेकोले कर्जा चुक्ता गर्न आउनु भनी वादी बैंकले प्रतिवादीलाई लेखेको मिति २०६४।२।१८ र १४।१०।२००३ को ताकेता पत्र, कर्जा चुक्ता गर्न आउने बारेको मिति २०६७।१०।९ र ६।११।२००६ को नेपाल समाचार पत्रमा प्रकाशित ७ दिने सूचना, मिति २०६४।५।४ को राजधानीमा प्रकाशित धितो लिलाम बिक्रीसम्बन्धी सूचना, धितो लिलाम बिक्रीसम्बन्धी मिति २०६६।३।३० को मुचुल्का र मिति १५।१।२००९ र १७।४।२००९ को निरीक्षण प्रतिवेदन समेतका कागजात मिसिल संलग्न रहेबाट वादीले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४(७) ले गरेको व्यवस्था अनुरुपको प्रक्रिया पूरा गरेको पुष्टि हुन आउँछ।

९. दोश्रो प्रश्नको सम्बन्धमा दृष्टिगत गर्दा, प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.ले कर्जा लिंदा वादी बैंकका नाममा गरी दिएको मिति ३।५।१९९८, ७।२।२००१, ३।९।२००१, १९।१०।२००१ र १।२।२००२ को प्रोमिसरी नोट, मिति २०५७।१०।२५, २०५८।५।१८, २०५८।७।३ र २०५८।१०।१९ को कर्जा तमसुक, मिति २०५५।१।२२ को धितो दृष्टिबन्धक लिखत, मिति ७।२।२००१, ३।९।२००१, १९।१०।२००१ र १।२।२००२ को व्यक्तिगत जमानीको लिखत र वादी बैंकबाट प्राप्त भएको कर्जा हिसाबको लेजर उतार तथा बैंक स्टेटमेण्ट समेतबाट निज प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि. र वादी बैंकबीच कर्जा लिनु दिनु भएको देखिन आयो। अव प्रतिवादीहरुमध्ये क-कसबाट के कति रकम के कसरी भराई दिने भनी निर्क्यौल गर्नु भन्दा अगाडि प्रतिवादीको प्रतिउत्तर जिकीर पुग्ने वा नपुग्ने भन्ने तर्फसमेत बोल्नु पर्ने हुन आयो।

१०. उजुरी निवेदनमा उल्लेखित दावी हचुवा एवं तथ्यहीन रहेको छ, मिति २०६३।१२।२४ मा रु.२,६४,४६,५००।- बुझाई कर्जा मिनाहा गर्ने सहमति अनुरुप रु.१ करोड बुझाई सकेकोमा विपक्षीले एकतर्फी रुपमा सहमति भंग गरी संचालनमा रहेको मिल मेसिनरी पार्टपर्जा जेनेरेटर लगायतका रु.८,७८,४२,४६२।९६ मूल्य कायम भएका सामानहरु हामीलाई जानकारी नै नदिई

रु.९१,११,२५३।- मा बिक्री गरेको हुँदा तथ्यहीन गैर कानूनी एवं सहमति विपरीतको उजुरी निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादीहरु पवनकुमार लोहिया र स्मृती लोहियाको मिति २०६८।९।८ को संयुक्त प्रतिउत्तर जिकीरका सम्बन्धमा विचार गर्दा वादीबाट मागदावी लिई आएको लेना बाँकी साँवा ब्याज मुताविकको स्टेटमेण्ट पेश हुन आएको देखिएको, सम्झौतामा उल्लिखित सहमति मुताविकका र्सतहरु उल्लंघन भएमा वा संझौतामा उल्लिखित शर्तहरुको पालना हुन नगएमा सो सम्झौताले निरन्तरता पाईराख्छ भन्न नमिल्ने, धितोमा रहेको सम्पत्ति डाँक बढाबढद्वारा लिलाम बिक्री गरेको देखिएको, त्यस्तो सम्पत्ति प्रति वर्ष मूल्य ह्रास हुने प्रकृतिका रहेको हुँदा वादीबाट भएको लिलाम बिक्रीको कार्यलाई गैर कानूनी भन्न नमिल्ने र कर्जा लिए दिएको तथा कर्जा तिर्न बाँकी रहेको कुरा यी प्रतिवादीहरुले स्वीकार गरेको नै देखिँदा तथ्यहीन गैर कानूनी एवं सहमति विपरीतको उजुरी निवेदन खारेज गरी पाउँ भन्ने निज प्रतिवादीहरुको उपरोक्त प्रतिउत्तर जिकीरसंग सहमत हुन सकिएन।

११. प्रस्तुत मुद्दामा माथि विवेचित आधार एवं मिसिलसंलग्न प्रमाण कागजातहरुबाट प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.ले सोही प्रा.लि.का नाउँमा रहेको मौज्दात चल सम्पत्ति हाइपोथिकेट गरी दिनुका साथै प्रतिवादीहरु नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया, पवनकुमार लोहिया र शिव प्रसाद गुप्ताबाट व्यक्तिगत जमानीको लिखत समेत गरी दिई वादी बैंकबाट कर्जा लिएको कुरा पुष्टि हुन आएको र उक्त हाइपोथिकशनमा रहेका मालसामानहरु वादीले लिलाम बिक्री गरी कर्जा हिसाबमा समायोजन गरे पश्चात् लेना बाँकी रहेको रकम दावी लिई आएको देखिँदा प्रतिवादीले चुक्ता नगरेको वादी बैंकको लेना रकम यस न्यायाधिकरणबाट वादी बैंकलाई प्रथमतः प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.को चल अचल जायजेथाबाट भराई दिनु पर्ने देखिन आयो। यसरी भराउँदा यस न्यायाधिकरणको मिति २०६८।३।२४ को अन्तरिम आदेश मुताविक दोहोरो रोक्का रहेको प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.का नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला मोरङ्ग विराटनगर उप.म.न.पा. वडा नं. १२ कि.नं. ५९ क्षे.फ. ०-४-१७, कि.नं. ६० क्षे.फ. ०-४-१, कि.नं. ८१ क्षे.फ. ०-३-९, कि.नं. ५१ क्षे.फ. ४-११-१३, कि.नं. ६३ क्षे.फ. १-६-८, कि.नं. ६४ क्षे.फ. ०-१-५, कि.नं. ६५ क्षे.फ. ०-२-८, कि.नं. ८४ क्षे.फ. ०-१७-१७, कि.नं. ६१ क्षे.फ. ०-१३-१६, कि.नं. २८ क्षे.फ. १-२-५, कि.नं. ५६ क्षे.फ. ०-०-११, कि.नं. ५४ क्षे.फ. ०-२-११, कि.नं. ५५ क्षे.फ. ०-०-१०, कि.नं. ५२ क्षे.फ. ०-७-१० र ऐ.ऐ. वडा नं. १३ कि.नं. ५४ क्षे.फ. ०-१०-५ का घर/जग्गा यस अघि नै राष्ट्रिय वाणिज्य बैंक र आन्तरिक राजश्व कार्यालयबाट समेत रोक्का रहेको देखिँदा ती निकायहरुबाट भएको रोक्का फुकुवा भएपछि वा प्रथमाधिकार राख्ने ती निकायहरुको लेना असुल भई बाँकी हुन आएमा सोबाट भराई दिनु पर्ने र सोबाट समेत वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नपुग जति रकम व्यक्तिगत जमानीकर्ता प्रतिवादीहरु पवनकुमार लोहिया, नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया र शिवप्रसाद गुप्ताको चल अचल जायजेथाबाट निजहरुले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही प्रचलित कानून बमोजिम भराई दिनु पर्ने देखिन आयो। प्रतिवादी स्मृती लोहियाको

दायित्व निजले लिन कबोल गरेको शेयर रकमको अधिकतम हदसम्म सीमित हुने देखिन आयो। मुद्दाको अन्तिम किनारा लागी भरिभराउ हुने दिनसम्मको लागि के कति ब्याज लगाउने भन्ने सम्बन्धमा विचार गर्दा वादी बैंकबाट शुरु मागदावीमा सो अवधिका लागि साधारण ब्याज १३.५ प्रतिशतका दरले भराई पाउन माग भई आएको देखिँदा मिति २०६७।७।१ देखि फैसला कार्यान्वयन हुने दिनसम्मका लागि वादी बैंककै माग बमोजिम वार्षिक १३.५ प्रतिशतका दरले साँवा ब्याज भराई दिनु पर्ने हुन आयो।

१२. तसर्थ, वादी नेपाल एस.बि.आई. बैंक लिमिटेडले प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.बाट २०६७ साल असोज मसान्तसम्म असुल गर्न बाँकी देखिएको एकमुष्ठ साँवा ब्याज रु.१०,३३,६०,१७८।५८ र मिति २०६७।७।१ देखि निर्णय मिति अर्थात् मिति २०७०।४।२९ सम्म जम्मा दिन १०३१ को वार्षिक १३.५ प्रतिशतका दरले हुन आउने ब्याज रु.३,९४,१४,२०९।४६ समेत गरी कूल रु.१४,२७,७४,३८८।०४ (अक्षरेपी चौंध करोड सत्ताईस लाख चौहत्तर हजार तीन सय अठासी रुपैयाँ चार पैसा मात्र) वादी नेपाल एस. बि. आई. बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.को जायजेथाबाट माथि प्रकरण नं. ११ मा उल्लेख भए बमोजिम भराई दिनु पर्ने र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नपुग जति रकम व्यक्तिगत जमानीकर्ता प्रतिवादीहरु पवनकुमार लोहिया, नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया र शिवप्रसाद गुप्ताको चल अचल जायजेथाबाट निजहरुले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही प्रचलित कानून बमोजिम भराई दिनु पर्ने ठहर्छ। प्रतिवादी स्मृती लोहियाको दायित्व निजले लिन कबोल गरेको शेयर रकमको अधिकतम हदसम्म सीमित हुने देखिन आयो। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी नेपाल एस.बि.आई. बैंक लिमिटेडले भराई पाउने ठहरिएको कुल रु.१४,२७,७४,३८८।०४ र उक्त रकममा भरी भराउ हुने दिनसम्मको वार्षिक १३.५ प्रतिशतका दरले हुन आउने व्याज रकम समेतको हिसाव गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २५ तथा २६, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा अन्य प्रचलित कानून बमोजिम वादी बैंकलाई प्रथमतः प्रतिवादी अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि.को जायजेथाबाट माथि प्रकरण नं. ११ मा उल्लेख भए बमोजिम भराई दिनु र सोबाट वादी बैंकको लेना रकम असुल हुन नसकेमा असुल हुन नपुग जति रकम व्यक्तिगत जमानीकर्ता प्रतिवादीहरु पवनकुमार लोहिया, नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया र शिवप्रसाद गुप्ताको चल अचल जायजेथाबाट निजहरुले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही प्रचलित कानून बमोजिम भराई दिनु..............१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादीहरु अशोक टेक्सटाईल इण्डष्ट्रिज प्रा.लि., नवरगं रोय अग्रवाल, रमेशकुमार गुप्ता, पुरुषोत्तम तपाडिया र शिवप्रसाद गुप्ताले प्रतिउत्तर नफिराई म्याद गुजारी बसेकाले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन। यो निर्णयामा चित्त नबुझे प्रतिवादीहरु पवनकुमार लोहिया र स्मृती लोहियालाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु ३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी वा सराई लान दिनु...४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फांटमा बुझाई दिनु...............................५

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ८ को निर्णय श्रीमान् अध्यक्ष तथा सदस्यज्यूले बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाईप गर्ने संगिता कपाली।

फाँटवाला ना.सु.ः राधेश्याम घिमिरे।

इति सम्वत् २०७० साल श्रावण महिना २९ गते रोज ३ शुभम्...........................

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री गोकुलप्रसाद बुर्लाकोटी
बैंकिङ्ग सदस्य : श्री ज्योतिप्रसाद कणेल
लेखा सदस्य : श्री जगतप्रकाश भट्ट

निर्णय

सम्वत् २०६४ को उजुरी निवेदन द.नं. १०१-०६४-१६५७

निर्णय नं. ५

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. ३१ स्थित एन.सि.सि. बैंक (साविक नेपाल बैंक अफ सिलोन लि.) मुख्य शाखा कार्यालयको तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ५५ को रत्नराज बज्राचार्य १

प्रतिवादीको नाम, थर र वतनः

उद्योग विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रा.फ.नं. ७१५७।०४१ अन्तर्गत दर्ता भएको का.जि.का.म.न.पा. वडा नं. ९(ग)-२५३ बत्तीसपुतलीमा कारखाना रहेको तथा ऐ. "भी नर्सिङ कुञ्ज" न्यूप्लाजा काठमाडौंमा सम्पर्क कार्यालय रहेको महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिज १

का.जि.का.म.न.पा. वडा नं. १३ स्थित महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर मोहनलालको नाति, नरसिंह लाल इनानीको छोरा, का.जि.का.म.न.पा. वडा नं. १ बस्ने वर्ष ५३ को बृज गोपाल इनानी (इनाणी) १

निवेदकको साक्षीः ×

निवेदकको कागजः

(क) मिति ३१।१०।२००० को कर्जा नवीकरण माग।
(ख) मिति १५।८।२०००, २९।८।२००० र ५।९।२००१ को प्रोमिसरी नोट।
(ग) मिति २०५८।५।२० को कर्जा तमसुक।
(घ) मिति १५।८।२००० र २९।८।२००० को व्यक्तिगत जमानीको लिखत।
(ङ) मिति २०५८।६।१०, २०५८।७।२६, २०५८।७।२७, २०५८।७।२८ र २०५८।९।२३ को मालपोत कार्यालयको रोक्का पत्र।

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

(क) उजुरी निवेदनको प्रकरण नं. ६ मा उल्लिखित २०६५ असार मसान्तसम्मको लेना बाँकी साँवा ब्याज रु.२१,७०,५४,२८७।९३ मध्ये कुन-कुन कर्जा शीर्षक अन्तर्गत के कति साँवा ब्याज बाँकी रहन गएको हो? कर्जा शीर्षक अनुसार साँवा ब्याजको छुट्टा-छुट्टै विवरण।

(च) मिति ५।९।२००१ को जनरल लेटर अफ हाइपोथिकेशन।

(छ) कर्जा चुक्ता गर्न आउने बारेको मिति २५।७।२००१, २२।१०।२००१, १२।११।२००१, २२।११।२००१, २०६५।२।२६ र २०६५।३।८ को ताकेता पत्र।

(ज) कर्जा चुक्ता गर्न आउने बारेको मिति २०५९।४।२६ र २०६१।१२।४ को नेपाल समाचारपत्रमा प्रकाशित ३५ दिने सूचना।

(झ) मिति २०६२।२।१५ र २०६५।२।२२ को नेपाल समाचार पत्र र गोरखापत्रमा प्रकाशित धितो लिलाम बिक्रीसम्बन्धी सूचना।

(ञ) मिति २०६५।३।५ को धितो लिलाम बिक्रीसम्बन्धी मुचुल्का।

(ख) उजुरी निवेदनको प्रकरण नं. ३ मा हाइपोथिकेशन गरिएको रु.७,०९,३२,०९७।६० बराबरको मालसामानको विवरण र उक्त मालसामानको कर्जा लगानीको क्रममा र धितो लिलामीको प्रयोजनार्थ गरिएको मूल्याङ्कन प्रतिवेदन।

(ग) लिलाम बिक्रीबाट प्राप्त रु.२१ लाख र धितो सकारबाट प्राप्त रु.८० लाख कर्जा हिसावमा मिलान गरिएको समेत देखिने मागदावी मितिसम्मको कर्जा शीर्षक अनुसारको छुट्टा-छुट्टै लेजर उतार।

(घ) स्पष्ट र पूर्ण विवरण देखिने मिति २०५८।५।२० को तमसुक।

(ङ) उजुरी निवेदनको प्रकरण नं. १ मा उल्लिखित प्रत्येक कर्जाको कर्जा माग आवेदनपत्र, कर्जा स्वीकृतिको निर्णय उतार र तमसुक/प्रोमिसरी नोट।

(च) मिति २०६८।२।९ आदेश नं. २ बाट माग भए बमोजिम हाइपोथिकेशन गरिएको रु.७,०९,३२,०९७।६० बरावरको सामानको मूल्याङ्कन सम्बन्धमा वादी बैंकको मिति २०६८।२।७ को पत्रमा कर्जा लगानीको क्रममा र धितो लिलामीको प्रयोजनार्थ मूल्याङ्कन नगरिएको भन्ने उल्लेख भएको र सोही पत्रमा लिलाम बिक्रीबाट प्राप्त रु.२१ लाख कर्जा हिसावमा मिलान गरिएको भन्ने उल्लेख भएको देखिँदा उक्त रु.७,०९,३२,०९७।६० को सामान कुन आधारमा रु.२१ लाखमा लिलाम बिक्री गरिएको हो? सो सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया सहित सो पुष्टी हुने प्रमाण कागजात।

(छ) वादी बैंकको मिति २०६८।२।७ को पत्रमा धितो सकारबाट प्राप्त रु.८० लाख कर्जा हिसावमा मिलान गरिएको भन्ने उल्लेख भएको

देखिँदा कुन-कुन धितो के कति मूल्यमा सकार गरिएको हो? सोको विवरण र उक्त धितोको कर्जा लगानी पूर्वको मूल्याङ्कन प्रतिवेदन।

(ज) वादी बैंक तथा प्रतिवादीबाट देहायमा लेखिए बमोजिमका कागजात/विवरणहरुको प्रमाणित प्रतिलिपि मिति २०६८।८।२६ भित्र वारेसमार्फत पेश गर्न लगाई नियमानुसार गर्नु।

वादीबाटः-

१. रु.७,०९,३२,०९७।६० को ८१२ वटा थान मेसिनहरु मध्ये कुन कुन मेसिन कति-कति मूल्यमा लिलाम बिक्री भएको हो? सोको स्पष्ट विवरण सहितको प्रतिकृया।

प्रतिवादीबाटः-

१. वादी बैंकको मिति २०६८।०७।२० को पत्रमा "कर्जा भुक्तानीको के कस्तो प्रकृया अवलम्बन गर्ने भन्ने कुनै ठोस प्रस्ताव र प्रतिवद्धता ऋणीबाट यस बैंकलाई हालसम्म प्राप्त भएको छैन, उपयुक्त प्रस्ताव प्राप्त भएमा सहमति कायम गरी अगाडी बढ्न बैंक सकारात्मक रहेको" भनी उल्लेख भएको देखिँदा मिलापत्रको निमित्त प्रतिवादीको तर्फबाट कुनै ठोस प्रस्ताव भए सो सहितको प्रतिकृया।

(झ) प्रतिवादी बृज गोपाल इनानीको प्रतिउत्तरपत्रको प्रकरण नं. ३ को खण्ड (क) को नं. (१) र प्रकरण नं. ६ का सम्बन्धमा वादीको प्रतिकृया।

(ञ) वादी र राष्ट्रिय वाणिज्य बैंकबीच मिति २०६२।२।१२ मा भएको सहमति पत्र। कर्जा सुरक्षणस्वरुप धितोमा रहेको कुन-कुन मेसिनहरु राष्ट्रिय वाणिज्य बैंकलाई दिईएको हो? सोको स्पष्ट विवरण।

(ट) प्रतिवादी महालक्ष्मी गार्मेन्ट इण्डष्ट्रिजका प्रो. बृजगोपाल इनानीको प्रतिउत्तर पत्रको प्रकरण नं. ५ को खण्ड (ट) का सम्बन्धमा

वादीको प्रतिकृया।

(ठ) वादीले धितोमा लिएको कपडा/मिलमेसिनरीहरुको कर्जा लगानी गर्दा कति मूल्याङ्कन गरिएको थियो ? सो विवरण र धितो लिलामी कारवाही गर्दा नेपाल समाचार पत्रमा प्रकाशित मिति २०६५।२।२२ को सूचनामा मेशिन तथा सामानहरु र तयारी अवस्थाका कपडाको संख्या, परिणाम तथा न्यूनतम मूल्य उल्लेख भएको नदेखिँदा कुन आधारमा लिलाम बिक्री सकार गरिएको हो? ती सबै सामानहरुको किसिम, संख्या र मूल्य समेत खुलाईएको विवरण।

(ड) प्रतिवादी महालक्ष्मी गार्मेन्ट इण्डष्ट्रिजका तर्फबाट मिति २०६९।८।१७ मा पेश भएको पत्रमा वादी बैंकसित रु.६,५०,००,०००।- मा ऋण राफसाफ गर्ने सहमति भएको भन्ने उल्लेख भएको देखिँदा मिलापत्र हुन सक्ने/नसक्ने सम्बन्धमा वादी बैंकको स्पष्ट प्रतिकृया मिति २०६९।१०।८ भित्र पेश गर्न लगाई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०६९।९।२२ को आदेश।

(ढ) उजुरी निवेदनको प्रकरण नं. १ मा उल्लेखित कर्जा लगानीको विवरणमा TOD, Over Draft, Forced Loan, Pad Loan, Bill Purchase भनी उल्लेख भएकोमा ऐ. को प्रकरण नं. ६(क) को मागदावी खण्डमा एकमुष्ठ साँवा ब्याज रु.२१,७०,५४,२८७।९३ उल्लेख भएको देखिँदा उक्त मागदावी कुन-कुन कर्जा शीर्षकको के कति साँवा ब्याज हो स्पष्ट नभएकोले कर्जा शीर्षक अनुसारको छुट्टा-छुट्टै साँवा ब्याज देखिने विवरण र सोसंग मेल खाने मागदावी मिति २०६५ असार मसान्तसम्मको लेजर उतार/बैंक स्मेटमेण्ट।

(ण) मागदावी मितिदेखि फैसला कार्यान्वयन हुने दिनसम्मको ब्याजदर।

(त) बिल पर्चेज कर्जा शीर्षकको स्टेटमेन्ट।

(थ) Pad Loan र Bill Purchase कर्जासँग सम्बन्धित L/C डकुमेण्ट्स लगायतका कागजात।

(द) मिति २०६८।२।९ समेतको आदेशबाट माग भए बमोजिम वादी बैंकको मिति २०६८।२।७ को पत्रमा हाइपोथिकेशन गरिएको सामानको मूल्याङ्कन सम्बन्धमा हाइपोथिकेशन गरिएका सामानहरुको धितो लिलाम बिक्रीको प्रयोजनार्थ मूल्याङ्कन नगरिएको भनी उल्लेख भएको देखिँदा लिलाम गर्दाका बखत विद्यमान रहेका ती सबै सामानहरुको विवरणका साथै लिलाम बिक्री गर्नु पूर्व कुन आधारमा कसरी सामानको मूल्य कायम गरिन्छ? सो सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया।

(ध) प्रतिवादीबाट देहायका कागजात पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७०।०४।२८ को आदेशः

(१) प्रतिवादी बृजगोपाल इनानीको मिति २०६६।१।२० को निवेदनको प्रकरण नं. २ को खण्ड (ख) र (ग) मा सावित्रीदेवी इनानी र प्रतिवादी बृजगोपाल इनानीबीच सम्बन्ध विच्छेद भैसकेको भनी उल्लेख भएको देखिँदा सो पुष्टी हुने प्रमाण कागजात।

(२) प्रतिवादी बृजगोपाल इनानीको सोही मिति २०६६।१।२० को निवेदनको प्रकरण नं. २ को खण्ड (ङ) मा कमलकिशोर इनानीसँग अंशबण्डा भैसकेको भनी उल्लेख भएको देखिँदा प्रतिवादी बृजगोपाल इनानी र कमलकिशोर इनानीका पिताहरुकाबीच अंशबण्डा भएको पुष्टी हुने प्रमाण कागजात।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

मुद्दाको संक्षिप्त तथ्यः

१. विपक्षी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीले मिति ५।९।२००१ को सम्झौता अनुसार रु.७,०९,३२,०९७।६० मूल्यका मेशिनरीहरु तथा निर्यात गरिने सम्पूर्ण

वस्तुहरु हाइपोथिकेट गरी दिनुका साथै मिति २९।८।२००० तथा ५।९।२००१ मा रु.१०/१० करोडको र मिति १५।८।२००० मा रु.५ करोड बराबरको व्यक्तिगत जमानीको लिखत समेत गरी दिई टि.ओ.डी. कर्जा शीर्षकबाट १५.५ प्रतिशत ब्याजदरमा रु.४१,४२४।३४, ओभरड्राफ्ट कर्जा शीर्षकबाट १५.५ प्रतिशत ब्याजदरमा रु.४,९५,९९,५२६।३४, फोर्स लोन कर्जा शीर्षकबाट १६ प्रतिशत ब्याजदरमा रु.२,०९,८३०।६०, प्याड लोन कर्जा शीर्षकबाट १५.५ प्रतिशत ब्याजदरमा रु.३,८३,७५,३१९।८५ र बिल्स पर्चेज कर्जा शीर्षकबाट रु.२७,५०,०००।- कर्जा उपभोग गर्नु भएको थियो। विपक्षीले उक्त कर्जाको साँवा तथा ब्याज रकम भाखाभित्र नबुझाई कर्जा बाँकी रहन गएकोले विपक्षीलाई मिति २६।६।२००१, २५।७।२००१, २२।८।२००१ र २२।११।२००१ को पत्रबाट ताकेता र मिति २०५९।४।२६ र २०६१।१२।४ को नेपाल समाचार पत्रमा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा असुल हुन नसकेकोले कर्जाको सुरक्षणस्वरुप रहेको धितो लिलाम बिक्री गर्न मिति २०६२।२।१५ को गोरखा पत्र र मिति २०६५।२।२२ को नेपाल समाचार पत्रमा सार्वजनिक सूचना प्रकाशित गरिए बमोजिम धितो विवरणको समुह २ अन्तर्गतका सामाग्रीहरु रु.२१,००,०००।- मा लिलाम बिक्री गरिएको र धितो विवरणको समुह १ र ३ का मेसिनरी तथा फर्निचरहरु मिति २०६५।३।३१ मा गैर बैंकिङ्ग सम्पत्ति अन्तर्गत बुक गरी प्राप्त रकम कर्जामा समायोजन गरिएको थियो। यसरी धितोमा रहेको मालसामान लिलाम तथा सकार गरी कर्जामा मिलान गर्दा समेत कर्जा चुक्ता हुन नसकेकोले मिति २०६५ असार मसान्तसम्मको एकमुष्ठ साँवा ब्याज रु.२१,७०,५४,२८७।९३ र मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वियन हुने दिनसम्मको कानुन बमोजिम प्रतिशतका दरले हुन आउने साँवा ब्याज र अन्य दस्तुर समेत हिसाब गरी विपक्षी ऋणी तथा जमानीकर्ताहरुको चल अचल सम्पत्तिबाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी बैंकको मिति २०६५।३।३१ को उजुरी निवेदन।

२. यस उद्योगले १० करोड सीमाभित्रका कारोवारका लागि भवन, मेशिनरीको रु.७,०९,३२,०९७।६० मूल्याङ्कन गराई US$२,४१,०७४।४० मूल्य बराबरको अर्ध तयारी पोशाक समेत बीमा गराई धितो राखी Supplementary Agreement र कर्जा तमसुक गरी दिएको विपक्षीले मिति २०६० चैत्र मसान्तसम्मको लेना बाँकी रु.११,५८,९९,२९०।१५ रहेको जानकारी गराएको थियो। उद्योगको कारोवार बन्द गरी दिएको अवस्थामा नियमित ब्याज बुझाउने र उद्योगसंगको कारोवार सम्बन्धमा बैंकले केही नखुलाएको, २७ अगष्ट २००२ मा उद्योगसंग नयाँ सम्झौता भएको, सो अवस्थामा रु.३५,००,०००।- ब्याज चुक्ता गरेको, निकासी एल.सी. खोल्न अगावै कालोसूचीबाट हटाउनु पर्नेमा नहटाएको, धितो सुरक्षण रहेको सम्पत्ति विपक्षी बैंकले संरक्षण गर्नु पर्नेमा राष्ट्रिय वाणिज्य बैंकलाई हस्तान्तरण गरेको, कर्जा कारोवारसम्बन्धी कागजातहरुको नक्कल माग गर्दा उपलब्ध नगराएको, धितो बन्धकको कागज हेरी अ.वं. ७८ बमोजिम सद्दे किर्तेमा बयान गर्न पाउँ, साँवा ऋण रु.८,८५,६३,४१४।१९ चुक्ता गर्न सधै तयार छु, बैंक तथा वित्तीय संस्थाको ऋण असुली न्यायाधिकरण ऐन, २०५८

को दफा १४(७) प्रकृया पूरा नगरेको, मिति २०५९।५।११ को सम्झौता विपरित कालोसूचीमा राखी कारोवार नगराएको, राष्ट्रिय वाणिज्य बैंकसंग सहमतिको नाउँमा गैर कानूनी सम्झौता गरेको, उद्योग पुनः संचालन गर्न पाएमा साँवा ऋण तिर्न तयार नै रहेको हुँदा न्याय इन्साफ दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीको मिति २०६५।११।२८ को प्रतिउत्तर पत्र।

३. प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका नाउँमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजले सो म्यादभित्र प्रतिउत्तर नदिई म्यादै गुजारी बसेको देखिन्छ।

४. विपक्षी तथा विपक्षीका एकाघर सगोलका अंशियारका नाउँमा रहेका चल अचल सम्पत्तिहरु फेला पारी सम्बन्धित मालपोत कार्यालयका नाउँमा पत्राचार गरी बलात रोक्का राखेको हुनाले प्रतिवादी बृजगोपाल इनानीका नाउँको का.जि. कालिमाटी वडा नं. २/क का कि.नं. ३४४, ४४०, ५४७ र ५४६ को क्षे.फ. क्रमशः ०-६-०-०, ०-१०-३-१, ०-९-०-० तथा ०-१-३-३ का जग्गा, ऐ.का नाउँको का.जि.का.म.न.पा. डाँछी गा.वि.स. वडा नं. ९।ख स्थित कि.नं. ७० तथा १५६ को क्षे.फ. क्रमशः ५-६-३-० र ६-३-२-० जग्गा र ऐ.का नाउँको का.जि.का.म.न.पा. वडा नं. २२/क स्थित कि.नं. ३७३, २६६, २६८, ३७४, ८९, ३७२ र २६७ को क्षे.फ. क्रमशः ०-६-२, १-१-३, १-१-३, १-०-०, ०-९-३, ०-८-० र १-१-३ को जग्गा, सावित्रीदेवी इनानीका नाउँको का.जि.का.म.न.पा. वडा नं. ३२ स्थित कि.नं. १४२३ को क्षे.फ. ०-८-०-० तथा ऐ.को वडा नं. १ स्थित कि.नं. २६६५ को क्षे.फ. १-०-०-२ जग्गा र कमलकिशोर इनानीका नाउँमा दर्ता रहेको सुनसरी जिल्ला पकली गा.वि.स.वडा नं. ४ स्थित कि.नं. ७२, ४२९, ४३३, १३०, ७१ र ५८ को क्षे.फ. क्रमशः ०-०-४.५, ०-१-०, ०-०-३.५, ०-१-११, ०-०-२ र ०-०-२.५ जग्गा र ऐ.को वडा नं. ५ स्थित कि.नं. १८२ र १९६ को क्षे.फ. क्रमशः ०-२-२ र ०-१-१३ जग्गा सम्मानित न्यायाधिकरणबाट समेत कानून बमोजिम रोक्का राखी पाउँ भन्ने समेत व्यहोराको वादी बैंकको मिति २०६५।१२।१० को निवेदन।

५. प्रतिवादी बृजगोपाल इनानीका नाउँको का.जि. कालिमाटी वडा नं. २/क का कि.नं. ३४४, ४४०, ५४७ र ५४६ को क्षे.फ. क्रमशः ०-६-०-०, ०-१०-३-१, ०-९-०-०, ०-१-३-३ का जग्गा का.जि.अ. बाट लिलाम बिक्री भईसकेको, का.जि.का.म.न.पा. डाँछी गा.वि.स. वडा नं. ९।ख स्थित कि.नं. ७० र १५६ को क्षे.फ. क्रमशः ५-६-३-० र ६-३-२-० जग्गा राष्ट्रिय वाणिज्य बैंकलाई मिति २०४२।१२।८ मा दृष्टिबन्धक गरी दिएको, का.जि.का.म.न.पा. वडा नं. २२।क स्थित कि.नं. ३७३, २६६, २६८, ३७४, ८९, ३७२ र २६७ को क्षे.फ. क्रमशः ०-६-२, १-१-३, १-१-३, १-०-०, ०-९-३, ०-८-० र १-१-३ को जग्गा राष्ट्रिय वाणिज्य बैंकलाई मिति २०५५।५।२९ र २०५४।७।१ मा दृष्टिबन्धक गरी दिएको, सावित्रीदेवी इनानीका नाउँको का.जि.का.म.न.पा. वडा नं. ३२ स्थित कि.नं. १४२६ को क्षे.फ. ०-८-०-० तथा ऐ.को वडा नं. १ स्थित कि.नं. २६६५ को क्षे.फ. १-०-०-२ जग्गाका सम्बन्धमा निज सावित्रीदेवी इनानीसंग मिति २०४८ सालमा नै सम्बन्ध बिच्छेद भई मेरो श्रीमती

नरहेको र कमलकिशोर इनानीका नाउँमा दर्ता रहेको सुनसरी जिल्ला पकली गा.वि.स.वडा नं. ४ स्थित कि.नं. ७२, ४२९, ४३३, १३०, ७१ र ५८ को क्षे.फ. क्रमशः ०-०-४.५, ०-१-०, ०-०-३.५, ०-१-११, ०-०-२ र ०-०-२.५ जग्गा र ऐ.को वडा नं. ५ स्थित कि.नं. १८२ र १९६ को क्षे.फ. क्रमशः ०-२-२ र ०-१-१३ जग्गाका सम्बन्धमा मेरो बुबा र मेरा काका अर्थात् कमलकिशोर इनानीका बीचमा मिति २०३५ सालमा अंशबण्डा भईसकेको भन्ने समेत व्यहोराको प्रतिवादी बृजगोपाल इनानीको मिति २०६६।१।२० को निवेदन।

६. निवेदकले निवेदनसाथ पेश गरेको मालपोत कार्यालय कलंकीको मिति २०५८।९।२३ च.नं. २०१२ को रोक्कापत्रबाट वृजगोपाल इनानीका नाउँमा का.जि.का.म.न.पा. वडा नं. २/क कि.नं. ३४४, ४४०, ५४७ र ५४६ का जग्गाहरु नेपाल बैंक अफ सिलोन लि. बागबजारका नाउँमा रोक्का भईरहेको र निवेदनमा उल्लिखित जग्गा प्रतिवादी बृजगोपाल इनानीको नाउँमा दर्ता भएको मा.पो.का. कलंकीको उक्त पत्रबाट समेत खुल्न आएको देखिँदा उपरोक्त जग्गाहरु अर्को आदेश वा व्यवस्था नभए सम्मको लागि निवेदकको माग अनुरुप नै रोक्का राख्न बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १६ बमोजिम यो अन्तरिम आदेश जारी गरी दिएको छ। अतः प्रस्तुत मुद्दाका प्रतिवादी बृजगोपाल इनानीका नाउँको का.जि.का.म.न.पा. वडा नं. २/क कि.नं. ३४४, ४४०, ५४७ र ५४६ का जग्गा यस अघि निवेदक/वादीबाटै रोक्का रहिरहेको देखिँदा उक्त जग्गाहरु यथावत रुपमा रोक्का राखी सोको जानकारी ३ (तीन) दिन भित्र यस न्यायाधिकरणलाई पठाउनु भनी मा.पो.का. कलंकीलाई लेखी नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०६६।१२।१५ को अन्तरिम आदेश।

७. यस न्यायाधिकरणबाट मिति २०६६।१२।१५ मा भएको आदेशमा "का.जि. कालिमाटी वडा नं. २(क)" हुनुपर्नेमा "का.जि.का.म.न.पा. वडा नं. २(क)" उल्लेख हुन गएको देखिँदा अर्को आदेश र व्यवस्था नभएसम्मका लागि निवेदकको माग बमोजिम नै उपरोक्त जग्गाहरु रोक्का राख्न बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १६ बमोजिम सो अन्तरिम आदेश जारी गरिदिएको छ। अतः प्रस्तुत मुद्दाका प्रतिवादी बृजगोपाल इनानीका नाउँको माथि उल्लिखित का.जि. कालिमाटी वडा नं. २/क का कि.नं. ३४४, ४४०, ५४७ र ५४६ का जग्गाहरु यस अघि निवेदक/वादीबाटै रोक्का रहिरहेकै देखिँदा उक्त जग्गाहरु यथावत रुपमा रोक्का राखी सोको जानकारी ३ (तीन) दिन भित्र यस न्यायाधिकरणलाई पठाउनु भनी मा.पो.का. कलंकीलाई लेखी नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०६७।५।२ को अन्तरिम आदेश।

८. यस न्यायाधिकरणबाट भएको विभिन्न मितिको आदेश अनुसार वादीबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिल संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णय</u>

९. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भई सोही ऐनको दफा ३ बमोजिम यस न्यायाधिकरणको अधिकार क्षेत्रभित्र पर्ने भई साप्ताहिक र दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी

बैंकतर्फका विद्वान अधिवक्ताद्वय श्री कृष्ण थापा र वेदनाथ पहाडीले प्रस्तुत मुद्दामा आदेश बमोजिम सहितका सबै प्रमाण कागजात पेश भएको र सम्पूर्ण रित तथा प्रक्रिया पूरा भई अङ्ग समेत पुगी सकेकोले उजुरी मागदावी बमोजिम नै मुद्दा किनारा गरी विपक्षीबाट बैंकको लेना रकम असुलउपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. यसमा बहस सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा न्यायाधिकरणले मुख्यतः देहायका प्रश्नहरुमा केन्द्रित रही निर्णय गर्नुपर्ने देखियोः-

१) वादीले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ को दफा १४(७) ले गरेको व्यवस्था अनुरुपको प्रक्रिया पूरा गरे वा नगरेको र,

२) वादी दावी पुष्टि हुने वा नहुने, यदी भएमा वादी बैंकले प्रतिवादीहरुमध्ये क-कसबाट के कति रकम कसरी भराई पाउनेः

११. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीले टि.ओ.डी. कर्जा शीर्षकबाट १५.५ प्रतिशत ब्याजदरमा रु.४१,४२४।३४, ओभरड्राफ्ट कर्जा शीर्षकबाट १५.५ प्रतिशत ब्याजदरमा रु.४,९५,९९,५२६।३४, फोर्स लोन कर्जा शीर्षकबाट १६ प्रतिशत ब्याजदरमा रु.२,०९,८३०।६०, प्याड लोन कर्जा शीर्षकबाट १५.५ प्रतिशत ब्याजदरमा रु.३,८३,७५,३१९।८५ र बिल्स पर्चेज कर्जा शीर्षकबाट रु.२७,५०,०००।- कर्जा लिएपछि कर्जाको शर्त अनुसार चुक्ता गर्नुपर्ने साँवा ब्याज नतिरी नबुझाई बसेकोले कर्जा चुक्ता गर्न आउनु भनी वादीबाट प्रतिवादीलाई लेखिएको मिति २५।७।२००१, २२।१०।२००१, १२।११।२००१, २२।११।२००१, २०६५।२।२६, २०६५।३।८ र १७।५।२००४ को ताकेता पत्र, कर्जा चुक्ता गर्न आउने बारेको मिति २०५९।४।२६ र २०६१।१२।४ को नेपाल समाचार पत्रमा प्रकाशित ३५ दिने सूचना, मिति २०६२।२।१५ र २०६५।२।२२ को नेपाल समाचार पत्र र गोरखापत्रमा प्रकाशित धितो लिलाम बिक्रीसम्बन्धी सूचना र मिति २०६५।३।५ को धितो लिलाम बिक्रीसम्बन्धी मुचुल्का समेतका कागजात मिसिल संलग्न रहेबाट वादीले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४(७) ले गरेको व्यवस्था अनुरुपको प्रक्रिया पूरा गरेको पुष्टि हुन आउँछ।

१२. दोश्रो प्रश्नको सम्बन्धमा दृष्टिगत गर्दा, प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीले कर्जा लिंदा वादी बैंकका नाममा गरी दिएको मिति १५।८।२०००, २९।८।२००० र ५।९।२००१ को प्रोमिसरी नोट, मिति २०५८।५।२० को कर्जा तमसुक, मिति १५।८।२००० र २९।८।२००० को व्यक्तिगत जमानीको लिखत र मिति ५।९।२००१ को जनरल लेटर अफ हाइपोथिकेशन समेतबाट निज प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानी र वादी बैंकबीच कर्जा लिनु दिनु भएको देखिन आयो।

१३. यस उद्योगले १० करोड सीमाभित्रका कारोवारका लागि भवन, मेशिनरीको रु.७,०९,३२,०९७।६० मूल्याङ्कन गराई US$२,४१,०७४।४० मूल्य बराबरको अर्ध तयारी

पोशाक समेत बीमा गराई धितो राखी Supplymentary Agreement र कर्जा तमसुक गरी दिएको विपक्षीले मिति २०६० चैत्र मसान्तसम्मको लेना बाँकी रु.११,५८,९९,२९०।१५ रहेको जानकारी गराएको थियो। उद्योगको कारोवार बन्द गरी दिएको अवस्थामा नियमित ब्याज बुझाउने र उद्योगसंगको कारोवार सम्बन्धमा बैंकले केही नखुलाएको, २७ अगष्ट २००२ मा उद्योगसंग नयाँ सम्झौता भएको, सो अवस्थामा रु.३५,००,०००।- ब्याज चुक्ता गरेको, निकासी एल.सी. खोल्न अगावै कालोसूचीबाट हटाउनु पर्नेमा नहटाएको, धितो सुरक्षण रहेको सम्पत्ति विपक्षी बैंकले संरक्षण गर्नु पर्नेमा राष्ट्रिय वाणिज्य बैंकलाई हस्तान्तरण गरेको, कर्जा कारोवारसम्बन्धी कागजातहरुको नक्कल माग गर्दा उपलब्ध नगराएको, धितो बन्धकको कागज हेरी अ.वं. ७८ बमोजिम सद्दे किर्तेमा बयान गर्न पाउँ, साँवा ऋण रु.८,८५,६३,४१४।१९ चुक्ता गर्न सधैं तयार छु, बैंक तथा वित्तीय संस्थाको ऋण असुली न्यायाधिकरण ऐन, २०५८ को दफा १४(७) को प्रकृया पूरा नगरेको, मिति २०५९।५।११ को सम्झौता विपरित कालोसूचीमा राखी कारोवार नगराएको, राष्ट्रिय वाणिज्य बैंकसंग सहमतिको नाउँमा गैर कानूनी सम्झौता गरेको, उद्योग पुनः संचालन गर्न पाएमा साँवा ऋण तिर्न तयार नै रहेको हुँदा न्याय इन्साफ दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीको प्रतिउत्तर जिकीरका सम्बन्धमा विचार गर्दा वादी बैंकबाट कर्जा लिएको र तिर्न बाँकी रहेको कुरा निज प्रतिवादीले स्वीकार नै गरेको, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४(७) को प्रकृयाका सम्बन्धमा माथि प्रकरण नं. ८ मा नै विवेचना भईसकेको, वादीबाट मागदावी रकम अनुरूपकै स्मेटमेण्ट पेश हुन आएको, साँवा मात्र चुक्ता गरी फरफारक गर्ने विषयवस्तु पक्षहरुबीचको आपसी सम्झौता एवं समझदारीमा निर्भर हुने हुँदा प्रतिवादीले प्रतिउत्तरमा जिकीर लिएकै आधारमा मात्र वादीको मागदावीलाई अन्यथा भन्न मिल्ने देखिन आएन।

१४. प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागजातहरुबाट प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीले मिति ५।९।२००१ को सम्झौता अनुसार रु.७,०९,३२,०९७।६० मूल्यका मेशिनरीहरु तथा निर्यात गरिने सम्पूर्ण वस्तुहरु हाइपोथिकेट गरी दिनुका साथै मिति २९।८।२००० तथा ५।९।२००१ मा रु.१०।१० करोडको र मिति १५।८।२००० मा रु.५ करोड बराबरको व्यक्तिगत जमानीको लिखत समेत गरी दिई वादी बैंकबाट कर्जा लिएको कुरा पुष्टि हुन आएको र उक्त धितो लिलाम बिक्री गरी प्राप्त रकम समायोजन गरे पश्चात् बाँकी रहन गएको प्रतिवादीले चुक्ता नगरेको वादी बैंकको लेना रकम यस न्यायाधिकरणबाट वादी बैंकलाई ऋणी तथा जमानीकर्ता प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीको चल अचल जायजेथाबाट भराई दिनुपर्ने देखिन आयो। यसरी भराउँदा यस न्यायाधिकरणको मिति २०६६।१२।१५ र २०६७।५।२ को अन्तरिम आदेश समेतबाट रोक्का रहेको प्रतिवादी बृजगोपाल इनानीका नाउँको का.जि. कालिमाटी वडा नं. २/क को कि.नं. ३४४, ४४०, ५४७ र ५४६ को जग्गा, वादी बैंकको मिति २०६५।१२।१० को निवेदनमा उल्लेख भए बमोजिम ऐ.का नाममा दर्ता श्रेस्ता कायम रहेको का.जि.का.म.न.पा. डाँछी

गा.वि.स. वडा नं. ९/ख स्थित कि.नं. ७० तथा १५६ को क्षे.फ. क्रमशः ५-६-३-० र ६-३-२-० जग्गाबाट र वादी बैंकको मिति २०६५।१२।१० को निवेदनमा का.जि. का.म.न.पा. वडा नं. २२/क स्थित कि.नं. ३७३, २६६, २६८, ३७४, ८९, ३७२ र २६७ को क्षे.फ. क्रमशः ०-६-२, १-१-३, १-१-३, १-०-०, ०-९-३, ०-८-० र १-१-३ को जग्गा निज प्रतिवादी बृजगोपाल इनानीकै नाउँमा रहेको भनी रोक्का पत्र समेत पेश भएको देखिएतापनि सो सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयसंग बुझ्दा उक्त जग्गामध्ये कि.नं. ३७४, ८९, २६७ तथा ३७२ जग्गाको जग्गा धनी निज बृजगोपाल इनानी नरही अन्य व्यक्ति भएको भनी मालपोत कार्यालय काठमाडौं, डिल्लीबजारको मिति २०६६।१२।१० को पत्रबाट उल्लेख भई आएको र सो मध्ये निज प्रतिवादी बृजगोपाल इनानीको नाउँमा बाँकी रहेको का.जि.का.म.न.पा. वडा नं. २/क स्थित कि.नं. ३७३, २६६ र २६८ को क्षे.फ. क्रमशः ०-६-२, १-१-३ र १-१-३ को जग्गा राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय काठमाडौंबाट फुकुवा भए पश्चात् रोक्का रहने गरी रोक्का राखिएको भन्ने मालपोत कार्यालय कलंकीको मिति २०५८।७।२८ को पत्रमा उल्लेख भएको देखिँदा यि कित्ता जग्गाहरुमा प्रथमाधिकार राख्ने राष्ट्रिय वाणिज्य बैंकको रोक्का फुकुवा भएपछि ती जग्गा समेतबाट भराई दिनु पर्ने, प्रतिवादी बृजगोपाल इनानीले सावित्रीदेवी इनानीसंग सम्बन्ध विच्छेद भईसकेकोले निजको नाउँको का.जि.का.म.न.पा. वडा नं. ३२ स्थित कि.नं. १४२३ को क्षे.फ. ०-८-०-० तथा ऐ.को वडा नं. १ स्थित कि.नं. २६६५ को क्षे.फ. १-०-०-२ जग्गाको रोक्का फुकुवा गरी पाउँ भन्ने जिकीर लिएतापनि निज प्रतिवादी बृजगोपाल इनानी र सावित्रीदेवी इनानीकाबीच मिति २०६४।८।२५ मा मात्र सम्बन्ध विच्छेद भएको देखिएको, निज प्रतिवादी ऋणी बृजगोपाल इनानीले वादी बैंकसंग कर्जा कारोवार गर्दा एकाघर सगोलमा रहेकी निजकी श्रीमती सावित्रीदेवी इनानी एकाघर सगोलमा रहेको र उक्त जग्गा वादीको अनुरोधमा सम्बन्धित मा.पो.का.बाट २०५८ सालदेखि नै रोक्का रही रहेको देखिँदा निज सावित्रीदेवी इनानीको नाउँमा दर्ता श्रेस्ता कायम रहेको उक्त का.जि.का.म.न.पा.वडा नं. ३२ स्थित कि.नं. १४२३ को क्षे.फ. ०-८-०-० तथा ऐ.को वडा नं. १ स्थित कि.नं २६६५ को क्षे.फ. १-०-०-२ जग्गा समेतबाट वादी बैंकको लेना रकम भराई दिनु पर्ने देखिन आयो। वादीले ऐ. मितिको निवेदनमा प्रतिवादीकै एकाघर सगोलको अंसियार भनी कमलकिशोर इनानीका नाउँमा दर्ता रहेको सुनसरी जिल्ला पकली गा.वि.स.वडा नं. ४ स्थित कि.नं. ७२, ४२९, ४३३, १३०, ७१ र ५८ को क्षे.फ. क्रमशः ०-०-४.५, ०-१-०, ०-०-३.५, ०-१-११, ०-०-२ र ०-०-२.५ जग्गा र ऐ.को वडा नं. ५ स्थित कि.नं. १८२ र १९६ को क्षे.फ. क्रमशः ०-२-२ र ०-१-१३ जग्गा समेतबाट लेना रकम भराई दिन माग गरेकोमा निज कमल किशोर इनानीलाई वादीले प्रस्तुत मुद्दामा प्रतिवादी नै नबनाएको, प्रतिवादी ऋणी बृज गोपाल इनानीको उपरोक्त जेथामा अंश लाग्ने प्रमाण कागजात वादीबाट पेश हुन नआएको र निज कमल किशोर इनानीले प्रस्तुत कर्जा कारोवारका लागि उक्त जेथा धितो दिन मञ्जुरीनामा वा अन्य कुनै व्यहोराको लिखत पारित गरी दिएको नदेखिनुका साथै प्रस्तुत कर्जा कारोवारमा निजको कुनै संलग्नता समेत देखिन नआएकोले निज

कमल किशोर इनानीको उपरोक्त जेथाबाट प्रस्तुत कर्जा रकम भराउन कानूनतः मिल्ने देखिन आएन।

मुद्दाको अन्तिम किनारा लागी भरिभराउ हुने दिनसम्मका लागि के कति ब्याज भराई दिने भन्ने सम्बन्धमा दृष्टिगत गर्दा वादीबाट शुरु उजुरी निवेदनमा सो स्पष्ट भई आएको नदेखिएतापनि वादीको मिति २०७०।४।७ को पत्रमा सो अवधिका लागि वार्षिक १५.५ प्रतिशतका दरले ब्याज भराई पाउँ भनी उल्लेख भई आएको देखिँदा मागदावी मितिपछि अर्थात् मिति २०६५।४।१ देखि मुद्दा फैसला भई फैसला कार्यान्वयन हुने दिनसम्मका लागि वादी बैंकके माग बमोजिमको ब्याजदर कायम गरी साँवा ब्याज भराई दिनु पर्ने हुन आयो।

१५. तर्सथ, वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीबाट मिति २०६५ साल असार मसान्तसम्म असुल गर्न बाँकी देखिएको एकमुष्ठ साँवा ब्याज रु.२१,७०,५४,२८७।९३ र मिति २०६५।४।१ देखि निर्णय मिति अर्थात् मिति २०७०।५।१८ सम्म जम्मा दिन १८७७ को वार्षिक १५.५ प्रतिशतका दरले हुन आउने ब्याज रु.१७,३०,१०,१०७।५५ समेत गरी कूल रु.३९,००,६४,३९५।४८ (अक्षरेपी उनन्चालीस करोड चौसठ्ठी हजार तीन सय पन्चानब्बे रुपैयाँ अठचालीस पैसा मात्र) वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. लाई ऋणी तथा जमानीकर्ता महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीको चल अचल जायजेथाबाट माथि प्रकरण नं. ११ मा उल्लेख भए बमोजिम भराई दिनु पर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले भराई पाउने ठहरिएको कुल रु.३९,००,६४,३९५।४८ र उक्त रकममा भरी भराउ हुने दिनसम्मको वार्षिक १५.५ प्रतिशतका दरले हुन आउने व्याज रकम समेतको हिसाव गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २५ तथा २६, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा अन्य प्रचलित कानून बमोजिम वादी बैंकलाई ऋणी तथा जमानीकर्ता महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीको चल अचल जायजेथाबाट माथि प्रकरण नं. ११ मा उल्लेख भए बमोजिम भराई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजले प्रतिउत्तर नफिराई म्याद गुजारी बसेकाले निजलाई पुनरावेदन म्याद दिई रहनु परेन। यो निर्णयमा चित्त नबुझे वादी बैंक र प्रतिवादी महालक्ष्मी गार्मेण्ट इण्डष्ट्रिजका प्रोप्राईटर बृज गोपाल इनानीलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु...३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी वा सराई लान दिनु...४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फांटमा बुझाई दिनु..................... ....५

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ८ को निर्णय श्रीमान् अध्यक्ष तथा सदस्यज्यूले बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाईप गर्ने संगिता कपाली।

फाँटवाला ना.सु.ः राधेश्याम घिमिरे।

इति सम्वत् २०७० साल भाद्र महिना १८ गते रोज ३ शुभम्...........................

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री शेरजङ्ग कार्की
बैंकिङ्ग सदस्य : श्री उपेन्द्रबहादुर कार्की
लेखा सदस्य : श्री रामसेवक प्रसाद चौधरी

निर्णय

सम्वत् २०६९ को उजुरी निवेदन द.नं. १०१-०६९-२८७

निर्णय नं. ६

मुद्दाः ऋण असुली

निवेदक।वादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. ३२ कमलादी केन्द्रिय कार्यालय रहेको हिमालयन बैंक लिमिटेडका तर्फबाट अख्तियार प्राप्त कम्पनी सचिव विपिन हाडा १

प्रतिवादीको नाम, थर र वतनः

जिल्ला मकवानपुर हेटौंडा औद्योगिक क्षेत्रमा रजिष्टर्ड कार्यालय रहेको एभरेष्ट पोलिमर्स प्रा.लि. १

ऐ.का प्रवन्धक सञ्चालक तथा व्यक्तिगत जमानीकर्ता साविक ऐ. ऐ. ठेगाना भई हाल २१८७ Robin Wood Court Mississauga, Ontario L5M 5B9 Canada बस्ने विकास कुमार कोठारी १

ऐ. कम्पनीलाई जमानी दिने जमानीकर्ता ऐ. ऐ. ठेगाना भई हाल २१८७ Robin Wood Court Mississauga, Ontario L5M 5B9 Canada बस्ने नवरतन कोठारी १

निवेदकको साक्षीः ×

निवेदकको कागजः

(क) मिति २०६४।१०।१ को कर्जा स्वीकृतीको निर्णय।
(ख) मिति २०६४।०८।१५ र २०६४।१०।१ को प्रोमिसरी नोट तथा सामूहिक व्यक्तिगत जमानीको लिखित।
(ग) मिति २०६४।१०।१ को कर्जा तमसुक।
(घ) मिति २०६४।१०।१ को धितो जमानीको लिखत।
(ङ) मालपोत कार्यालय, मकवानपुर, हेटौंडाको मिति २०६०।३।१८ को रोक्कापत्र।
(च) सन् २०।१०।२००९, १६।११।२००९, १६।१२।२००९, १७।१।२०१०,

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

२३।५।२०११ र ३।५।२०१२ को कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरू।

(छ) कर्जा चुक्ता गर्न आउने बारेको मिति २०६७।१।७ को राष्ट्रिय दैनिक गोरखा पत्रमा प्रकाशित ३५ दिने सूचना।

(ज) मिति २०६८।१।७ मा जिल्ला प्रहरी कार्यालय, मकवानपुरलाई खोजतलास गरी कारवाही गरी पाऊँ भन्ने व्यहोराको पत्र।

(झ) मिति २०६८।१।७ को गोरखापत्र र मिति २०६८।३।७ र २०६८।६।५ को कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित धितो लिलाम विक्रीसम्बन्धी सूचना।

(ञ) सन् ७।७।२०११ को धितो लिलाम विक्री हुन नसकेको मुचुल्का।

(ट) सन् ०३।०३।२०१३ को DDA प्रतिवेदन।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

मुद्दाको संक्षिप्त तथ्यः

१. हेटौंडा औद्योगिक क्षेत्रमा रजिष्टर्ड कार्यालय रहेको विपक्षी एभरेष्ट पोलिमर्स प्रा. लि. का संचालक तथा प्रबन्ध निर्देशक विकाश कुमार कोठारीले कारखाना संचालनका लागी पूँजीको आवश्यक भई हिमालयन बैंक लिमिटेडसंग मिति २०६४।१०।१ मा विपक्षी विकास कुमार कोठारीले रु.६५,९०,५८,०००।- ऋण सिमासम्मको जमानी लिखत गरी सोही मितिमा विपक्षी कम्पनीको तर्फबाट अख्तियारप्राप्त नवरतन कोठारीको सहीछापबाट रु.८ करोडसम्मको ऋण सिमासम्मको जमानी लिखत गरेको एवं सोही मितिमा प्रोमिसरी नोटमा विकास कुमार कोठारीले विभिन्न मितिमा ग्यारेन्टी पेपरमा सहीछाप गरी मिति २०६४।३।३ मा धितोबन्धक सहितको मञ्जुरीनामा लेखिदिएको, सो बमोजिम विपक्षी कम्पनीलाई ओभरड्राफ्ट, ट्रष्टरिसिप्ट, डिमान्ड, फिक्स टर्म, मिडटर्म, बि.एल.सी. कर्जा सुविधा अन्तर्गत विभिन्न मितिमा उपलब्ध गराएको साँवा र सोमा हुने व्याज समेत गरी जम्मा ऋण रकम रु.६४,२३,४७,४४९।८० (अक्षेरुपी चौसठ्ठी करोड तेईस लाख सतचालिस हजार चार सय उनान्चास रुपैयाँ असी पैसा मात्र) को ऋण कारोवार भएकोमा धितो लिलाम बिक्रीबाट प्राप्त रकम रु.९,००,००,०००।- (अक्षेरुपी नौ करोड मात्र) घटाएर बाँकी ऋण साँवा व्याज समेत गरी जम्मा रु.५५,२३,४७,४४९।८० (अक्षेरुपी पचपन्न करोड तेईस लाख सतचालिस हजार चार सय उनान्चास रुपैयाँ असी पैसा मात्र) विपक्षीहरूसंग दिलाई भराई पाउँ भन्ने व्यहोराको वादी हिमालयन बैंक लिमिटेडको मिति २०६९।१२।३० को उजुरी निवेदन।

२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम प्रतिउत्तर पत्र पेश गर्न प्रतिवादीहरुको नाममा म्याद जारी भएकोमा निजहरूले म्यादभित्र प्रतिउत्तर नदिई शुरु म्यादै गुजारी बसेको मिसिल अध्ययनबाट देखिन्छ।

<u>न्यायाधिकरणको निर्णयः</u>

१. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भई सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकतर्फका विद्वान अधिवक्ता श्री प्रकाश कोईरालाले कर्जा तमसुक पत्रमा उल्लेखित शर्त बमोजिमको दायित्व विपक्षीले पुरा नगरी साँवा, व्याज समेत तोकेको समयमा नबुझाएको, पटक पटक मौखिक तथा लिखित तरताकेताको साथै ऋणीले ऋण लिंदाको अवस्थामा रहेको कम्पनीको हाईपोथिकेसन गरेको मालसामानहरु बैंकलाई कुनै जानकारी नगराई आफूखुशी बिक्री गरी फरार भएको। पटक पटक लिखित एवं राष्ट्रिय दैनिक पत्रिकामा समेत सूचना प्रकाशित गरी जानकारी दिंदा पनि साँवा व्याज असुलउपर हुन नसकेकोले कानूनका म्यादभित्र साँवा व्याज असुलउपर गराई पाऊँन यस न्यायाधिकरणमा उजुरी निवेदन दिएको भनी प्रस्तुत गर्नु भएको वहस समेत सुनियो।

२. D.D.A. प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा काम कारवाही गर्दा एभरेष्ट पोलिमर्स प्रा.लि. ले सोही नामबाट भारतको दिल्लीमा ब्रान्च विजनेस अफिस स्थापना गरी आफ्नो सबै मालसामानहरु भारतमा निकासी गरी बिक्री गर्ने र सोको रकम भारतको दिल्ली कार्यालयबाट नै असुलउपर गरी उतैबाट फरार भएको, विपक्षीहरु क्यानडाका नागरिक भएको, प्रतिउत्तरपत्र नफिराएको, हाजिर हुने म्याद तामेल गर्दा बेपत्ते तामेली भएको, नेपालमा उनीहरुको सम्पर्क गर्ने व्यक्ति कोही पनि नभएको, पत्राचार एवं राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गर्दा समेत सम्पर्कमा नआएको हुँदा विपक्षीहरूको ऋण तिर्ने मनसाय नरहेको स्वतः प्रष्ट भएको छ।

३. तसर्थ, वादी हिमालयन बैंक लिमिटेडको असुल गर्नु पर्ने दावी रकम रु.५५,२३,४७,४४९।८० मा मिति २०७०।१।१ देखि निर्णय मिति २०७१।११।१९ सम्म ६८९ दिनको १०% ले कायम हुने ब्याज रकम रु.१०,४२,६५,०३९।१५ समेत गरी जम्मा रु.६५,६६,१२,४८९।- (अक्षेरुपी पैसठ्ठी करोड छैसठ्ठी लाख बाह्र हजार चार सय उनानब्बे रुपियाँ मात्र) र उक्त रकम भरिभराउ हुने दिनसम्मको वादी बैंकले तोकेको १०% व्याजदरले हुन आउने व्याज रकम समेत हिसाब गरी प्रथमतः एभरेष्ट पोलिमर्स प्रा. लि. को धितोमा रहेको चल अचल सम्पत्ती तथा जायजेथाबाट लिलाम बिक्री गरी भराई दिनु पर्ने, सोबाट वादी बैंकको लेना बाँकी रकम असुलउपर नभएमा नपुग रकम जति ऋणीहरु विकास कुमार कोठारी र नवरतन कोठारीले दिएको व्यक्तिगत जमानीको आधारमा निजहरुको चल अचल जायजेथा सम्पत्तिबाट असुलउपर गरी भराई दिनू पर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी हिमालयन बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा रु.६५,६६,१२,४८९।- (अक्षेरुपी पैसठ्ठी करोड छैसठ्ठी लाख बाह्र हजार चार सय उनानब्बे रुपियाँ मात्र) र उक्त रकम भरी भराउ हुने दिनसम्मको वादी बैंकले तोकेको १०% ब्याजदरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा प्रचलित कानून बमोजिम प्रथमतः एभरेष्ट पोलिमर्स प्रा. लि. को धितोमा रहेको चल अचल सम्पत्ती तथा जायजेथाबाट लिलाम बिक्री गरी भराई दिनु पर्ने, सोबाट वादी बैंकको लेना बाँकी रकम असुलउपर नभएमा नपुग रकम जति ऋणीहरू विकास कुमार कोठारी र नवरतन कोठारीले दिएको व्यक्तिगत जमानीको आधारमा निजहरुको चल अचल जायजेथा सम्पत्तिबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम भराई दिनू १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनू २

प्रतिवादीहरू एभरेष्ट पोलिमर्स प्रा. लि., विकास कुमार कोठारी र नवरतन कोठारीले प्रतिउत्तर नफिराई म्याद गुजारी बसेकोले निजहरूलाई पुनरावेदन म्याद दिई रहनु परेन ३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनू...४

दायरीको लागत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनू..............................५

लेखा सदस्य	बैकिङ्ग सदस्य	अध्यक्ष

यो पाना ५ को निर्णय श्रीमान् अध्यक्ष तथा सदस्यज्यूहरुले बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाईप गर्ने संगिता कपाली।

फाँटवाला नायब सुब्बाः राधेश्याम घिमिरे।

इति सम्वत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ....

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री शेरजङ्ग कार्की
बैंकिङ्ग सदस्य : श्री उपेन्द्रबहादुर कार्की
लेखा सदस्य : श्री रामसेवक प्रसाद चौधरी

निर्णय

सम्वत् २०६९ को उजुरी निवेदन द.नं. १०१-०६९-२६४

निर्णय नं. ९

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

का.जि. का.म.न.पा. वडा नं. ३१ बागबजारस्थित नेपाल क्रेडिट एण्ड कमर्स बैंकको तर्फबाट ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण गोपाल मानन्धर १

प्रतिवादीको नाम, थर र वतनः

धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ४ मुरलीचोक कार्यालय रहेको नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०२१ बमोजिम २०५३।४।२० मा प्रा.लि. नं. ५२६८।०५३।०५४ अन्तर्गत दर्ता भएको एमी फर्मास्यूटिकल्स प्रा.लि. १

मोहन ब. श्रेष्ठको नाति, गोपालप्यारा श्रेष्ठको छोरा ल.पु.जि. ल.पु.उप.म.न.पा. वडा नं. १ बखुण्डोल बस्ने ऐ. प्रा.लि. का संचालक तथा व्यक्तिगत जमानीकर्ता सत्येन्द्रप्यारा श्रेष्ठ.........................१

पुण्य चन्द्र मुखर्जीको नाति, अधिर मुखर्जीको छोरा धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ४ बस्ने ऐ. प्रा.लि. का संचालक तथा व्यक्तिगत जमानीकर्ता अमिय कुमार मुखर्जी...................................१

अवधेश कुमारकी छोरी प्रविण मिश्रकी श्रीमती मोहत्तरी जिल्ला पिपरा वडा नं. १ बस्ने बिभा कुमारी मिश्र १

हरिपद वनर्जीकी छोरी, अमिय कुमार मुखर्जीकी श्रीमती धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ४ बस्ने इन्द्राणी मुखर्जी १

हिरानन्द झाकी छोरी, रुद्र नारायण झाकी श्रीमती धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ४ बस्ने रंजना कुमारी झा.......................................१

कृष्ण भक्त श्रेष्ठको नाति कृष्ण श्रेष्ठको छोरा ल.पु.जि. ल.पु.उम.न.पा. वडा नं. ९ बस्ने अभिषेक श्रेष्ठ १

दुखी महासेठको नाति मुरैत महासेठको छोरा धनुषा जिल्ला कर्था वडा नं. ८ बस्ने योगेन्द्र महासेठ.....१

शेखर श्रेष्ठकी नातिनी गणेश कुमार सिंह माथेमाकी छोरी का.जि. का.म.न.पा. वडा नं. १४ बस्ने एलजा माथेमा (श्रेष्ठ) १

मोहन बहादुर श्रेष्ठको नाति रामप्यारा श्रेष्ठको छोरा पर्सा जिल्ला बीरगन्ज न.पा. वडा नं. १४ बस्ने गोरखप्यारा श्रेष्ठ १

जगरनाथ पुर्वेकी छोरी चन्द्रेश्र शाहकी श्रीमती महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. २ बस्ने श्रीमती रजनी शाह.......................................१

निवेदकको साक्षीः ×

निवेदकको कागजः

(क) सन् २७।९।२००७, १५।७।२००८, २४।१२।२००७, १६।१०।२००८, १२।४।२००९ र ९।६।२०११ मा भएका कर्जा स्वीकृति सम्वन्धी निर्णयहरु।

(ख) सन् २७।९।२००७, १४।७।२००८, १६।१०।२००८, २०६४।९।९ र ९।६।२०११ का प्रोमिसरी नोट।

(ग) मिति २०६४।६।१० र २०६५।३।३१ को कर्जा तमसुक।

(घ) मिति २०६५।३।३१ को स्थीर चालू पूँजीको हाईपोथिकेशन।

(ङ) मिति २०६४।९।९, सन् २७।९।२००७, १६।१०।२००८, १५।७।२००८ र १६।१०।२००८ को व्यक्तिगत जमानीको लिखत।

(च) कर्जा चुक्ता गर्न आउने बारेको सन् १९।१।२००९, २२।१।२००९, ७।६।२००९, २३।८।२००९, २०।२।२०११, ८।५।२०११, मिति २०६६।७।६, २०६६।११।१२,

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

(क) कर्जा प्रदान गरेको मितिदेखि मागदावी मिति २०६९।५।३१ सम्मको कर्जा लगानी, साँवा र ब्याज असुली समेत देखिने गरी मागदावीसँग साँवा, ब्याज र अन्य खर्च समेत भिड्ने कम्प्यूटरीकृत/ हस्तलिखित लेजर उतार।

(ख) धितो लिलाम बिक्रीको सूचना प्रकाशित पत्रिकाको नाम र मिति स्पष्ट देखिने प्रति।

(ग) प्रतिवादीहरु अभिषेक श्रेष्ठ, एलजा माथेमा (श्रेष्ठ), गोरखप्यारा श्रेष्ठ र इन्द्राणी मुखर्जीको नागरिकताको प्रति।

(घ) प्रतिवादी एमी फर्मास्यूटिकल्स प्रा.लि.को विधान तथा प्रवन्धपत्र नियमावली।

(ङ) हाइपोथिकेशन गरिएको सुरक्षणको विवरण, मूल्याङ्कन प्रतिवेदन र हालको अवस्था।

(च) प्रतिवादी सत्येन्द्रप्यारा श्रेष्ठको प्रतिउत्तर पत्रको

२०६७।५।२१ र २०६७।७।७ को तोकेतापत्रहरु।

(छ) मिति २०६८।७।१, २०६८।७।१६, २०६८।८।२६, २०६८।१०।३, २०६८।११।१६ र २०६८।१२।२० मा प्रकाशित ३५ दिने सूचना।

(ज) मिति २०६९।२।२४ र २०६९।२।२९ को सूचना।

(झ) मिति २०६९।४।४, २०६९।४।३० र २०६९।५।१८ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ३५ दिने सूचना।

प्रकरण नं. २ को सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया।

(छ) प्रतिवादीहरुको धितो पत्ता लगाउने सम्बन्धमा वादीबाट भएको काम कारवाहीको विवरण।

(ज) मिति २०७०/४/२८ को आदेशबाट कर्जा प्रदान गरेको मितिदेखि मागदावी मिति २०६९/५/३१ सम्मको कर्जा लगानी, साँवा र ब्याज असुली समेत देखिने गरी मागदावी रकम रु.१,१०,१५,७९५।९२ सँग मेल खाने कप्युटरीकृत/हस्तलिखित लेजर उतार माग भएकोमा सो बमोजिमको लेजर उतार पेश भएको नदेखिँदा मागदावी रकमसँग मेल खाने कम्प्युटरीकृत/हस्तलिखित लेजर उतार/स्टेटमेण्ट।

(झ) प्रतिवादीहरु एलजा माथेमा (श्रेष्ठ) र इन्द्राणी मुखर्जीको नागरिकताको प्रति।

(ञ) मिति २०७०/४/२८ आदेशबाट माग भए बमोजिम प्रतिवादी सत्येन्द्रप्यारा श्रेष्ठको प्रतिउत्तरपत्रको प्रकरण नं. २ का सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया प्राप्त भएको नदेखिँदा हाइपोथिकेसन अन्तर्गत राखिएका माल सामानको विवरण समेत खुल्ने गरी स्पष्ट प्रतिकृया।

(ट) वादी बैंकबाट मिति २०६९/८/२७ मा प्रतिवादी विभाकुमारी मिश्रलाई लेखेको पत्रमा उल्लेख भए अनुसार २५ नोभेम्बर २०१२ मा निज विभाकुमारी मिश्रबाट रु.४,००,०००/- प्राप्त भएको देखिँदा यस बाहेक अन्य शेयरधनी वा सञ्चालकहरुबाट रकम प्राप्त भएको छ, छैन? सो सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया।

(ठ) वादी बैंकको मिति २०७०/६/१८ को पत्रमा उल्लेख भए बमोजिम कुन कुन प्रतिवादीले रकम जम्मा गरेको हो, सोको बैंक भौचर।

(ड) प्रतिवादी श्रीमती विभाकुमारी मिश्रले मिति २०६९/८/१० मा पेश गरेको निवेदनको आधिकारिकता सम्बन्धमा वादीको स्पष्ट प्रतिकृया।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. प्रतिवादी एमी फर्मास्यूटिकल्स प्रा.लि.ले औषधी व्यवसाय संचालन गर्न मिति २०६४।६।१० मा वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडबाट ओ.डी. कर्जा रु.५०,००,०००।- र सर्ट

टर्म कर्जा रु.५०,००,०००।- गरी जम्मा रु.१,००,००,०००।- वार्षिक १५% व्याजदरमा प्रत्येक ३/३ महिनामा ब्याज तिर्नु पर्ने र सन् १५।१०।२०११ सम्ममा सम्पूर्ण साँवा व्याज समेत चुक्ता गरिसक्नु पर्ने शर्तमा ऋण लिएको। उक्त ऋणको सुरक्षण वापत एमी फर्मास्यूटिकल्स प्रा.लि. संग रहेको स्टकमा रहेको चल सम्पत्ति र प्रिमिसेस हाईपोथिकेशन गरेको, प्रा.लि. का संचालक तथा शेयरधनी सत्येन्द्रप्यारा श्रेष्ठले पटक पटक गरी रु.२५,००,०००।-, रु.१,००,००,०००।-, रु.२५,००,०००।-, रु.५,००,०००।- र रु.१,००,००,०००।- को ग्यारेण्टी बण्ड तथा प्रोमिसरी नोट वादी बैंकलाई लेखी दिएको साथै प्रा.लि. का अर्का संचालक तथा शेयरधनी अमिय कुमार मुखर्जीले रु.५,००,०००।- को ग्यारेण्टी बण्ड, प्रोमिसरी नोट, तमसुक र व्यक्तिगत जमानीको कागज समेत गरिदिएको। प्रतिवादीहरुले वादी बैंकबाट लिएको कर्जाको शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले विभिन्न मितिमा पटक पटक मौखिक तथा लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत वेवास्ता गरी बसेको, कर्जा चुक्ता गर्न सहज होस् भनी कर्जा नविकरण गरी समयावधि समेत दिइएकोमा ऋण नतिरेको र तिर्नेतर्फ कुनै चासो नदेखाएको, थप धितो माग गर्दा अन्य बैंकमा पहिला नै धितो राखी सकेको जग्गा परेको हुँदा सो धितोबाट ऋण असुल हुने अवस्था नरहेको साथै हाल कम्पनी बन्द भई कुनै पनि चल अचल सम्पत्ति नरहेकोले ओभरड्राफ्ट कर्जा र सर्ट टर्म कर्जा गरी बाँकी लेना रकम साँवा रु.१,००,०७,४५८।- र व्याज रु.१०,०८,३३७।९२ गरी जम्मा रु.१,१०,१५,७९५।९२ प्रतिवादीहरुबाट असुलउपर गराई पाउँ भन्ने व्यहोराको वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको मिति २०६९।६।१९ को उजुरी निवेदन।

२. एमी फर्मास्यूटिकल्स प्रा.लि.ले हाईपोथिकेसन कर्जा अन्तर्गत विभिन्न मितिमा रु.१,००,००,०००।- ऋण लिएको हो। प्रा.लि. का संस्थापक मैनेजिङ्ग डाईरेक्टर अमिय कुमार मुखर्जीको निधनले गर्दा कारखाना राम्रोसंग संचालन हुन नसकेकोले साँवा तिर्न नसकेको र व्याजको हकमा समय समयमा तिर्दै ऋण रकम नवीकरण गर्दै आएको हो। ऋण भुक्तानी गर्ने क्रममा म र अन्य शेयरधनीहरुले शेयर होल्डिङ्गको अनुपातमा आफूहरुले आफ्नो दायित्त्व व्यहोर्ने कुराको जानकारी वादी बैंकलाई गराएको छ। मैले आफ्नो शेयर होल्डिङ्गको अनुपातमा आफ्नो दायित्त्व पुरा गर्ने लिखित प्रतिवद्धता जनाई आजको मितिसम्ममा रु.२६ लाख वादी बैंकलाई बुझाई सकेको छु। शेयरधनीहरु मध्ये एलजा माथेमा (श्रेष्ठ) र गोरखप्यारा श्रेष्ठले आफ्नो दायित्त्व शेयरहोल्डिङ्गको दामासाहीले पुरा गर्ने प्रतिवद्धता गरेको व्यहोरा मैले वादी बैंकलाई जानकारी गराएको छु। यसरी ऋण तिर्ने हाम्रो असल मनसाय भएतापनि काबूभन्दा बाहिरको परिस्थितिले ऋण तिर्न नसकिएको हो भन्ने व्यहोराको कम्पनीका संचालक तथा व्यक्तिगत जमानीकर्ता सत्येन्द्रप्यारा श्रेष्ठको मिति २०६९।११।१७ को प्रतिउत्तरपत्र।

३. मैले प्रा.लि. का शेयरधनी श्रीमती तनुजा जोशी (हाडा) को नाममा कायम रहेको १७०० कित्ता शेयर प्रचलित कम्पनी ऐन तथा कम्पनीको प्रबन्धपत्र र नियमावली समेतको अधीनमा रही खरीद गरी मेरो नाममा कायम रहेको छ। मैले खरीद गरेको शेयरको मूल्य शेयरधनी तनुजा जोशी

(हाडा) लाई चुक्ता गरी खरीद गरी लिएको हो। शेयर वापतको रकम तिर्न बुझाउन बाँकी रहेको छैन। कम्पनी ऐन, २०६३ को दफा ८ ले कुनै कम्पनीको शेयरहोल्डरको दायित्त्व कम्पनीको शेयर खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको हदसम्म मात्र सीमित हुने व्यवस्था गरेकोले वादी बैंकको कुनै लेना बाँकी रहे भएको भए धितो सुरक्षणको सम्पत्ति र व्यक्तिगत जमानी दिने व्यक्तिबाट मात्र असुलउपर गर्न सक्ने हुन्छ। मैले असीमिति दायित्त्व सृष्टि हुने अन्य कुनै कार्य गरेको छैन। वादी बैंकको दावी कर्जा रकम म ऋणी भएर लिएको होईन। मैले कर्जाको रकम बुझेको र खाएको पनि छैन। तसर्थ, म प्रतिवादीबाट थप रकम असुलउपर गराउन खोजी उजुरी निवेदन दायर भएको कार्य सर्वथा अन्यायपूर्ण रहेकोले न्यायको रोहमा यस्तो उजुरी मेरो हकमा खारेज गरी न्याय पाउँ भनी प्रतिवादी शेयरधनी अभिषेक श्रेष्ठको मिति २०६९।११।११ को प्रतिउत्तरपत्र।

४. म एमी फर्मास्यूटिकल्स प्रा.लि. को १०% बराबरको शेयरधनी मात्र हुँ। प्रा.लि. को संचालक समितिमा छानिएको पनि छैन र हालसम्म संचालक समितिको बैठकमा उपस्थित समेत भएको छैन। वादी बैंकसंग कर्जा माग गर्ने क्रममा पनि मैले कहीकतै कुनै कागजातमा सही तथा हस्ताक्षर गरेको छैन। वादी बैंकले कर्जा असुलीको लागि यस अगाडि नै मलाई लिखित तथा मौखिकरुपमा कर्जाको बारेमा जानकारी गराउनु पर्नेमा सो जानकारी गराएको छैन। केवल उजुरीमा नाम समावेश गर्नु मात्र प्रर्याप्त हुँदैन। मलाई जिम्मेवार बनाउने हो भने मेरो सो कर्जाको सम्बन्धमा के कुन तहको संलग्नता थियो भन्ने कुरा वादी बैंकको तर्फबाट आफ्नो उजुरी निवेदनमा उल्लेख गर्न सक्नुपर्ने हुन्छ। शेयरधनीको हैसियतले म उपर दावी गरेको भए सर्वप्रथमतः कम्पनीका संचालकहरु तथा निजहरुले दिएको धितो जमानतबाट असुलउपर गर्नको लागि प्रयास गर्दा पनि असुलउपर हुन नसकेको अवस्थामा मात्र शेयरधनीहरुको आफूले खरीद गरेको शेयर बराबरको दायित्त्वसम्म मात्र मेरो दायित्त्व हुनेमा सो भन्दा बढि दायित्त्व मेरो हकमा श्रृजना नै हुन नसक्ने स्पष्ट व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ८ ले गरेको हुँदा वादी बैंकको उजुरी निवेदन मेरो हकमा खारेजी भागी छ, खारेज गरी पाउँ भनी प्रतिवादी शेयरधनी रन्जना कुमारी झाको मिति २०६९।८।२७ को प्रतिउत्तरपत्र।

५. म एमी फर्मास्यूटिकल्स प्रा.लि. को संचालक समितिको सदस्य होईन, शेयरधनी मात्र हुँ। हालसम्म संचालक समितिको बैठकमा उपस्थित भएको पनि छैन। वादी बैंकसंग कर्जा माग गर्ने क्रममा मैले कुनै कागजातमा दस्तखत गरेको छैन। सम्मानित न्यायाधिकरणबाट जारी भएको १५ दिने म्याद मिति २०७०।१।४ मा बुझी लिई हेर्दा सो कारोवारको सम्बन्धमा जानकारी हुन आएको हो। वादी बैंकले मलाई उक्त कर्जाको सम्बन्धमा कर्जा असुलीको लागि यस अगाडि कुनै मौखिक तथा लिखित जानकारी दिएको छैन। प्रा.लि. को नाममा लिएको ऋण प्रा.लि. वा जमानीकर्तासंग नै असुलउपर गर्नुपर्ने हो। ऋणको विषयमा कुनै जानकारी नै नभएको शेयरधनीसंग ऋण असुल गर्ने होईन। बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४(७) मा ऋण असुल गर्नुपर्ने ऋणको सम्बन्धमा ऋणीसंग यथेष्ठ छलफल, कृयाकलाप तथा प्रयास कारवाही गर्नुपर्ने व्यवस्था रहेको छ। तर वादी बैंकले उक्त ऋणको विषयमा मलाई

कुनै प्रकारको जानकारी वा कारवाही पनि नगरेको हुनाले प्राकृतिक न्यायको शिद्धान्त एवं कानून विपरीत रहेको हुँदा उक्त निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भनी प्रतिवादी शेयरधनी विभा कुमारी मिश्रको मिति २०७०।१।२७ को प्रतिउत्तरपत्र।

६. म एमी फर्मास्यूटिकल्स प्रा.लि. को शेयरधनी मात्र हो। उक्त प्रा.लि. को संस्थापक शेयरधनी होईन। मैले उक्त कम्पनीको रु.५ लाखको शेयर खरीद गरी लिएपश्चात् मेरो उक्त प्रा.लि. संचालन गर्ने सम्बन्धमा भएको ऋणसम्बन्धी बैठक र छलफलमा भाग नै लिएको छैन। बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनको लागि कसैलाई अख्तियारी समेत मैले प्रदान गरेको छैन। उक्त ऋण कुन आधारमा वादी बैंकले प्रवाह गरेको हो, ऋण लिंदा के कुन सम्पत्ती जमानतमा राखिएको हो, उक्त ऋणको धनजमानी को बसेको हो, सो समेत मलाई प्रष्ट जानकारी छैन। कम्पनी ऐन, २०६३ को दफा ८ बमोजिम शेयरधनीको दायित्त्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहने छ भनी प्रष्टरुपमा व्यवस्था रहेको छ साथै यस प्रा.लि. को स्वीकृत प्रबन्धपत्रमा रहेको व्यवस्था बमोजिम शेयरधनीहरुको दायित्त्व शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहने भनी उल्लेख गरिएको छ। कम्पनी कुनै कारणवश घाटामा गएमा शेयरको अधिकतम रकम भन्दा बढि दायित्त्व शेयरधनीहरुले आफ्नो घर घरानाबाट तिर्नु बुझाउनु पर्ने छैन भनी प्रष्टरुपमा कम्पनी ऐन र प्रा.लि. को स्वीकृत प्रवन्धपत्रको दफा ५ मा व्यवस्था गरिएको छ। अतः म उपर वादी बैंकको झुठ्ठा, गैरकानूनी र हकदैया विहीन उजुरी पत्रको मागदावी बदर भागी छ, बदर गरी न्याय ईन्साफ पाउँ भनी प्रतिवादी शेयरधनी रजनी शाहले मिति २०७०।२।२० मा पेश गरेको प्रतिउत्तरपत्र।

७. म प्रतिवादी योगेन्द्र महासेठले एमी फर्मास्यूटिकल्स प्रा.लि. को जम्मा ५०० कित्ता शेयर साविक शेयरधनी डा. उत्तम मुखर्जीबाट खरीद गरेको हुँ। म उक्त कम्पनीको साधारण शेयरधनी मात्र हुँ, संस्थापक तथा संचालक शेयरधनी होईन। हालसम्म उक्त कम्पनीको ऋण लिएको आर्थिक कारोवार मलाई केही थाहा जानकारी नभई मेरो लिखित मञ्जुरी समेत रहेको छैन। उक्त प्रा.लि. कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भई एमी फर्मास्यूटिकल्स प्रा.लि. को प्रबन्धपत्रको ५ नं. बमोजिम शेयरवालाको दायित्त्व सम्बन्धमा कुनै कारणवश कम्पनी घाटामा गएमा आफूले लिएको मञ्जुरी गरेको शेयरको अधिकतम रकम भन्दा बढी दायित्त्व शेयरवालाले आफ्नो घर घरानाबाट तिर्न बुझाउनु पर्ने छैन भनी प्रष्ट उल्लेख भएकोले सो अनुसार म प्रतिवादी योगेन्द्र महासेठले सो शर्तमा उक्त कम्पनीको शेयर खरीद गर्ने मञ्जुर भई शेयर खरीद गरेको हुँ। उक्त कम्पनीको ऋण लिएको आर्थिक कारोवारमा मलाई केही थाहा जानकारी नभई मेरो लिखित मञ्जुरी समेत नरहेको हुँदा म उपरको वादी बैंकको मागदावी झुठ्ठो, गैरकानूनी र हकदैया विहीन भएकोले उजुरी निवेदन खारेज भागी छ, बदर गरी सफाई प्रदान गरी पाउँन सादर अनुरोध छ भन्ने व्यहोराको प्रतिवादी शेयरधनी योगेन्द्र महासेठको मिति २०६९।८।२२ प्रतिउत्तरपत्र।

८. प्रतिवादीहरु एमी फर्मास्यूटिकल्स प्रा.लि. का संचालक तथा व्यक्तिगत जमानीकर्ता अमिय मुखर्जी, शेयरधनी ईन्द्राणी मुखर्जी, शेयरधनी एलजा माथेमा (श्रेष्ठ) र शेयरधनी गोरखप्यारा श्रेष्ठको

नाममा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले म्याद भित्र प्रतिउत्तरपत्र नफिराई म्यादै गुजारी बसेको।

९. वादी बैंकले यस न्यायाधिकरणमा उजुरी निवेदन दायर भएपछि मिति २०७१।११।१४ मा प्रतिवादीहरुबाट विभिन्न मितिमा जम्मा रु.३३,५०,०००।- प्राप्त भएकोले सो रकम कर्जाको साँवामा हिसाबमा मिलान गरी हाल मिति २०७१।११।१३ सम्म बाँकि लेना साँवा रु.६७,४६,९७८।३४ र व्याज रु.३६,३८,०३७।२४ गरी जम्मा रु.१,०३,८५,०१५।५८ मात्र रहेको व्यहोराको पत्र लेखी पठाएको।

<u>न्यायाधिकरणको निर्णयः</u>

१०. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भई सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्र भित्र पर्ने भई साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी र समीर शर्मा, प्रतिवादीहरु सत्येन्द्रप्यारा श्रेष्ठको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री सिताराम तिवारी, विभा कुमारी मिश्रको तर्फबाट विद्वान अधिवक्ता श्री रत्नेश्वर प्रसाद शर्मा, रन्जना कुमारी झाको तर्फबाट विद्वान अधिवक्ता सरला मोक्तान र योगेन्द्र महासेठ तथा रजनी शाहको तर्फबाट विद्वान अधिवक्ता श्री अरुणकुमार पजियारले गर्नु भएको बहस समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा देहाय बमोजिम देखिन आयो:-

(क) प्रतिवादीहरु एमी फर्मास्यूटिकल्स प्रा.लि., सो प्रा.लि. का संचालक तथा व्यक्तिगत जमानीकर्ता अमिय मुखर्जी, शेयरधनी ईन्द्राणी मुखर्जी, शेयरधनी एलजा माथेमा (श्रेष्ठ) र शेयरधनी गोरखप्यारा श्रेष्ठले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले म्यादभित्र प्रतिउत्तरपत्र नफिराएबाट वादी बैंकको दावी स्वीकारेको अवस्था देखियो।

(ख) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २६ बमोजिम ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्त्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहने सन्दर्भमा कम्पनीका संचालक एवं शेयरधनी समेत रहेका अमिय कुमार मुखर्जीले रु.५,००,०००।- (पाँच लाख) र सत्येन्द्रप्यारा श्रेष्ठले रु.१,००,००,०००।- (एक करोड) को जमानीको लिखत गरी ऋणीले ऋण नतिरेमा आफूले कबुल गरेको रकम तिर्ने गरी जमानी बसेको देखिंदा उक्त जमानीकर्ताहरुले आफ्नो दायित्त्वबाट उन्मुक्ति पाउने अवस्था देखिएन।

(ग) सबै शेयरधनीहरुले शेयरको अनुपातमा बाँकि ऋण तिर्ने सहमति गरे बमोजिम प्रतिवादी सत्येन्द्रप्यारा श्रेष्ठले पटक-पटक गरी रु.२८,००,०००।-, प्रतिवादी विभा कुमारी मिश्रले रु.४,००,०००।-, प्रतिवादी गोरखप्यारा श्रेष्ठले रु.५०,०००।- र एलजा माथेमा (श्रेष्ठ) ले रु.१,००,०००।- वादी बैंकको खातामा जम्मा गरी शेयरको अनुपातमा बाँकि ऋण तिर्न प्रतिवद्धता व्यक्त गरेको र अन्य प्रतिवादीहरु अभिषेक श्रेष्ठ, रन्जना कुमारी झा, रजनी

शाह र योगेन्द्र महासेठको हकमा कम्पनी ऐन, २०६३ को दफा ८ मा यस ऐन बमोजिम संस्थापित कम्पनीको कारोवारको सम्वन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ भन्ने कानूनी व्यवस्था रहेको र उक्त फर्मास्यूटिकल्स प्रा.लि. कम्पनी ऐन बमोजिम स्थापना भएको देखिंदा सो बमोजिम यी प्रतिवादीहरुले समेत आ-आफ्नो शेयरको अनुपातमा दामासाहीले बाँकि ऋण तिर्नु पर्ने देखिन आयो।

११. तसर्थ, वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडले प्रतिवादी एमी फर्मास्यूटिकल्स प्रा.लि. बाट असुल गर्नुपर्ने एकमुष्ठ साँवा व्याज रु.१,०३,८५,०१५।५८ र मिति २०७१।११।१४ देखि निर्णय मिति २०७२।६।५ सम्म जम्मा २०९ दिनको दावी साँवा रु.६७,४६,९७८।३४ को वार्षिक १५% का दरले कायम हुने व्याज रकम रु.५,७९,५००।७४ समेत गरी जम्मा रु.१,०९,६४,५१६।३२ (अक्षेरुपी एक करोड नौ लाख चौसट्ठी हजार पाँच सय सोह्र रुपैयाँ बत्तिस पैसा मात्र) र दावी साँवा रकम रु.६७,४६,९७८।३४ को फैसला मितिदेखि भरिभराउ हुने दिनसम्मको वादी बैंकले तोकेको वार्षिक १५% व्याजदरले हुन आउने व्याज रकम समेत हिसाब गरी वादी बैंकको लेना रकम प्रथमतः प्रतिवादी एमी फर्मास्यूटिकल्स प्रा.लि. को चल अचल जायजेथाबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम कम्पनीका संचालक र शेयरधनी समेत रहेका जमानीकर्ताद्वय अमिय कुमार मुखर्जी तथा सत्येन्द्रप्यारा श्रेष्ठबाट निजहरुले गरिदिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही निजहरुको चल अचल जायजेथाबाट असुलउपर गरी भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रा.लि. का शेयरधनीहरु विभा कुमारी मिश्र, ईन्द्राणी मुखर्जी, रंजना कुमारी झा, अभिषेक श्रेष्ठ, योगेन्द्र महासेठ, एलजा माथेमा (श्रेष्ठ), गोरखप्यारा श्रेष्ठ र रजनी शाह समेतको चल अचल जायजेथाबाट शेयरको अनुपातमा दामासाहीले प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडलाई भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

तपसिल

निर्णय खण्डमा लेखिए बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा रु.१,०९,६४,५१६।३२ (अक्षेरुपी एक करोड नौ लाख चौसट्ठी हजार पाँच सय सोह्र रुपैयाँ बत्तिस पैसा मात्र) र दावी साँवा रकम रु.६७,४६,९७८।३४ को फैसला मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १५% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी एमी फर्मास्यूटिकल्स प्रा.लि. को चल अचल जायजेथाबाट असुलउपर गरी भराई दिनू, सोबाट वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानीकर्ता अमिय कुमार मुखर्जी तथा सत्येन्द्रप्यारा श्रेष्ठबाट निजहरुले गरिदिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही

निजहरुको चल अचल जायजेथाबाट असुलउपर गरी भराई दिनू र सोबाट समेत वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रा.लि. का शेयरधनीहरु विभा कुमारी मिश्र, ईन्द्राणी मुखर्जी, रंजना कुमारी झा, अभिषेक श्रेष्ठ, योगेन्द्र महासेठ, एलजा माथेमा (श्रेष्ठ), गोरखप्यारा श्रेष्ठ र रजनी शाह समेतको चल अचल जायजेथाबाट शेयरको अनुपातमा दामासाहीले प्रचलित कानून बमोजिम वादी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडलाई भराई दिनू १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनू २

प्रतिवादीहरु एमी फर्मास्यूटिकल्स प्रा.लि., अमिय कुमार मुखर्जी, ईन्द्राणी मुखर्जी, एलजा माथेमा (श्रेष्ठ) र गोरखप्यारा श्रेष्ठले प्रतिउत्तर नफिराई म्याद गुजारी बसेकोले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन। यो निर्णयमा चित्त नबुझे प्रतिवादीहरु सत्येन्द्रप्यारा श्रेष्ठ, विभा कुमारी मिश्र, अभिषेक श्रेष्ठ, रंजना कुमारी झा, योगेन्द्र महासेठ र रजनी शाह तथा वादी बैंकलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनू...३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनू...४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनू..............................५

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना १० को निर्णय तयार गर्न सहयोग गर्नेः
नायब सुब्बाः राधेश्याम घिमिरे।
कम्प्यूटर अपरेटरः संगिता कपाली।
इति सम्वत् २०७२ असोज ५ गते रोज ३ शुभम्।

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल
बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की
लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०६९ को उजुरी निवेदन द.नं. १०१-०६९-२९९
निर्णय नं. ६
मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बिजुलीबजारस्थित नेपाल बंगलादेश बैंक लिमिटेड (साविक नेपाल बंगलादेश फाइनान्स एण्ड लिजिङ्ग लिमिटेड) हाल नेपाल बंगलादेश बैंक लिमिटेड विराटनगर शाखा र पुतलीसडक शाखा कार्यालयबाट प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुङ्गाना.....................१

प्रतिवादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. ३१ बागबजारमा रजिष्टर्ड कार्यालय रहेको ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेड १

ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. मा रहेको ऐ. कम्पनीको संस्थापक एवं संस्थागत जमानीकर्ता हरिसिद्धि ईटा टायल कारखाना लिमिटेड..............१

हरिसिद्धि ईटा टायल कारखाना लिमिटेडको प्रतिनिधि भई ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संचालक काठमाडौं ओमबहाल बस्ने भवानी भक्त माथेमाको नाति रतवनभक्त माथेमाको छोरा किशोर भक्त माथेमा..१

हरिसिद्धि ईटा टायल कारखाना लिमिटेडको प्रतिनिधि भई ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संचालक सिरहा जिल्ला धनगढी गा.वि.स. वडा नं. १ बस्ने लक्ष्मी प्रसाद अधिकारीको नाति दाताराम अधिकारीको छोरा मनोज अधिकारी.....................१

हरिसिद्धि ईटा टायल कारखाना लिमिटेडको प्रतिनिधि भई ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संचालक ल.पु.जि.ल.पु.उ.म.न.पा. वडा नं. १८ बस्ने हिराबहादुर श्रेष्ठको नाति लक्ष्मी बहादुर श्रेष्ठको छोरा विष्णु बहादुर श्रेष्ठ..१

हरिसिद्धि ईटा टायल कारखाना लिमिटेडको प्रतिनिधि

भई ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संचालक का.जि.का.म.न.पा. वडा नं. ३० बस्ने हर्षदास तुलाधरको छोरा सुवर्णदास तुलाधर..........१

निवेदकको साक्षीः ×

निवेदकको कागजः

(क) कम्पनी दर्ता प्रमाण पत्र।

(ख) कर्जा आवेदन पत्र।

(ग) कर्जा स्वीकृत पत्र।

(घ) कर्जा तमसुक/प्रोमिसरी नोट/संस्थापक जमानी पत्र/दृष्टिबन्धक लिखत।

(ङ) विभिन्न मितिका ताकेता पत्रहरु।

(च) कर्जा तिर्न तथा लिलामीको सार्वजनिक सूचना।

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

(क) प्रतिवादी ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेड संस्थापक एवं जमानीकर्ता हरिसिद्धि ईटा टायल कारखाना लिमिटेडको तर्फबाट देव बहादुर श्रेष्ठको प्रतिउत्तर।

(ख) प्रतिवादी ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको तर्फबाट देव बहादुर श्रेष्ठको प्रतिउत्तर।

(ग) प्रतिवादीहरु हरिसिद्धि ईटा टायल कारखाना लिमिटेडबाट प्रतिनिधि भई ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको पूर्व संचालक किशोर भक्त माथेमा र विष्णु बहादुर श्रेष्ठको प्रतिउत्तर।

(घ) प्रतिवादी मनोज अधिकारीको प्रतिउत्तर पत्र।

(ङ) प्रतिवादी सुवर्ण दाश तुलाधरलाई हाजिर हुन आउने १५ दिने सूचना।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

(क) कर्जा प्रदान गरेको मितिदेखि मागदावी मितिसम्मको कर्जा लगानी हालसम्मको साँवा, व्याज असुली देखिने र कुनै धितो सकार रकम वा लिलाम बिक्री भएको भए सो रकम लेखाङ्कन भएपछिको खुद लेना बाँकी रकम समेत देखिने कर्जाको स्पष्ट हस्तलिखित/ कम्प्यूटरीकृत लेजर उतार।

(ख) वादी तथा प्रतिवादीहरुको बहस नोट।

प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः

मुद्दाको संक्षिप्त तथ्यः

१. नेपाल बंगलादेश बैंक लिमिटेड (साविक नेपाल श्रीलंका मर्चेण्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड र साविक नेपाल बंगलादेश फाइनान्स एण्ड लिजिङ्ग लिमिटेड) को सहवित्तीयकरण वैठकबाट भएको सहमति अनुसार लिड बैंक नेपाल बंगलादेश बैंक लिमिटेडले प्रतिवादी ललितपुर इन्जिनियरिङ्ग

कम्पनी लिमिटेडको लागि ३ अगष्ट २००४ मा रु.८ करोड ३५ लाख मिति १२-१-२०१२ मा भुक्तानी गर्ने गरी कर्जा स्वीकृत गरेको। उक्त कर्जा लिंदा हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडको नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला हिरसिद्धि गा.वि.स. वडा कि.नं. ५क स्थित कि.नं. २४९, ३०३, ३०५, ३०७, २५१, २४७, २४८, ३२०, २५२, २५३, ३१५, २५०, २५४, २९५, ३०४, २४६, ३१४, ३१३, २४३, ३१७, ३१८, ३१९, ४८४, २९६, ३१२, ३११, ४९८, ५०६, ५०४, ५०२, ४९६, ४९४, ४९०, ४८८, २९७, २९८, ४८६, ४८२, ४८०, ४७८, ४७४, ४७६, ३२५, ३२६, ३३२, ३४८, ३४४, ३५५, २४४ र २४५ को क्षे.फ. क्रमशः ४-४-०-०, ०-१०-०-०,०-१४-१-०, २-१४-०-०, २-२-०-०, २-१३-०-०, ३-२-०-०, ३-३-२-०, १-७-०-०, १-५-०-०, १-५-०-०, १-११-२-०,०-१५-०-०,१-७-०-०, ३-७-०-०, ०-१४-०-०, २-६-०-०, २-१५-०-०, ३-२-०-०, २-५-०-०, ०-१०-०-०, ०-१२-०-०, ०-१३-०-०, ३-०-२-०, १-२-०-०, १-१२-२-०, १-११-२-०, १-१०-०-०, ०-७-१-०, १-८-३-०, ०-३-१-०, ०-४-२-०, ०-८-०-०, ०-५-३-०, ०-१-२-०, ०-८-२-०, ०-११-३-०,१-५-२-०,०-४-१-०, ०-२-२-०,०-११-२-०, ०-०-१-०, ०-०-३-०, ०-१२-०-०, १-२-०-०, १-१४-०-०, २-२-०-०, ०-१५-२-०, ४-४-२-०, ०-९-०-० र २-४-०-० गरी कूल क्षे.फ. ७९-१-३ जग्गा र ऐ.ऐ. स्थित ३२९ को क्षे.फ. २-०-०-० जग्गा धितो सम्पत्ति कर्जाको सुरक्षण स्वरुप राखिएको। साथै प्रतिवादी ललितपुर इन्जिरियरिङ्ग कम्पनी लिमिटेडको तर्फबाट विष्णु बहादुर श्रेष्ठ र मनोज अधिकारी, किशोरभक्त माथेमाले रु.८,३५,००,०००।- बराबरको संस्थागत जमानीपत्र तथा प्रोमिसरी नोट तथा प्रतिवादी हरिसिद्धि ईटा तथा टायल कारखाना लिमिटेडको तर्फबाट किशोर भक्त माथेमाको संस्थागत जमानीपत्र लिई कर्जा प्रवाह भएको। ऋणी कम्पनीले सह-वित्तीयकरण कर्जा मध्ये श्रीलंका मर्चेण्ट एण्ड फाइनान्स लिमिटेडको रु.२,२६,०७,१२४।- कर्जा चुक्ता बाहेक भाखाभित्र अन्य साँवा तथा व्याज बुझाउनु पर्नेमा नबुझाएको, ऋणीलाई पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत वेवास्ता गरेकोले ३५ दिन भित्र कर्जा चुक्ता गर्न विपक्षीलाई अन्नपूर्ण पोष्ट दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, धितोमा रहेको अचल सम्पत्ति बिक्री गर्न मिति २०६७।११।१५ को गोरखापत्रमा सूचना प्रकाशित भएकोमा निर्धारित मिति २०६७।१२।७ गते लिलामी गर्दा लिलाममा पेश भएको बोलपत्र बैंकलाई उचित नलागि बैंकले धितोमा रहेको सम्पत्तिको स्वामित्त्व बैंकको नाममा सकार गर्ने निर्णय गरी मालपोत कार्यालयमा पत्राचार गर्दा धितोमा रहेको सम्पत्ति अख्तियार अनुसन्धान आयोगबाट रोक्का रहेको कारण गैह्र बैंकिङ्ग सम्पत्तिमा सकार गर्न नसकिएको र पछि अख्तियारबाट फुकुवा भई पुनः गैह्र बैंकिङ्ग सम्पत्तिमा सकार गरी स्वामित्त्वमा लिन खोज्दा उक्त सम्पत्ति उपर नेपाल सरकार, आन्तरिक राजस्व कार्यालयको रोक्का रहेकोबाट धितोमा रहेको सम्पत्ति सकार गर्न नसकेकोले मिति २०६८।११।२ सम्म वक्यौता साँवा रु.५,९६,९६,८६६।०२ र व्याज रु.५,९५,९३,०९३।५१ गरी जम्मा रु.११,९२,८९,९५९।५३ र मिति २०६८।११।३ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यावन्यन हुने दिनसम्मको वार्षिक ११% ले हुन आउने व्याज समेत हिसाब गरी

प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भनी वादी नेपाल बंगलादेश बैंक लिमिटेडको मिति २०७०।२।२१ को उजुरी निवेदन।

२. प्रतिवादीहरु हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेड र ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडले बैंकबाट लिएको कर्जाबाट सञ्चालित परियोजना समयमा सम्पन्न हुन नसकेको कारणले कर्जाको पुनरतालिकीकरण गरि थप गरिएको समयभित्र कर्जा तिर्न प्रतिवद्ध रहेको, वादी बैंकसंग यथेष्ठ सुरक्षण रहेको, विपक्षी बनाइएका सहायक कम्पनी ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडका संचालकहरु, हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडका कर्मचारीको हैसियतले सो कम्पनीका प्रतिनिधि सञ्चालकको रुपमा रहेकोले कम्पनीको सम्पूर्ण दायित्त्व कम्पनी स्वयंले वहन गर्ने, सञ्चालक वा अरु कोहीले बोक्ने होईन, बैंककै कारणले गर्दा सम्पत्ति परिचालन गरी कर्जा चुक्ता गर्न ढिलाई हुन गएको तथा बैंकले उच्च ब्याजदर चार्ज गरेकोले रुग्ण उद्योगको रुपमा रहेको ऋणी कम्पनीलाई ठुलो भार पर्न गएकोले साँवा रकम पुरा बुझाई ब्याजतर्फ प्रति वर्ष ८% का दरले साधारण व्याज गणना गरी पुनर्तालिकीकरण गरेको समय भित्र सम्पूर्ण कर्जा चुक्ता गर्ने आदेश गरी पाउँ भन्ने प्रतिउत्तर जिकीर।

३. कम्पनीले गरेको कर्जा कारोवारमा कम्पनीको शेयर होल्डर हैसियत नभएको, कम्पनीले कमाएको मुनाफामा हिस्सेदार नभएको, कम्पनीले लिएको कर्जाको व्यक्तिगत रुपमा प्रयोग गरी फाइदा नलिएको, तत्कालिन कम्पनी ऐन, २०५३ को दफा ७१(२) र कम्पनी ऐन, २०६३ को दफा ८६(३) र ८७(२) बमोजिम प्रतिनिधि सञ्चालक मात्र रहेको र मैले कुनै निर्णय तथा लिखतमा दस्तखत गरेकोमा कम्पनीको हकमा on behalf of company मात्र गरेको हुँदा उजुरी निवेदनमा व्यक्तिगत रुपमा दावी लिएको देखिंदा त्यस्तो उजुरी निवेदन खारेज गरी पाउँ भन्ने प्रतिवादी किशोर भक्त माथेमा र विष्णु बहादुर श्रेष्ठको छुट्टा-छुट्टै प्रतिउत्तर जिकीर।

४. म प्रतिउत्तरपत्र प्रस्तुतकर्तालाई मिति २०६१।३।२३ मा ऋणी कम्पनीमा प्रतिनिधित्त्व (वारेस सरह) गर्न खटाएको, प्रचलित कम्पनी ऐन, २०६३ को दफा ८७(२) बमोजिम संगठित संस्थाको तर्फबाट मनोनित हुने व्यक्ति सम्बन्धित संस्थाको प्रतिनिधि वारेस सरहसम्म हुने र संस्थाको दायित्त्व मनोनीत गर्ने संगठित संस्थाको नै हुने, प्रतिनिधित्त्व गर्न खटाइएको व्यक्तिको कार्यकाल नियुक्ति गर्ने संस्थाको इच्छानुसारको अवधिसम्म मात्र कायम हुने, यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०६८-WO-०५९९, सुरेश प्रसाद यादव विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको मुद्दामा (स.अ. बुलिटेन वर्ष २० अङ्क २४ पूर्णाङ्क ४७४ पृ. २५ मा) कानूनी सिद्धान्त प्रतिपादन भएको, हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडको करार कर्मचारीबाट हटिसकेको हुँदा झुठ्ठा उजुरी निवेदन खारेज गरी पाउँ भन्ने प्रतिवादी मनोज अधिकारीको प्रतिउत्तर जिकीर।

५. प्रतिवादी सुवर्ण दास तुलाधरका नाममा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको मिसिल अध्ययनबाट देखिन्छ।

६. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

न्यायाधिकरणको निर्णयः

७. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भई सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकको तर्फबाट विद्वान अधिवक्ता श्री सरोज कुमार थापा, प्रतिवादीहरु ललितपुर इन्जिरियरिङ्ग कम्पनी लिमिटेड र हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडको तर्फबाट विद्वान अधिवक्ता श्री सोमनाथ सापकोटा, किशोरभक्त माथेमा र विष्णु बहादुर श्रेष्ठको तर्फबाट विद्वान अधिवक्ता श्री ज्ञान रत्न शाक्य, मनोज अधिकारीको तर्फबाट विद्वान अधिवक्ता प्रकाश के.सी. तथा प्रतिवादी स्वयंले गर्नु भएको बहस समेत सुनियो।

(क) प्रतिवादी सुवर्णदाश तुलाधरले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नफिराएबाट वादी बैंकको दावी स्वीकार गरेको देखिएको।

(ख) प्रतिवादीहरु किशोरभक्त माथेमा, विष्णु बहादुर श्रेष्ठ र मनोज अधिकारी हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडका विभिन्न तहको हैसियतमा कार्यरत कर्मचारीहरु रहेका र होल्डिङ कम्पनीको रुपमा रहेको हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडको संचालक समितिको निर्णय बमोजिम सो कम्पनीको तर्फबाट प्रतिनिधि सञ्चालकको हैसियतमा सहायक कम्पनीको रुपमा रहेको ललितपुर इञ्जिनियरिङ कम्पनी लिमिटेडको सञ्चालकको प्रतिनिधित्व गरेको तथा वादी बैंकले प्रतिवादी ललितपुर इञ्जिनियरिङ कम्पनी लिमिटेडलाई दिएको कर्जा रु.८,३५,००,०००।- (अक्षरेपी आठ करोड पैंतिस लाख मात्र) संस्थागत जमानीपत्रमा ऋणी कम्पनीको तर्फबाट हस्ताक्षरसम्म गरेको तथा प्रतिवादी हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेड र ललितपुर इञ्जिनियरिङ कम्पनी लिमिटेड समेतले मुद्दामा विपक्षी बनाइएका उल्लिखित प्रतिवादीहरुले कम्पनीको प्रतिनिधिको हैसियतमा जिम्मेवारी वहन गरेकोले कम्पनीको दायित्त्व वहन गर्नु पर्ने होइन, कम्पनी स्वयंले त्यस्तो दायित्त्व वहन गर्ने हो भनी कम्पनीको उक्त ऋण दायित्त्व वहन गर्न स्वीकार गरी प्रतिउत्तर फिराएको, वादी बैंकको उजुरी निवेदनको पृ. ३ को संस्थागत जमानीको विवरण अन्तर्गत उल्लिखित प्रतिवादीहरुले कम्पनीको तर्फबाट संस्थागत जमानीपत्र, प्रोमिसरी नोट तथा ऋण तमसुक गरेको भन्ने उल्लेख भएको सन्दर्भ तथा सर्वोच्च अदालतबाट रिट नं. ०६८-WO-५९९, सुरेश प्रसाद यादव विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत रहेको उत्प्रेषणयुक्त परमादेशको मुद्दामा प्रतिपादित सिद्धान्त "शेयर लगानी भएका समेत कारणबाट आफ्नो हितका लागि पठाइने सञ्चालकको हैसियत केवल वारेस सरह मात्र हुन्छ।" लाई समेत विचार गर्दा वादी बैंकले प्रतिवादीहरु किशोरभक्त माथेमा, विष्णु बहादुर श्रेष्ठ र मनोज अधिकारीहरुबाट समेत लेना बाँकी साँवा तथा व्याज र अन्य खर्च असुलउपर गर्नु पर्ने उजुरी निवेदनमा लिएको दावी पुग्न सक्ने देखिएन।

(ग) प्रतिवादीहरु हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेड र ललितपुर इञ्जिनियरिङ कम्पनी लिमिटेडले कर्जा पुनरतालिकीकरण गरी कर्जा चुक्ता गर्न समयावधि थप गर्न माग गरेको तथा कर्जामा लाग्ने व्याजमा व्याजदर ८% कायम गरी व्याज गणना गर्न माग गरेको सन्दर्भमा वादी बैंकसंग ऋण लिएको स्वीकार नै गरेको देखियो।

८. तसर्थ, वादी नेपाल बंगलादेश बैंक लिमिटेडले प्रतिवादीहरु ललितपुर ईन्जिनियरिङ्ग कम्पनी लिमिटेडबाट असुल गर्नुपर्ने एकमुष्ठ साँवा व्याज रु.११,९२,८९,९५९।५३ (अक्षरेपी एघार करोड बयानब्बे लाख उनानब्बे हजार नौ सय उनन्साठी रुपैयाँ त्रिपन्न पैसामात्र) र मिति २०६८।११।३ देखि निर्णय मिति २०७३।४।२६ सम्म जम्मा १६३८ दिनको दावी साँवा रु.५,९६,९६,८६६।०२ (अक्षरेपी पाँच करोड छयानब्बे लाख छयानब्बे हजार आठ सय छैसठी रुपैयाँ दुई पैसामात्र) को वार्षिक ११% व्याजदरले कायम हुने ब्याज रकम रु.२,९४,६८,९८९।९२ (अक्षरेपी दुई करोड चौरानब्बे लाख अडसाठ्ठी हजार नौ सय उनानब्बे रुपैयाँ बयानब्बे पैसामात्र) गरी जम्मा **रु.१४,८७,५८,९४९।४५** (अक्षरेपी चौध करोड सतासी लाख अन्ठाउन्न हजार नौ सय उनन्पचास रुपैयाँ पैतालीस पैसा मात्र) र दावी साँवा रकम रु.५,९६,९६,८६६।०२ (अक्षरेपी पाँच करोड छयानब्बे लाख छयानब्बे हजार आठ सय छैसठी रुपैयाँ दुई पैसामात्र) को फैसला मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक ११% व्याजदरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा प्रचलित कानून बमोजिम वादी नेपाल बंगलादेश बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको चल अचल जायजेथाबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादीको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम संस्थापक जमानीकर्ता हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडले धितो स्वरुप राखिदिएको जमानीबाट असुलउपर गरी भराई दिनुपर्ने र सोबाट समेत वादीको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सुवर्ण दाश तुलाधरको चल अचल जायजेथाबाट असुलउपर गरी प्रचलित कानून बमोजिम वादी नेपाल बंगलादेश बैंक लिमिटेडलाई भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी नेपाल बंगलादेश बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.१४,८७,५८,९४९।४५** (अक्षरेपी चौध करोड सतासी लाख अन्ठाउन्न हजार नौ सय उनन्पचास रुपैयाँ पैतालीस पैसा मात्र) र दावी साँवा रकम रु.५,९६,९६,८६६।०२ (अक्षरेपी पाँच करोड छयानब्बे लाख छयानब्बे हजार आठ सय छैसठी रुपैयाँ दुई पैसामात्र) को फैसला मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक ११% ब्याजदरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा प्रचलित कानून बमोजिम वादी नेपाल बंगलादेश बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको चल अचल जायजेथाबाट असुलउपर गरी भराई दिनु, सोबाट वादीको लेना बाँकी असुल

हुन नसकेमा असुल हुन नसकेको जति रकम संस्थापक जमानीकर्ता हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेडले धितो स्वरुप राखिदिएको जमानीबाट असुलउपर गरी भराई दिनु र सोबाट समेत वादीको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सुवर्ण दाश तुलाधरको चल अचल जायजेथाबाट असुलउपर गरी प्रचलित कानून बमोजिम वादी नेपाल बंगलादेश बैंक लिमिटेडलाई भराई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी नेपाल बंगलादेश बैंक लिमिटेडबाट असुल गरी लिनू २

प्रतिवादी सुवर्ण दाश तुलाधरले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजलाई पुनरावेदन म्याद दिई रहनु परेन...३

यो निर्णयमा चित्त नबुझे प्रतिवादीहरु हरिसिद्धि इटा तथा टायल कारखाना लिमिटेड र ललितपुर इन्जिनियरिङ्ग कम्पनी लिमिटेड, किशोर भक्त माथेमा, मनोज अधिकारी र विष्णु बहादुर श्रेष्ठलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनू..............४

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनू..५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनू................................ ६

....	....	....
लेखा सदस्य	**बैंकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ७ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः मञ्जु अधिकारी।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७३ श्रावण २६ गते रोज ४ शुभम्...........

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की

निर्णय

सम्वत् २०७१ को उजुरी निवेदन द.नं. १०१-०७१-२४२

निर्णय नं. ५५

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

कास्की जिल्ला, पोखरा उप.म.न.पा. वडा नं. ९ मा प्रधान कार्यालय रही का.जि.का.म.न.पा. वडा नं. २ लाजिम्पाटस्थित माछापुच्छ्रे बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत तुलसीराम गौतम....................................१

निवेदकको साक्षीः ×

निवेदकको कागजः

(क) कर्जा माग निवेदन।

(ख) कर्जा तमसुक।

(ग) प्रोमिसरी नोट।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना।

(ङ) धितो लिलाम बिक्रीसम्बन्धी सार्वजनिक सूचना।

प्रतिवादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. ७ मा रहेको ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि. १

हातीराम दर्जीको नाति, चतुरे दर्जीको छोरा, सोलुखुम्बु जिल्ला, कागोल गा.वि.स. वडा नं. ४ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने ऐ.ऐ.को संचालक जित बहादुर दर्जी १

चतुरे दर्जीको नाति, जित बहादुर नेपालीको छोरा, सोलुखुम्बु जिल्ला चौरीखर्क गा.वि.स. वडा नं. ८ भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने ऐ.ऐ. का संचालक तिलक बहादुर नेपाली..................१

मिन बहादुर के.सी.को नाति, मेघबहादुर के.सी. को छोरा, का.जि.का.म.न.पा. वडा नं. २२ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने नानीराम के.सी. १

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

(क) प्रतिवादीहरुलाई हाजिर हुन आउने बारेको १५ दिने सूचना।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

(क) कर्जा प्रदान गरेको मितिदेखि मागदावी मितिसम्मको साँवा तथा ब्याज असुली छुट्टा-

छुट्टै रुपमा देखिने र धितो सकार भएमा सो सकार रकम लेखाङ्कन भएपछिको खूद साँवा तथा व्याज रकम समेत छुट्टा-छुट्टै रुपमा देखिने विवरण वादी बैंकबाट झिकाउने आदेश।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. वादी तत्कालिन स्टेन्डर्ड फाइनान्स हाल माछापुच्छ्रे बैंक लिमिटेडबाट प्रतिवादी ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि.ले मिति २०६६।६।२८ मा वार्षिक १३.५% व्याजदरमा रियल स्टेट उद्देश्य कर्जा शीर्षक अन्तरगत रु.१,७७,००,०००।- मात्र एक वर्षको भाखा राखी ऋण लिएको। उक्त कर्जाको सुरक्षण वापत ऐ. कम्पनीको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला दिव्यश्वरी गा.वि.स. वडा नं. ८क स्थित कि.नं. ३२२, ३९०, १३५९ र १३६० को क्षे.फ. क्रमशः ८७.४४, २१४.६२, ६२०.०३ र १५८.९८ ब.मी. का जग्गाहरु धितो रहेको र ऐ. कम्पनीका संचालक जित बहादुर दर्जीको व्यक्तिगत जमानी र प्रोमिसरी नोट, प्रतिवादीहरु नानी राम के.सी. र तिलक बहादुर नेपालीको व्यक्तिगत जमानत रहेको। प्रतिवादीले वादी बैंकमा धितो सुरक्षण दिएका उल्लिखित जग्गा लिलाम बिक्रीको लागि सूचना प्रकाशित हुँदा कसैको बोल कबुल पर्न नआएकोले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरि कर्जा अपलेखन गरिएकोमा उक्त जग्गा २०२६ सालमा नै नेपाल सरकारबाट अधिग्रहण भईसकेको कारण धितो कच्चा हुन गएकोले पुनः थप धितो सुरक्षण माग गर्दा ऋणी सम्पर्कमा नआएको र लिखित ताकेता तथा पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत कर्जा नबुझाएकोले एकमुष्ठ साँवा व्याज लेना बाँकी रु.२,८१,९८,५१७।२० को मिति २०७१।६।१ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको १८% का दरले हुने ब्याज समेत हिसाब गरी प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भनी वादी माछापुच्छ्रे बैंकको मिति २०७१।६।२ को उजुरी निवेदन।

२. प्रतिवादीहरु ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि., जित बहादुर दर्जी, तिलक बहादुर नेपाली र नानी राम के.सी.का नाममा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भएको र सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा

वादी बैंकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शिव प्रसाद रिजालले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नतिरेको, वादी बैंकले ऋण असुलीको लागि पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको, धितोमा रहेको जग्गा नेपाल सरकारबाट अधिग्रहण भैसकेको हुँदा ऋणीले सुरक्षण वापत दिएको धितो कच्चा ठहरेको कारण धितोबाट समेत बैंकको लेना बाँकी साँवा व्याज असुलउपर हुन नसकेकोले कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले मागदावी बमोजिम साँवा व्याज असुलउपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

५. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादीहरु ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि., ऐ.का संचालक तथा जमानीकर्ता जित बहादुर दर्जी र तिलक बहादुर नेपाली तथा जमानीकर्ता नानी राम के.सी. का नाउँमा यस न्यायाधिरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ को उपनियम (५) बमोजिम सार्वजनिक सूचना प्रकाशित गरी प्रतिउत्तर पेश गर्न जानकारी गराउँदा समेत प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी वादी दावी स्वीकार गरी बसेको देखिन आयो।

वादी बैंकले कर्जा प्रवाह गर्दा कर्जा रकमको सुरक्षणका लागि धितोमा लिएका उल्लिखित जग्गाहरु नेपाल सरकारबाट २०२६ सालमा नै तत्कालिन हवाई सेवा विभागको रिसिभिङ स्टेशनको लागि अधिग्रहण गरिएको र मिति २०२९।९।२५ को राजपत्रमा प्रकाशित सूचनामा परेका जग्गा भनी मालपोत कार्यालय भक्तपुरको मिति २०७१।१।२६ मा वादी बैंकलाई जानकारी गराएको तथा उजुरी निवेदनको प्रकरण ४ को खण्ड (छ) मा झुठा नकरा सम्पत्ति झुक्याई धितोमा राखी बैंक ठगी गरेकोमा सो विरुद्ध मुद्दा गर्ने समेत ऋणीलाई सूचीत गरिएको उल्लेख गरेको भएतापनि सो सम्बन्धमा प्रचलित कानून बमोजिमको उपचार खोजेको देखिएन।

नेपाल सरकारले प्रचलित कानून बमोजिम २०२६ सालमा नै अधिग्रहण गरेको र मिति २०२९।९।२५ मा नेपाल राजपत्रमा समेत सूचना प्रकाशित गरेको सन्दर्भमा समेत सार्वजनिक निकायबाट भएका उल्लिखित काम कारवाहीलाई नजरअन्दाज गरी ऋणीलाई ठूलो रकम रु.१,७७,००,०००।- कर्जा प्रवाह गर्नु वादीको गम्भीर लापर्वाही भएको देखिन्छ। बैंक तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, निक्षेपकर्ताको हकहितको संरक्षण एवं सम्वर्द्धन गर्न, मुलुकमा वित्तीय स्थायीत्व कायम राखी राष्ट्रिय अर्थतन्त्रलाई सवल र सुदृढ बनाउन बैंक तथा वित्तीय संस्थाको स्थापना र सञ्चालन गर्ने उद्देश्य निहित रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाले सोही अनुरुप भूमिका निर्वाह गर्नुपर्ने भएकाले प्रस्तुत विषयमा वादी बैंकको ध्यानाकर्षण हुनुपर्ने जरुरी छ। त्यसैगरी बैंक तथा वित्तीय संस्थाको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकलाई समेत प्रस्तुत कर्जा प्रवाहसम्बन्धी विषयमा जानकारी दिन उपयुक्त हुने देखिन्छ।

६. तसर्थ, प्रतिवादीहरुले प्रतिउत्तर पेश नगरी वादी दावी स्वीकार गरी बसेको देखिंदा वादी माछापुच्छ्रे बैंक लिमिटेडले प्रतिवादी ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि.बाट असुल गर्नुपर्ने एकमुष्ठ

साँवा व्याज रु.२,८१,९८,५१७।२० (अक्षेरेपी दुई करोड एकासी लाख, अन्ठानब्बे हजार पाँच सय सत्र रुपैयाँ बीस पैसा मात्र) र मिति २०७१।६।१ देखि मिति २०७३।१०।२ सम्म जम्मा ८५२ दिनको दावी साँवा रु.१,७७,००,०००।- (अक्षेरेपी एक करोड सतहत्तर लाख मात्र) को वार्षिक १८% का दरले कायम हुने ब्याज रकम रु.७४,३६,९०९।५८ (अक्षेरेपी चौहत्तर लाख छतीस हजार नौ सय नौ रुपैयाँ अन्ठाउन पैसा मात्र) समेत गरी जम्मा बाँकी **रु.३,५६,३५,४२६।७८ (अक्षेरेपी तीन करोड छपन्न लाख पैंतीस हजार चार सय छबीस रुपैयाँ अठहत्तर पैसा मात्र)** र दावी साँवा रकम रु.१,७७,००,०००।- (अक्षेरेपी एक करोड सतहत्तर लाख मात्र) को निर्णय मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १८% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा प्रचलित कानून बमोजिम वादी माछापुच्छ्रे बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ. प्रा.लि.का संचालक तथा जमानीकर्ताहरु जित बहादुर दर्जी र तिलक बहादुर नेपालीको चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानीकर्ता नानी राम के.सी. को चल अचल जायजेथाबाट निजले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही निजको चल अचल जायजेथाबाट कानून बमोजिम असुलउपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल

निर्णय खण्डमा लेखिए बमोजिम वादी माछापुच्छ्रे बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.३,५६,३५,४२६।७८ (अक्षेरेपी तीन करोड छपन्न लाख पैंतीस हजार चार सय छबीस रुपैयाँ अठहत्तर पैसा मात्र)** र दावी साँवा रकम रु.१,७७,००,०००।- (अक्षेरेपी एक करोड सतहत्तर लाख मात्र) को निर्णय मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १८% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८ र २९ तथा प्रचलित कानून बमोजिम वादी माछापुच्छ्रे बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनु, सोबाट वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ. प्रा.लि.का संचालक तथा जमानीकर्ताहरु जित बहादुर दर्जी र तिलक बहादुर नेपालीको चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनु र सोबाट समेत वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम जमानीकर्ता नानी राम के.सी. को चल अचल जायजेथाबाट निजले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही निजको चल अचल जायजेथाबाट कानून बमोजिम असुलउपर गरी भराई दिनु...१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादीहरु ओम चन्द्र विनायक हाउजिङ्ग कम्पनी प्रा.लि., जित बहादुर दर्जी, तिलक बहादुर नेपाली र नानी राम के.सी.ले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजलाई पुनरावेदन म्याद दिई रहनु परेन...३

प्रस्तुत निर्णयको जानकारीको लागि एक प्रति प्रमाणित प्रतिलिपि बैंक तथा वित्तीय संस्थाको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको नियमन विभागलाई पठाई दिनु ४

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु...५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु..............................६

....
बैंकिङ्ग सदस्य

....
अध्यक्ष

यो पाना ५ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः होम प्रसाद आचार्य।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७३ माघ ३ गते रोज २ शुभम्...........

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७१ को उजुरी निवेदन द.नं. १०१-०७१-३००

निर्णय नं. ६९

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

भिबोर विकास बैंक लिमिटेड, प्रधान कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वरबाट प्रमुख कार्यकारी अधिकृत झलक प्रसाद खनाल १

निवेदकको साक्षीः ×

निवेदक/वादीको कागजः

(क) कर्जा सम्झौता।

(ख) व्यक्तिगत धनजमानतको लिखत/प्रोमिसरी नोट।

(ग) धितो पारित लिखत।

(घ) भाखा नाघेको ऋण तिर्न पठाएको पत्र।

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।

प्रतिवादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. ३४ बानेश्वरमा रजिष्टर्ड कार्यालय भएको चम्पादेवी फुटहिल रिसोर्ट एण्ड भिल्लाज प्रा.लि...१

ऐ. कम्पनीका संचालक तथा व्यक्तिगत जमानीकर्ता गंगाराम श्रेष्ठको नाति भक्तराम श्रेष्ठको छोरा का.जि.का.म.न.पा. वडा नं. ११ बस्ने विभाकर राम श्रेष्ठ...१

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

(क) प्रतिवादीहरुलाई हाजिर हुन आउने बारेको १५ दिने सूचना।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज हर्जाना

तथा अन्य रकम।

(२) धितो लिलामबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (२) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने बाँकी रहेको साँवा, व्याज, हर्जाना तथा अन्य रकमसम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः

मुद्दाको संक्षिप्त तथ्यः

१. विपक्षी चम्पादेवी फुटहिल रिसोर्ट एण्ड भिल्लाज प्रा.लि.ले वादी भिबोर विकास बैंक लिमिटेडबाट डिमाण्ड कर्जा रु.३ करोड १६% व्याजदरमा शुरुमा ६ महिना ततपश्चात् स्वतः १० वर्ष भाखा भएको टर्मलोनमा परिवर्तन हुने शर्त रहेकोमा मिति २०६८।६।३० सम्म भाखा थप गरी कर्जा स्वीकृत भएको र उक्त कर्जा लिंदा कम्पनीका संचालक तथा व्यक्तिगत जमानीकर्ता विभाकर राम श्रेष्ठको नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला माल्टा गा.वि.स. वडा नं. ८ग स्थित कि.नं. ९, ८३, ४१, ३८, ३९, ८८, ९०, ७८, ऐ. वडा नं. ७(ख) स्थित कि.नं. १३९, १८३, २४१, २४२, २४३, २४४, २३७, २३९, २३४, २३५, २३६, २३८, २४०, २१५, ऐ. वडा नं. ६(ख) स्थित कि.नं. ३, ३४, ऐ. वडा नं. ६(क) स्थित कि.नं. ११६, ११७, १६२, ९०, ५४, ७१, ऐ. वडा नं. ९(क) स्थित कि.नं. ७१, ८१, ऐ. वडा नं. ९(ग) स्थित कि.नं. २, ८६, ८९, ८७, ८८, वडा नं. ९(घ) स्थित कि.नं. १८, १९ र वडा नं. १(च) स्थित कि.नं. ३४, ३५ समेत जम्मा ४१ कित्ता को क्षे.फ. ९४-११-२-० (रोपनी) जग्गा धितो सुरक्षण राखी कर्जा प्रवाह भएको। ऋणी कम्पनीले बैंकबाट कर्जा लिएपछि शर्त सम्झौता अनुसार रकम नबुझाएकोले बैंकले ऋणीलाई कर्जा तथा व्याज तिर्न विभिन्न मितिमा पत्राचार गरेको, कर्जा चुक्ता गर्न ३५ दिने सूचना प्रकाशित गरेको। धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्न १५ दिने सूचना प्रकाशन गर्दा लिलाममा कसैको पनि बोलपत्र पर्न नआएको हुँदा बैंक आफैंले रु.३,००,३७,५००।- मा सकार गरे पश्चात् यस बैंकको लेना बाँकी मिति २०७०।३।३० गतेसम्म रु.८८,४९,१८५।६९ हुन आएकोले सोको मिति २०७१।१०।१७ सम्मको जम्मा ५६५ दिनको वार्षिक १६% ले व्याज हिसाब गर्दा हुने लेना बाँकी व्याज रु.२१,९१,६८८।७३ गरी जम्मा रु.१,१०,४०,८७४।४२ र यो मुद्दाको अन्तिम किनारा भई भरिभराउ हुने दिनतकको

साँवा, व्याज तथा अन्य लेना समेत प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भनी वादी भिबोर विकास बैंक लिमिटेडको मिति २०७१।१२।११ को उजुरी निवेदन।

२. प्रतिवादी चम्पादेवी फुटहिल रिसोर्ट एण्ड भिल्लाज प्रा.लि. र ऐ. कम्पनीका संचालक तथा व्यक्तिगत जमानीकर्ता विभाकर राम श्रेष्ठका नाममा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भएको र सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री श्याम कुमार खत्रीले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले मागदावी बमोजिम साँवा व्याज असुलउपर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

५. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादी चम्पादेवी फुटहिल रिसोर्ट एण्ड भिल्लाज प्रा.लि. र विभाकर राम श्रेष्ठले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ को उपनियम (५) बमोजिम निजहरुको नाउँमा प्रतिउत्तर पेश गर्न आउने बारेको सूचना प्रकाशित हुँदा समेत प्रतिउत्तर पेश नगरी म्याद गुजारी बसेको देखिन्छ भने वादी बैंकको उजुरी निवेदनको प्रकरण ५ मा उल्लिखित लेना बाँकी हिसाब विवरण तालिकामा मिति २०७०।३।३० मा बैंक आफैंले धितो सकार पश्चात् लेना बाँकी रकममा साँवा रु.१, व्याज रु.६३,८५,४७८।२०, पेनाल व्याज रु.२४,६०,३४९।०२ र अन्य लेना रकम रु.३३५७।४७ गरी जम्मा लेना बाँकी रु.८८,४९,१८५।६९ र २०७०।३।३१ देखि उजुरी दर्ताको मिति २०७१।१०।१७ सम्मको वार्षिक १६% ले हुने व्याज रकम रु.२१,९१,६८८।७३ गरी जम्मा रु.१,१०,४०,८७४।४२ (अक्षरेपी एक करोड दश लाख चालीस हजार आठ सय चौहत्तर रुपैंयाँ बयालीस पैसा मात्र) मागदावी गरी उजुरी निवेदन दिएको र यस न्यायाधिकरणको आदेश बमोजिम वादी बैंकबाट पेश भएको कर्जा सम्बन्धी विवरणको तालिकामा धितो सकार पश्चात् साँवा व्याज रु.६३,८५,४७९।२० उल्लेख भएको र सो विवरणमा साँवा रु.१।- र व्याज रु.६३,८५,४७८।२० जोडी हिसाब पेश गरेको देखिन्छ। प्रस्तुत सन्दर्भमा विचार गर्दा बैंक तथा

वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ को प्रतिवन्धात्मक वाक्यांशमा पाँच लाख रुपैयाँ भन्दा कम साँवा रकम भएको ऋण असुली गर्दा यस ऐनको व्यवस्था लागू हुने छैन भन्ने प्रावधान रहेको र वादी बैंकले दायर गरेको उजुरी निवेदन तथा यस न्यायाधिकरणको आदेश बमोजिम वादी बैंकबाट पेश भएको लेजर उतार विवरणमा समेत पाँच लाख रुपैयाँ भन्दा कम दावी साँवा रकम रु.१ (अक्षरेपी एक मात्र) रहेको देखिंदा प्रस्तुत मुद्दा यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र पर्ने देखिन आएन।

६. तसर्थ, वादी भिबोर विकास बैंक लिमिटेडबाट प्रस्तुत भएको उजुरी निवेदनमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लिखित पाँच लाख रुपैयाँ भन्दा कम दावी साँवा रकम रु.१।- (अक्षरेपी एक मात्र) भएको देखिंदा प्रस्तुत मुद्दा यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र पर्ने देखिन नआएकोले वादी दावी खारेज हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

तपसिल

यो निर्णयमा चित्त नबुझे वादी बैंकलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु १

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्कको सम्बन्धमा वादी दावी खारेज भएको र ऐ. ऐनको दफा १५ को उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा अग्रिमरुपमा शुल्क लिइसकेकोले थप केही गर्नु परेन...२

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु...३

दायरीको लागत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु ४

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ४ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः होम प्रसाद आचार्य।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७३ माघ २४ गते रोज २ शुभम्...........

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७१ को उजुरी निवेदन द.नं. १०१-०७१-२३७

निर्णय नं. ११०

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. १२ टेकुमा रजिष्टर्ड कार्यालय रहेको इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृत राजाराम खड्का १

प्रतिवादीको नाम, थर र वतनः

ललितपुर जिल्ला, ललितपुर उप.म.न.पा. वडा नं. १४ सातदोबाटोस्थित हर च्वाइस प्रा.लि.............१

खड्ग बहादुर थापाको नातिनी, कृष्ण बहादुर थापाको छोरी, ऐ. कम्पनीका संचालक शेयरधनी एवं व्यक्तिगत जमानीकर्ता का.जि. किर्तिपुर न.पा. वडा नं. १३ चोभार बस्ने मिरा थापा.......................१

व्यक्तिगत जमानीकर्ता प्रद्युम्न थापाको हक खाने एकासगोलका बुबा का.जि. किर्तिपुर न.पा. वडा नं. १३ चोभार बस्ने खड्ग बहादुर थापाको छोरा कृष्ण बहादुर थापा...१

व्यक्तिगत जमानीकर्ता प्रद्युम्न थापाको हक खाने एकासगोलका आमा का.जि. किर्तिपुर न.पा. वडा नं. १३ चोभार बस्ने खड्ग बहादुर थापाको बुहारी, कृष्ण बहादुर थापाको श्रीमती बिष्णु थापा...................१

व्यक्तिगत जमानीकर्ता प्रद्युम्न थापाको हक खाने एकासगोलका श्रीमती बिना कुमारी बस्नेत..........१

निवेदकको साक्षीः ×

निवेदक/वादीको कागजः

(क) कर्जा स्वीकृत पत्र।

(ख) कर्जा तमसुक, प्रोमिसरी नोट।

(ग) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्रहरु।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको राष्ट्रिय

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

(क) प्रतिवादीहरुलाई हाजिर हुन आउने बारेको १५ दिने सूचना।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

दैनिक पत्रिका प्रकाशित ३५ दिने सार्वजनिक सूचना।	**कागजः** (क) कर्जा दिएको रकम सम्बन्धी विवरण। (ख) कर्जाको साँवा, व्याज हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः (१) ऋणीले तिरेको साँवा, व्याज हर्जाना तथा अन्य रकम। (२) धितो लिलामबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम। (३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम। (ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने बाँकी रहेको साँवा, व्याज, हर्जाना तथा अन्य रकमसम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. प्रतिवादी हर च्वाइस प्रा.लि.लाई इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडबाट अटो कर्जा शीर्षक अन्तर्गत कर्जा प्रवाह भएको मितिले ७ वर्षमा भुक्तानी गर्ने गरी १३% व्याजदरमा मिति २०६६।८।२५ मा रु.१८,००,०००।- कर्जा प्रवाह भएको। कर्जा सुरक्षण वापत १ थान TaTa Indica Vista Q Jet Aura र प्रतिवादीहरु मीरा थापा र प्रद्युम्न थापाको व्यक्तिगत जमानी लिखतमा कर्जा प्रवाह भएको। ऋणीले बैंकबाट कर्जा लिएपछि शर्त सम्झौता अनुरुप साँवा, व्याज नतिरेकोले कर्जा तिर्न ताकेता पत्र पठाएको, राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले रकम नबुझाएकोले धितो लिलाम बिक्रीबाट रु.६,५०,०००।- प्राप्त भएको, सो रकम कर्जा हिसाबमा मिलान गरी मिति २०७१।५।१५ सम्मको साँवा, व्याज र अन्य खर्च समेत वक्यौता रकम रु.१७,४६,६१७।५९ र मिति २०७१।५।१६ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको वार्षिक १६.५% ब्याजदरले हुन आउने व्याज समेत हिसाब गरी प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भन्ने वादी इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०७१।५।२७ को उजुरी निवेदन।

२. प्रतिवादीहरु हर च्वाइस प्रा.लि., मीरा थापा र स्व. प्रद्युम्न थापाको हक खाने बाबु कृष्ण बहादुर थापा, आमा बिष्णु थापा, श्रीमती बिना कुमारी बस्नेतका नाममा बैंक तथा वित्तीय संस्थाको ऋण

असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

न्यायाधिकरणको निर्णयः

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भएको र सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री रमेश बडाल र भक्तिराम घिमिरेले कर्जा स्वीकृतपत्रमा उल्लेखित शर्त बमोजिम साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक पटक मौखिक तथा लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज असुलउपर हुन नसकेकोले कानूनका हदम्यादभित्र साँवा व्याज असुलउपर गराई पाउन न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले दावी बमोजिमको साँवा व्याज प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

५. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा देहाय बमोजिम देखिन आयोः-

(क) प्रतिवादीहरु हर च्वाइस प्रा.लि., सो कम्पनीका संचालक शेयरधनी एवं व्यक्तिगत जमानीकर्ता मिरा थापा तथा व्यक्तिगत जमानीकर्ता स्व. प्रद्युम्न थापाको एका सगोलका बाबु कृष्ण बहादुर थापा, आमा विष्णु थापा तथा श्रीमती विना कुमारी बस्नेतका नाउँमा यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ को उपनियम (५) बमोजिम सार्वजनिक सूचना प्रकाशित गरी हाजिर हुन जानकारी गराउँदा समेत प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेको।

(ख) वादी बैंकले हर च्वाइस प्रा.लि.लाई कर्जा प्रवाह गर्दा ऐ. कम्पनीको सञ्चालक मीरा थापा र प्रद्युम्न थापाको व्यक्तिगत जमानी तथा एक थान *TATA Indica* सवारी थान धितो सुरक्षणमा लिएको देखिन्छ। वादी बैंकले व्यक्तिगत जमानीकर्ता प्रद्युम्न थापाको स्वर्गारोहण भएको भनी निज प्रद्युम्न थापाको एकासगोलमा रहेका बाबवु कृष्ण बहादुर थापा, आमा विष्णु थापा र श्रीमती विना कुमारी बस्नेतलाई विपक्षी बनाई निजहरुबाट समेत ऋण असुली गर्ने दावी लिई यस न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गरेको परिप्रेक्ष्यमा विचार गर्दा प्रतिवादी कृष्ण बहादुर थापा, विष्णु थापा र विना कुमारी बस्नेत समेतको नाउँमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ को उपनियम (५) बमोजिम म्याद

तामेल भएकोमा सो बमोजिम प्रतिउत्तर पेश नगरेको परिप्रक्ष्यमा प्रतिवादीहरुले वादी दावी स्वीकार गरेको नै देखियो। जमानी दिने व्यक्तिको मृत्यु भएको अवस्थामा त्यस्तो व्यक्तिको दायित्व के हुने भन्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन तथा नियममा कुनै व्यवस्था उल्लेख गरिएको छैन तापनि जमानत दिने कार्य करारको विषयवस्तुभित्र पर्ने भएकोले करार ऐन, २०५६ आकर्षित हुन्छ। सो ऐनको दफा ७६ मा करारको हक र दायित्व सर्ने सम्बन्धमा व्यवस्था गरेको पाईन्छ। उक्त दफामा करार गर्ने कुनै व्यक्तिको मृत्यु भएमा वा निजको होस ठेगानामा नरहेमा सो करार बमोजिम प्राप्त हुने हक त्यस्तो करार गर्ने व्यक्तको सम्पत्ति प्राप्त गर्ने हकवालामा सर्नेछ र निजले प्राप्त गरेको सम्पत्तिले खामेको हदसम्मको दायित्व पनि निजले नै व्यहोर्नु पर्नेछ भन्ने उल्लेख भएको सन्दर्भमा जमानतकर्ता स्व. प्रद्युम्न थापाले वादी बैंकलाई कर्जा सुरक्षण वापत जमानत दिएको हदसम्मको अधीनमा रही स्व. प्रद्युम्न थापाको सम्पत्ति प्राप्त गर्ने प्रतिवादी कृष्ण बहादुर थापा, मिरा थापा र विना कुमारी बस्नेतले निजले प्राप्त गरेको सम्पत्तिले खामेसम्मको जमानत सम्बन्धी दायित्व व्यहोर्नु पर्ने नै देखिन आयो।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणी तथा जमानतकर्ताले आफूले दिएको जमानतको हदसम्म दायित्व व्यहोर्नु पर्ने कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुलउपर गर्न सक्ने भएको र सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ। यसरी वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक पटक मौखिक तथा लिखित पत्राचार छलफल लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको र ऋणीले प्रतिउत्तर पेश नगरी वादी दावी स्वीकार गरी बसेको देखिंदा वादी बैंकले प्रतिवादीहरुबाट असुलउपर गर्नु पर्ने कर्जाको साँवा, व्याज भराई पाउने नै देखिन आयो।

६. तसर्थ, वादी इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडबाट प्रस्तुत भएको उजुरी निवेदनमा प्रतिवादी उपर दावी लिएको कूल रकम रु.१७,४६,६१७।५९ (अक्षरेपी सत्र लाख छयालीस हजार छ सय सत्र रुपैयाँ उनन्साठ्ठी पैसा मात्र) र मिति २०७१।५।१६ देखि मिति २०७४।१।२० सम्म जम्मा ९७६ दिनको दावी साँवा रु.९,५८,७६१।६३ (अक्षरेपी नौ लाख अन्ठाउन हजार सात सय एकसठ्ठी रुपैयाँ त्रिसठ्ठी पैसा मात्र) को वार्षिक हर्जाना व्याज सहित १६.५% का दरले कायम हुने ब्याज रकम रु.४,२३,०१०।८८ (अक्षरेपी चार लाख तेईस हजार दश रुपैयाँ अठासी पैसा मात्र) समेत गरी जम्मा **रु.२१,६९,६२८।४७ (अक्षरेपी एक्काईस लाख उनहत्तर हजार छ सय अठ्ठाईस रुपैयाँ सतचालीस पैसामात्र)** र दावी साँवा रकम रु.९,५८,७६१।६३ (अक्षरेपी नौ

लाख अन्ठाउन हजार सात सय एकसठ्ठी रुपैयाँ त्रिसठ्ठी पैसा मात्र) को निर्णय मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १६.५% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी हर च्वाइस प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम कम्पनीका एकल संचालक तथा जमानीकर्ता मीरा थापाको चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट समेत वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ता स्व. प्रद्युम्न थापाले वादी बैंकलाई कर्जा सुरक्षण वापत जमानत दिएको हदसम्मको अधीनमा रही निजको सम्पत्ति प्राप्त गर्ने प्रतिवादी कृष्ण बहादुर थापा, मिरा थापा र बिना कुमार बस्नेतबाट त्यस्तो सम्पत्तिले खामेसम्मको रकमबाट असुलउपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.२१,६९,६२८।४७ (अक्षरेपी एक्काईस लाख उनहत्तर हजार छ सय अठ्ठाईस रुपैयाँ सतचालीस पैसामात्र)** र दावी साँवा रकम रु.९,५८,७६१।६३ (अक्षरेपी नौ लाख अन्ठाउन हजार सात सय एकसठ्ठी रुपैयाँ त्रिसाठ्ठी पैसा मात्र) को निर्णय मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १६.५% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी हर च्वाइस प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम कम्पनीका एकल संचालक तथा जमानीकर्ता मीरा थापाको चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट समेत वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम स्व. प्रद्युम्न थापाले वादी बैंकलाई कर्जा सुरक्षण वापत जमानत दिएको हदसम्मको अधीनमा रही निजको सम्पत्ति प्राप्त गर्ने प्रतिवादी कृष्ण बहादुर थापा, मिरा थापा र बिना कुमार बस्नेतबाट त्यस्तो सम्पत्तिले खामेसम्मको रकमबाट असुलउपर गरी भराई दिनु..........१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादीहरु हर च्वाइस प्रा.लि., मीरा थापा, कृष्ण बहादुर थापा, बिष्णु थापा र स्व. प्रद्युम्न थापा (बिना बस्नेत)ले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन...३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु...४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु...............................५

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ६ को निर्णय तयार गर्न सहयोग गर्नेः
नायब सुब्बाः होम प्रसाद आचार्य।
कम्प्यूटर अपरेटरः संगिता कपाली।
इति सम्वत् २०७४ बैशाख २० गते रोज ४ शुभम्...........

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७१ को उजुरी निवेदन द.नं. १०१-०७१-३५२

निर्णय नं. ३

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. २ गैरीधारास्थित केन्द्रीय कार्यालय रहेको सनराईज बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य......................१

प्रतिवादीको नाम, थर र वतनः

मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ८ मा रहेको मनकामना क्रसर उद्योग प्रा.लि. १

ऐ. कम्पनीका संचालक अध्यक्ष चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ४ बस्ने मंगलप्रसाद श्रेष्ठको छोरा, ऐ. बस्ने व्यक्तिगत तथा सामूहिक जमानीकर्ता राजेन्द्र कुमार श्रेष्ठ.......................१

ऐ. कम्पनीका संचालक गोरखा जिल्ला, आरुघाट गा.वि.स. वडा नं. १ बस्ने व्यक्तिगत तथा सामूहिक जमानीकर्ता राम कुमार श्रेष्ठको श्रीमती सरस्वती श्रेष्ठ १

ऐ. कम्पनीका संचालक का.जि.का.म.न.पा. वडा नं. २१ बस्ने शिवरत्न बानियाको छोरा, ऐ. बस्ने व्यक्तिगत तथा सामूहिक जमानीकर्ता राम रतन बानिया..१

ऐ. कम्पनीका संचालक कास्की जिल्ला, पोखरा उप.म.न.पा. वडा नं. ९ बस्ने तर्थमान श्रेष्ठको छोरा, ऐ. बस्ने व्यक्तिगत तथा सामूहिक जमानीकर्ता शंकर मान श्रेष्ठ १

ऐ. कम्पनीका संचालक का.जि.का.म.न.पा. वडा नं. ३३ बस्ने व्यक्तिगत तथा सामूहिक जमानीकर्ता देवराज उपाध्यायको छोरी, ऐ. बस्ने कमला सुवेदी..१

निवेदकको साक्षीः ×

निवेदक/वादीको कागजः

(क) ऋणी कम्पनी दर्ता प्रमाण पत्र, प्रवन्ध पत्र, नियमावली।

(ख) कर्जा स्वीकृत पत्र।

(ग) धितो सुरक्षण लिखत/कर्जा तमसुक तथा सम्झौता।

(घ) प्रतिवादीहरुको व्यक्तिगत तथा सामूहिक जमानीको लिखत।

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना।

(च) धितो लिलाम बिक्रीसम्बन्धी सार्वजनिक सूचना।

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

१. प्रतिवादीहरु मनकामना क्रसर उद्योग, शंकरमान श्रेष्ठ, राम रतन बानिया, कमला सुवेदी, राजेन्द्र कुमार श्रेष्ठलाई हाजिर हुन आउने १५ दिने सूचना।

२. प्रतिवादी सरस्वती श्रेष्ठको प्रतिउत्तर पत्र।

३. मनकामना क्रसर उद्योग प्रा.लि.ले मिति २०६८।३।१३ मा रु.४,४०,००,०००।- (अक्षरेपी चार करोड चालीस लाख मात्र) अधिविकर्ष र आवधिक कर्जा लिंदा प्रतिवादी सरस्वती श्रेष्ठ आफू उक्त कम्पनीको संचालक नरहेको, व्यक्तिगत तथा सामूहिक जमानीकर्ता नभएको र मेरो नामको शेयर मिति २०६८।२।३ मा नै उक्त प्रा.लि.का अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठलाई हक हस्तान्तरण गरेको भनी जिकीर लिएको सम्बन्धमा वादी बैंकको लिखित प्रतिक्रिया।

४. वादी बैंक र प्रतिवादी ऋणी कम्पनीका बीच मिति २०६५।१।१८ मा भएको ऋण सम्झौता पत्र र सोसंग सम्बन्धित कागजात।

५. प्रतिवादी ऋणी कम्पनीका साविक शेयर धनीहरु सुरजलाल श्रेष्ठ र वविता खेतानले ऋणी कम्पनीले लिन तथा तिर्नु पर्ने दायित्व बाडफाँड गरी दायित्व फारफारक गर्ने प्रयोजनको लागि वादी बैंक समक्ष पेश भएका कागजात तथा सो सम्बन्धमा बैंकबाट भएको निर्णय।

६. वादी बैंक र ऋणी कम्पनीका बीच

रु.४,४०,००,०००।- अधिविकर्ष र आवधिक कर्जा कायम गरी मिति २०६८।३।१३ मा भएको ऋण सम्झौता र सोसंग सम्बन्धित कागजात।

७. देहायको हिसाब विवरण खुलाई पठाउन मिति २०७३।१०।१० मा दिएको आदेशः-

(१) कर्जा दिएको रकमसम्बन्धी विवरण।

(२) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(क) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ख) धितो लिलामबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) प्रकरण नं. (२) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने बाँकी रहेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम सम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

८. मिति २०६८।३।१३ को बैंकिङ्ग ऋण स्वीकृती पत्रको प्रकरण नं. २.२.१ मा थप सुरक्षण शीर्षक अन्तर्गत सरस्वती श्रेष्ठ समेतको व्यक्तिगत जमानी पत्र समेत उल्लेख भएको र थप सुरक्षण वापत प्रतिवादीहरुबाट लिईएका व्यक्तिगत जमानी पत्रहरुको प्रतिलिपि पेश भएको नदेखिंदा सो समेत वादी बैंकबाट झिकाई पेश गर्नु।

९. प्रतिवादी सरस्वती श्रेष्ठले आफ्नो प्रतिउत्तर पत्रको प्रकरण नं. ४ को खण्ड (छ) मा कम्पनीको आफ्नो संस्थापक शेयर अध्यक्ष

राजेन्द्र कुमार श्रेष्ठलाई मिति २०६८।२।१ मा बिक्री गरी शेयर हकहस्तान्तरण गरेको भन्ने जिकीर लिएको सन्दर्भमा उक्त शेयर हस्तान्तरण/दाखिल खारेज गर्नु पूर्व वादी बैंकसंग कुनै किसिमको लिखत/सम्झौता भए/नभएको सम्बन्धमा वादी बैंकको प्रतिक्रिया लिई कुनै किसिमको लिखत/सम्झौता भएको भए सम्बन्धित लिखतहरुको प्रतिलिपि झिकाउनु।

१०. प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि.संग सम्बन्धित सक्कल फाईल कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट झिकाउनु भन्ने आदेश।

११. मिति २०६८।३।१३ मा वादी बैंक र प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि.का बीच कर्जा नवीकरण सम्झौता पत्रको सक्कल लिखत तथा सोसंग सम्बन्धित अन्य लिखत कागजातहरु वारेस मार्फत वादी बैंकबाट झिकाउनु भन्ने आदेश।

१२. प्रतिवादी राजेन्द्र कुमार श्रेष्ठले मिति २०६८।३।१३ मा गरि दिएको व्यक्तिगत जमानीको लिखतको सक्कल प्रति तथा सोही मितिमा अन्य प्रतिवादीहरुबाट व्यक्तिगत जमानीको लिखत लिएको भए सोको सक्कल कागजात वारेस मार्फत वादी बैंकबाट झिकाउनु।

१३. मिति २०७३।१२।८ को प्रकरण नं. २ र ३ को कार्यसम्पन्न नभई प्रस्तुत मुद्दा पेशीमा चढेको देखिंदा पूर्व आदेशानुसारको कार्य सम्पन्न गरी नियमानुसार गरी पेश गर्नु।

१४. वादी बैंक तथा उपस्थित प्रतिवादीको तर्फबाट लिखित बहसनोट १५ (पन्ध्र) दिनभित्र पेश गर्न लगाई नियमानुसार गरी पेश गर्नु।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. वादी सनराईज बैंक लिमिटेडबाट प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि.लाई टर्म लोन र ओभर ड्राफ्ट (अधिविकर्ष) कर्जा क्रमशः रु.९ करोडको १०% र रु.७० लाखको १०.५% ले गरी रु.९ करोड ७० लाख कर्जा स्वीकृत भई कर्जा कारोवार गर्नु भएकोमा विपक्षीले कर्जा चुक्ता गर्ने, नवीकरण गर्ने तर्फ पहल नगरेको तथा कम्पनीका साविक शेयर धनीहरु मध्येका सुरज लाल श्रेष्ठ र बबिता खेतानले कम्पनीबाट हट्ने निर्णय गरी सोही बमोजिम कम्पनीले लिन तथा तिर्नु पर्ने दायित्व बाँडफाँड गरी उजुरी निवेदक बैंकसंग अनुरोध गरे पश्चात् निवेदक बैंकले कम्पनीको नाममा मिति २०६८।३।१३ को ऋणी सम्झौता अनुसार रु.४,४०,००,०००।- अघिविकर्ष र आवधिक कर्जा कायम गरी कर्जा कारोवार गरेको, उक्त कर्जाको भुक्तानी समयावधि ३३ महिना अर्थात २१।०३।२०१४ सम्म रहेको, कर्जाको ब्याज क्रमशः १५ तथा १४.५ प्रतिशतले हरहिसाब गरी त्रैमासिक रुपमा भुक्तानी गर्ने शर्त रहेको। उक्त कर्जा लिंदा प्रा.लि.को नाममा दर्ता रहेको मकवानपुर जिल्ला ज्यामिरे (हाल मनहरी) गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ११२, १६९, ३१७, ४५४, ५५४, ५६०, ५७३, ५७५, ६२१, ६४३, ६४४, ७१८ र ७१९ को कूल क्षे.फ. २-१०-१३ (बिगाहा) जग्गा बैंकको नाममा धितो सुरक्षण राखेको, कम्पनीको नाममा रहेको ना३ख ९७०६ टिपर, बा.१क ६८६० लोडर बैंकको नाममा धितो सुरक्षण राखी हाईपोथिकेशन कर्जा अन्तर्गत धितो सुरक्षण वापत स्टोन क्रसिङ्ग प्लान्ट, मेसिनरी, इक्विप्मेण्ट, जेनेरेटर, ट्रान्सफर्मर लगायत अन्य चलअचलत सम्पत्ति धितोमा रहेको। साथै प्रतिवादीहरु राजेन्द्र कुमार श्रेष्ठ, श्रीमती सरस्वती श्रेष्ठ, राम रतन बानियाँ, शंकरमान श्रेष्ठ र कमला सुवेदीको रु.९ करोड ७० लाखको व्यक्तिगत तथा सामूहिक जमानीमा कर्जा प्रवाह भएको। धितो सुरक्षणमा रहेको सम्पूर्ण सम्पत्तिको लिलाम बिक्रीबाट प्राप्त रकम वक्यौता साँवा, व्याजमा जम्मा गरि हिसाब मिलान गर्दा समेत बाँकी रहेको साँवा, व्याज तिर्न बुझाउन ऋणी तथा व्यक्तिगत/सामूहिक जमानीकर्ताहरुलाई लिखित पत्राचार गरेको, ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेको। धितो सुरक्षणमा रहेको जग्गा तथा मेसिनरी लिलाम बिक्री गरी प्राप्त रकम साँवा व्याजमा हिसाब मिलान गर्दा समेत मिति २०७२ जेठ मसान्तसम्म बाँकी साँवा रु.९८,०९,५४१।४८, व्याज रु.१,१८,१३,०८०।३८, पेनाल्टी व्याज रु.१,६६,२१,१६५।८५, व्याजको व्याज रु.२९,३७,७२६।१८ अन्य खर्च रु.१८,१८,११५।०६ समेत कूल जम्मा रु.४,२९,९९,६२८।९५ र मिति २०७२।३।१ देखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन हुने दिनसम्मको १४.५% का दरले हुने ब्याज समेत हिसाब गरी प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भन्ने वादी सनराईज बैंकको मिति २०७२।३।७ को उजुरी निवेदन।

२. प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि., ऐ. कम्पनीका संचालक अध्यक्ष तथा व्यक्तिगत/सामूहिक जमानीकर्ता राजेन्द्र कुमार श्रेष्ठ, ऐ. कम्पनीका संचालक व्यक्तिगत/सामूहिक जमानीकर्ताहरु राम रतन बानिया, शंकरमान श्रेष्ठ र कमला सुवेदीले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली,

२०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले म्यादभित्र प्रतिउत्तर पत्र नदिई म्याद गुजारी बसेको।

३. प्रतिवादी मनकामना क्रसर उद्योगले वादी बैंकबाट मिति २०६८।३।१३ मा रु.४ करोड ४० लाख अधिविकर्ष र आवधिक कर्जा लिंदा म कम्पनीको संचालक नरहेको र व्यक्तिगत तथा सामूहिक जमानी नबसेको, मेरो नाममा रहेको शेयर संस्थापक अध्यक्ष राजेन्द्र श्रेष्ठलाई मिति २०६८।२।१३ मा बिक्री गरिसकेकोले उजुरी निवेदनमा उल्लिखित म संगको दावी खारेज गरी पाउँ भन्ने ऐ. कम्पनीका संचालक व्यक्तिगत/सामूहिक जमानीकर्ता श्रीमती सरस्वती श्रेष्ठको प्रतिउत्तर पत्र।

४. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

५. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भएको र सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी बैंकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री राजु शाक्य र श्री ज्ञानरत्न शाक्यले कर्जा स्वीकृत पत्रमा उल्लेखित शर्त बमोजिम प्रतिवादीहरुले साँवा, व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा कम्पनीसंग पटक पटक मौखिक तथा लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत ऋणी तथा जमानतकर्ताहरुले साँवा, व्याज चुक्ता नगरेको तथा जमानतकर्ता सरस्वती श्रेष्ठले मिति २०६५।११।२८ मा गरिदिएको जमानतपत्रमा संस्थाको व्यवस्थापन परिवर्तन वा विधान विनियम संशोधन भए पनि दायित्व समाप्त भएको मानिने छैन र तिर्न बुझाउन मञ्जुर छु भनी सहीछाप गरि दिनु भएको, नयाँ कर्जा सम्झौताको शर्तमा पुरानो जमानत दिएकोमा यथावत कायम रहेको प्रष्ट उल्लेख भएको, उल्लिखित लिखत बमोजिम आफ्नो दायित्व पुरा नगरेको अवस्थामा अन्यथा भनी जिकीर लिनु भनेको विवन्धनको सिद्धान्त समेतले मिल्ने अवस्था नरहेकोले दावी बमोजिमको साँवा, व्याज विपक्षीहरुबाट दिलाई भराई पाउँ भन्ने र प्रतिवादी सरस्वती श्रेष्ठको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री अमृत शर्मा, कमल कुमार भारती र बिष्णु प्रसाद वास्कोटाले मिति २०६८।३।१३ मा कर्जा लिंदा प्रतिवादी सरस्वती श्रेष्ठले कम्पनीको संचालक नरहेको, व्यक्तिगत/सामूहिक जमानी नबसेको र आफ्नो शेयर ऋणी कम्पनीका संस्थापक अध्यक्ष राजेन्द्र श्रेष्ठलाई बिक्री गरिसकेको, शेयर बिक्री गर्दा बिपक्षीको स्वीकृति लिनु पर्ने भन्ने विपक्षीको जिकीर कानून सम्मत् छैन। कम्पनी ऐन, २०६३ को दफा ४२ मा कम्पनीको शेयर खरिद बिक्री गर्न पाउने व्यवस्था गरेको छ। सम्मानित सर्वोच्च अदालतबाट लुनकरणदास चौधरी समेत विरुद्ध नेपाल राष्ट्र बैंक समेत भएको उत्प्रेषण समेतको मुद्दामा कानूनले प्रदान गरेको शेयर बिक्री गर्न पाउने हकलाई तमसुकको शर्तले रोक्न नमिल्ने भनी प्रतिपादित सिद्धान्त समेतका आधारमा कम्पनीको शेयर बिक्री गर्न विपक्षीको स्वीकृति आवश्यक नभएको तथा मेरो पक्षले २०६५ सालमा गरेको जमानतको लिखतको औचित्य कर्जाको म्याद समाप्त भई अर्को कर्जा सम्झौता

गरेपछि समाप्त भएको, मिति २०६८।३।१३ को कर्जामा वादी बैंकले मेरो पक्षको व्यक्तिगत जमानतको कागजात पेश गर्न नसकेको, २०६५ सालको कर्जा सम्झौता र २०६८ सालको कर्जा सम्झौताको कर्जा रकम, व्याजदर, कर्जा चुक्ता गर्ने शर्त भाका समेत फरक रहेको र करार ऐन, २०५६ को दफा १७ अनुसार जमानतकर्तालाई थाहा जानकारी नदिई सम्झौताका शर्तहरु फेरबदल गरेमा जमानतकर्ता दायित्वबाट मुक्त हुने व्यवस्था रहेकाले सो आधारमा समेत मेरो पक्षले कर्जाको दायित्व बहन गर्नु पर्ने होइन भनी गर्नु भएको बहस समेत सुनियो।

६. यसमा वादी तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुले गर्नु भएको बहस जिकीर तथा पेश हुन आएको बहस नोट, मिसिल संलग्न प्रमाण तथा कागजातहरुको अध्ययन गर्दा देहायका प्रश्नहरुमा निरोपण गर्नु पर्ने देखियोः-

(१) वादी सनराईज बैंक लिमिटेडलाई दावी बमोजिमको ऋण रकम भराई दिनु पर्ने हो वा होईन?

(२) वादी बैंकबाट मनकामना क्रसर उद्योगले मिति २०६८।३।१३ को ऋण सम्झौता अनुसार लिएको ऋणको दायित्व प्रतिवादी मध्येकी सरस्वती श्रेष्ठले मिति २०६५।११।१८ मा दिएको व्यक्तिगत जमानतको आधारमा व्यहोर्नु पर्ने हो वा होईन?

पहिलो प्रश्नतर्फ विचार गर्दा वादी सनराईज बैंक लिमिटेडले प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि. लाई मिति २०६८।३।१३ को ऋण सम्झौता अनुसार रु.४,४०,००,०००।- अधिविकर्ष र आवधिक कर्जा प्रवाह गरेको र उक्त कर्जाको भुक्तानी समयावधि ३३ महिना अर्थात् २१।०३।२०१४ सम्म रहेको र उक्त कर्जाको व्याज क्रमशः १५ तथा १४.५% ले हरहिसाब गरी त्रैमासिक रुपमा भुक्तानी गर्नु पर्ने शर्तहरु रहेकोमा तोकिएको अवधिमा कर्जा किस्ता र व्याज भुक्तानी नगरेकोले र सो कर्जा प्रदान गर्दा धितो सुरक्षण तथा व्यक्तिगत तथा सामुहिक जमानी लिएकोमा धितो सुरक्षणमा रहेका जग्गा, मेशिनरी सामानहरु लिलाम बिक्री तथा ऋण असुली सम्बन्धी विभिन्न प्रयास गर्दा समेत साँवा, व्याज असुल हुन नसकेकोले बाँकी साँवा, व्याज असुलीका लागि यस न्यायाधिकरण समक्ष उजुरी दिएकोमा यस न्यायाधिकरणबाट प्रतिवादीहरु मनकामना क्रसर उद्योग प्रा.लि., ऐ. कम्पनीका संचालक, व्यक्तिगत तथा सामूहिक जमानीकर्ता राजेन्द्र कुमार श्रेष्ठ, ऐ. कम्पनीका संचालक व्यक्तिगत/सामूहिक जमानीकर्ताहरु राम रतन बानिया, शंकर मान श्रेष्ठ र कमला सुवेदीका नाममा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले उक्त म्यादभित्र प्रतिउत्तर पत्र नफिराई म्याद गुजारी वादी बैंकको दावी स्वीकार गरी बसेको र प्रतिवादीहरु मध्येकी सरस्वती श्रेष्ठले प्रतिउत्तर पेश गरी प्रतिवाद गरेको अवस्था देखियो।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुलउपर गर्न सक्ने व्यवस्था भएको र सो अनुरुप असुलउपर हुन नसकेमा असुलीको लागि बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ बमोजिम यस

न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ। यसरी वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम ऋणीले तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा वादी बैंकले असुलउपर गर्नु पर्ने कर्जाको साँवा, व्याज भराई पाउने नै देखिन आयो।

दोश्रो प्रश्नतर्फ विचार गर्दा वादी बैंकले मिति २०६८।३।१३ को ऋणी सम्झौता अनुसार प्रतिवादीहरुबाट वक्यौता साँवा व्याज असुलीको मुख्य दावी गरी यस न्यायाधिकरणमा उजुरी निवेदन दिएकोमा प्रतिवादी मध्येकी सरस्वती श्रेष्ठले वादी बैंकले कम्पनीलाई मिति २०६८।३।१३ मा ऋण प्रदान गर्दा आफू कम्पनीको सञ्चालक नरहेको र उक्त ऋणको लागि आफू व्यक्तिगत तथा सामुहिक जमानी पनि नबसेकोले कम्पनीको उक्त दायित्व व्यहोर्नु पर्ने होईन भनी प्रतिउत्तर पेश गरेको देखिन्छ।

वादी बैंकले पेश गरेको मिति २०६८।३।१३ को बैंकिङ्ग ऋण स्वीकृतिपत्रको प्रकरण २.२ को थप सुरक्षणहरु शीर्षक अन्तर्गतमा प्रतिवादीहरु मध्येकी श्रीमती सरस्वती श्रेष्ठ समेतको व्यक्तिगत जमानतपत्र उल्लेख भएको सन्दर्भमा वादी बैंकलाई उक्त कर्जाको लागि प्रतिवादी सरस्वती श्रेष्ठ समेतले दिएको व्यक्तिगत जमानतपत्र सम्बन्धी कागजात पेश गर्न यस न्यायाधिकरणबाट आदेश भएकोमा प्रतिवादी मध्येका राजेन्द्र कुमार श्रेष्ठको मात्र रु.४,४०,००,०००।- कर्जा रकमको मिति २०६८।३।१३ को व्यक्तिगत जमानत पत्रको प्रमाणित प्रतिलिपि वादी बैंकबाट पेश भएको देखिन्छ।

वादी बैंकले मिति २०६८।३।१३ मा ऋणीसंग गरेको सम्झौता अनुसारको ऋण असुलीका लागि प्रतिवादी सरस्वती श्रेष्ठले मिति २०६५।११।२८ मा गरि दिएको रु.९,७०,००,०००।- को व्यक्तिगत जमानीको लिखतको आधारमा निजलाई समेत विपक्षी बनाई मुद्दा दायर गरिएको सन्दर्भमा हेर्दा कम्पनी ऐन, २०६३ को दफा ४२ मा कम्पनी ऐन, प्रवन्ध पत्र र नियमावलीको अधीनमा रही कम्पनीको शेयर बिक्री गर्न सकिने व्यवस्था रहेको र सो बमोजिम प्रतिवादी सरस्वती श्रेष्ठले आफ्नो नामको सम्पूर्ण शेयर मिति २०६८।२।३ मा सञ्चालक समितीको निर्णय बमोजिम कम्पनीका सञ्चालक राजेन्द्र कुमार श्रेष्ठलाई बिक्री गरेको र सोको कम्पनी रजिष्ट्रारको कार्यालयको शेयर दर्ता किताबमा अभिलेखिकरण गरी कम्पनी रजिष्ट्रारको कार्यालयको च.नं. २४६० मिति २०६८।५।२१ को पत्रबाट कम्पनीलाई जानकारी गराएको देखिन्छ।

मिति २०६८।३।१३ मा ऋणी कम्पनीसंग कर्जा कारोवार हुँदाका बखत प्रतिवादी सरस्वती श्रेष्ठ सञ्चालक नरहेको कम्पनी रजिष्ट्रारको कार्यालयमा रहेको अभिलेखबाट देखिएको र निजले उक्त कर्जाको लागि व्यक्तिगत तथा सामूहिक जमानी दिएको लिखत वादी बैंकले पेश गर्न नसकेको अवस्था देखिएको सन्दर्भमा वादी बैंकको तर्फबाट उपस्थित विद्वान कानून व्यावसायीहरुले बैंकको दायित्व चुक्ता नगरी वा सहमति नलिई प्रतिवादीले आफ्नो शेयर बिक्री गर्न नसक्ने भन्ने र मिति २०६५।११।१८ मा प्रतिवादीले गरिदिएको जमानीको कागजको आधारमा मिति २०६८।३।१३

को ऋण सम्झौता बमोजिमको दायित्व प्रतिवादी सरस्वती श्रेष्ठले व्यहोर्नु पर्ने भन्ने जिकीरसंग सहमत हुन सकिएन।

प्रतिवादी सरस्वती श्रेष्ठले प्रचलित कम्पनी कानून बमोजिम शेयर बिक्री गरिसकेको र निज ऋणी कम्पनीबाट अलग भईसके पश्चात् ऋणी कम्पनीले वादी बैंकसंग मिति २०६५।११।१८ को ऋण सम्झौतालाई प्रतिस्थापन गरी नयाँ सम्झौता मिति २०६८।३।१३ मा गरी कर्जा कारोवार गरेको, सो कर्जाको लागि प्रतिवादी राजेन्द्र कुमार श्रेष्ठले व्यक्तिगत जमानत दिएको र सो कर्जामा प्रतिवादी सरस्वती श्रेष्ठले कुनै किसिमको जमानत दिएको नदेखिंदा करार ऐन, २०५६ को दफा १७ समेतको आधारमा प्रतिवादी सरस्वती श्रेष्ठले मिति २०६८।३।१३ मा कर्जा कारोवार भएको ऋणको दायित्व व्यहोर्नु पर्ने दखिएन।

७. तसर्थ, वादी सनराईज बैंक लिमिटेडले प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि.बाट असुल गर्नुपर्ने पूँजीकरण बाहेकको एकमुष्ठ साँवा व्याज रु.४,००,६१,९०२।७७ (अक्षरेपी चार करोड एकसठ्ठी हजार नौ सय दुई रुपैयाँ सतहत्तर पैसा मात्र) र मिति २०७२।३।१ देखि मिति २०७४।५।१२ सम्म जम्मा ८०५ दिनको दावी साँवा रु.९८,०९,५४१।४८ (अक्षरेपी अन्ठानब्बे लाख नौ हजार पाँच सय एकचालीस रुपैयाँ अठचालीस पैसा मात्र) को वार्षिक १४.५% का दरले कायम हुने ब्याज रकम रु.३१,३७,०३७।६१ (अक्षरेपी एकतीस लाख सैंतीस हजार सैंतीस रुपैयाँ एकसठ्ठी पैसा मात्र) समेत गरी जम्मा बाँकी साँवा रकम **रु.४,३१,९८,९४०।३८ (अक्षरेपी चार करोड एकतीस लाख अन्ठानब्बे हजार नौ सय चालीस रुपैयाँ अठतीस पैसा मात्र)** र दावी साँवा रकम रु.९८,०९,५४१।४८ (अक्षरेपी अन्ठानब्बे लाख नौ हजार पाँच सय एकचालीस रुपैयाँ अठचालीस पैसा मात्र) को निर्णय मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १४.५% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी सनराईज बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ. कम्पनीका संचालक अध्यक्ष तथा व्यक्तिगत/सामूहिक जमानीकर्ता राजेन्द्र कुमार श्रेष्ठको चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने र सोबाट समेत वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सरस्वती श्रेष्ठ बाहेकका अन्य प्रतिवादी व्यक्तिगत/सामूहिक जमानीकर्ताहरु राम रतन बानिया, शंकर मान श्रेष्ठ र कमला सुवेदीको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको जमानीको लिखतको हदसम्म प्रचलित कानून बमोजिम असुलउपर गरी भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी सनराईज बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.४,३१,९८,९४०।३८ (अक्षरेपी चार करोड एकतीस लाख अन्ठानब्बे हजार नौ सय चालीस रुपैयाँ**

अठतीस पैसा मात्र) र दावी साँवा रकम रु.९८,०९,५४१।४८ (अक्षरेपी अन्ठानब्बे लाख नौ हजार पाँच सय एकचालीस रुपैयाँ अठचालीस पैसा मात्र) को निर्णय मितिदेखि भरिभराउ हुने दिनसम्मको वार्षिक १४.५% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी सनराईज बैंक लिमिटेडलाई प्रथमतः प्रतिवादी मनकामना क्रसर उद्योग प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनु, सोबाट वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ. कम्पनीका संचालक अध्यक्ष तथा व्यक्तिगत/सामूहिक जमानीकर्ता राजेन्द्र कुमार श्रेष्ठको चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनु र सोबाट समेत वादी बैंकको लेना बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सरस्वती श्रेष्ठ बाहेकका अन्य प्रतिवादी व्यक्तिगत/सामूहिक जमानीकर्ताहरु राम रतन बानिया, शंकर मान श्रेष्ठ र कमला सुवेदीको चल अचल सम्पत्तिबाट निजहरुले गरि दिएको जमानीको लिखतको हदसम्म प्रचलित कानुन बमोजिम असुलउपर गरी भराई दिनु..१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादीहरु मनकामना क्रसर उद्योग प्रा.लि., ऐ. कम्पनीका संचालक अध्यक्ष तथा व्यक्तिगत/सामूहिक जमानीकर्ता राजेन्द्र कुमार श्रेष्ठ, ऐ. कम्पनीका संचालक व्यक्तिगत/सामूहिक जमानीकर्ताहरु राम रतन बानिया, शंकर मान श्रेष्ठ र कमला सुवेदीले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन...३

यो निर्णयमा चित्त नबुझे वादी बैंकलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु...४

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु...५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु...............................६

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना १० को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः होम प्रसाद आचार्य।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७४ भाद्र १२ गते रोज २ शुभम्...........

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०७२ को उजुरी निवेदन द.नं. १०१-०७२-११९

निर्णय नं. ५६

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. १ दरबारमार्गस्थित नविल बैंक लिमिटेडको तर्फबाट कम्पनी सचिव माधव प्रसाद रेग्मी......................................१

प्रतिवादीको नाम, थर र वतनः

का.जि. गोंगबू गा.वि.स. वडा नं. ५ टोखा रोड स्थित ऋणी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि....... १

सेतेमान तामाङ्गको नाति, हर्कमान तामाङ्गको छोरा, का.जि. धापासी गा.वि.स. वडा नं. ६ बस्ने ऐ. कम्पनीका संचालक तथा व्यक्तिगत जमानीकर्ता रण बहादुर तामाङ्ग.. १

चन्द्रजित लोप्चन (लामा)को नाति, सिताराम लोचन (लामा)को छोरा, का.जि.का.म.न.पा. वडा नं. २९ बस्ने ऐ. कम्पनीको संचालक तथा जमानीकर्ता बाबुराम लोप्चन (लामा).................................. १

गम्भिर सिंह गुरुङ्गको नाति, मुन सिंह गुरुङ्गको छोरा, लमजुङ्ग जिल्ला, भोजे गा.वि.स. वडा नं. ३ बस्ने ऐ. कम्पनीका संचालक खिम प्रसाद गुरुङ्ग................ १

निवेदकको साक्षीः ×

निवेदक/वादीको कागजः

(क) अटोलोनको निवेदन।

(ख) कर्जा स्वीकृत पत्र/कर्जा तमसुक।

(ग) व्यक्तिगत जमानीको लिखत।

(घ) कर्जा चुक्ता गर्न आउने बारेको ताकेता पत्र।

(ङ) कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना।

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

१. प्रतिवादीहरुलाई हाजिर हुन आउने बारेको १५ दिने सूचना।

२. ऋणको हिसाबसम्बन्धी देहायको विवरणः

(क) कर्जा दिएको रकम सम्बन्धी विवरण।

(ख) कर्जाको साँवा, व्याज, हर्जाना असुली भएको भए सो देखिने देहाय बमोजिमको (सन्दर्भ अनुसार) छुट्टा-छुट्टै विवरणः

(१) ऋणीले तिरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(२) धितो लिलाम बिक्रीबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(३) धितो सकारबाट हिसाब मिलान गरेको साँवा, व्याज, हर्जाना तथा अन्य रकम।

(ग) प्रकरण (ख) बमोजिम कर्जा असुली भई ऋणीबाट लिनुपर्ने बाँकी रहेको साँवा, व्याज, हर्जाना तथा अन्य रकमसम्बन्धी छुट्टा-छुट्टै देखिने विवरण।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. प्रतिवादी ऋणी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि.लाई वादी नविल बैंक लिमिटेडबाट मिति २०६६।१।३१ मा सवारी कर्जा शीर्षक अन्तर्गत ९% व्याजदरमा १० वर्षभित्र भुक्तानी गर्ने गरी रु.४०,००,०००।- कर्जा प्रवाह भएको। सो कर्जामा सुरक्षण वापत बा७च. ४६४ नं. को सवारी साधन बैंकको नाममा रोक्का राखी दिनुका साथै एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि.का संचालक तथा व्यक्तिगत जमानीकर्ताहरु रण बहादुर तामाङ्ग र बाबुराम लोप्चन (लामा)को व्यक्तिगत जमानीको लिखत रहेको। ऋणीले शर्त सम्झौता बमोजिम साँवा व्याज नबुझाएकोले बैंकले विभिन्न मितिमा पटक-पटक पत्राचार गरेको, कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना प्रकाशित गरेको, धितो सुरक्षणमा रहेको गाडी लिलाम बिक्री प्रक्रिया अगाडी बढाउन महानगरीय ट्राफिक प्रहरी कार्यालयमा पत्राचार गर्दा समेत सवारी साधन फेला पर्न नसकेकोले मिति २०७२।१०।१७ सम्मको वक्यौता साँवा रु.३४,५६,९८५।८०, व्याज रु.१४,४६,३२३।३२, पेनाल व्याज रु.२,४१,६९८।९४ र अन्य दस्तुर रु.१,६३,९२७।५२ गरी जम्मा रु.५३,०८,८३५।५८ र मिति २०७२।१०।१८ देखि मुद्दाको अन्तिम किनारा भई

फैसला कार्यान्वयन हुने दिनसम्मको दावी खण्डमा उल्लेख गरे बमोजिमका व्याजदरले हुन आउने व्याज तथा अन्य दस्तुरहरु समेत विपक्षीहरुबाट दिलाई भराई पाउँ भन्ने वादी नविल बैंक लिमिटेडको मिति २०७२।१२।३० को उजुरी निवेदन।

२. प्रतिवादी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि., ऐ.का संचालक तथा व्यक्तिगत जमानीकर्ताहरु रण बहादुर तामाङ्ग र बाबुराम लोप्चन (लामा) तथा ऐ. कम्पनीका संचालक खिम प्रसाद गुरुङ्गका नाममा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद जारी भएकोमा निजहरुले उक्त म्यादभित्र प्रतिउत्तरपत्र नदिई म्याद गुजारी बसेको।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र उजुरी दर्ता भएको र सोही ऐनको दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता भक्तिराम घिमिरेले कर्जा सम्झौता बमोजिम ऋणीले साँवा व्याज नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा पटक पटक लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत साँवा व्याज नबुझाएको हुँदा कानूनको हदम्यादभित्र न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले मागदावी बमोजिम साँवा व्याज असुलउपर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

५. वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताको बहस जिकीर तथा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गर्दा प्रतिवादी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि., ऐ.का संचालक तथा जमानीकर्ता रण बहादुर तामाङ्ग र बाबुराम लोप्चन (लामा) तथा ऐ. कम्पनीका संचालक खिम प्रसाद गुरुङ्गलाई यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ८ बमोजिम म्याद तामेल गरेकोमा निजहरुले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेको देखिन आयो।

वादी बैंकले ऋणी कम्पनीका संचालक खिम प्रसाद गुरुङलाई प्रतिवादी कायम गरी उजुरी निवेदन दायर गरेको भएतापनि प्रतिवादी खिम प्रसाद गुरुङले उल्लिखित कर्जाका लागि कुनै जमानत दिएको नदेखिएको तथा वादी बैंकले समेत उजुरी निवेदनमा प्रतिवादी खिम प्रसाद गुरुङको व्यक्तिगत जमानत रहेको दावी नगरेको सन्दर्भमा कम्पनी र त्यसका शेयरहोल्डर संचालकको हैसियत र अस्तित्व फरक फरक रहेको हुन्छ। कम्पनीको शेयर होल्डर/संचालकले कम्पनीको दायित्व व्यक्तिगत रुपमा स्वतः बहन गर्नु पर्ने हुँदैन। कम्पनी ऐन, २०६३ को दफा ८ ले कम्पनीको कारोवारको सम्बन्धमा शेयर धनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहने व्यवस्था गरी संगठित

संस्थाको सीमित दायित्वसम्बन्धी सिद्धान्तलाई आत्मसात गरेको छ। त्यस्तै गरी ऐ. कम्पनी ऐनको दफा ९३, ९५ र ९९ मा उल्लिखित व्यवस्थाको अधीनमा रही कम्पनीको कारोवारमा संलग्न संचालक समेत व्यक्तिगत रुपमा दायित्व स्वतः वहन गर्नुपर्ने हुँदैन। प्रतिवादी खिम प्रसाद गुरुङले उल्लिखित ऋणको सम्बन्धमा कुनै जमानत दिएको नदेखिएको सन्दर्भमा वादी बैंकले ऋणी कम्पनीका संचालक भएको आधारमा मात्र खिम प्रसाद गुरुङ समेतबाट ऋण असुली गरि पाउन उजुरी निवेदन दायर गरेको देखिंदा सो हदसम्म अर्थात् निज खिम प्रसाद गुरुङ विरुद्ध वादी बैंकको दावी पुग्न सक्ने देखिंदैन।

सामान्यतयाः ऋण लिएपछि तोकिएको शर्त तथा सम्झौता बमोजिम ऋण चुक्ता गर्नु ऋणीको तथा आफूले दिएको जमानीको हदसम्मको दायित्व व्यहोर्नु पर्ने जमानीकर्ताको कर्तव्य रहेको हुन्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम इजाजत प्राप्त संस्थाले कर्जाको सम्झौता बमोजिम ऋणीसंग आफ्नो साँवा, व्याज असुलउपर गर्न सक्ने भएको र सो अनुरुप असुल नभएमा असुलीको लागि न्यायाधिकरण समक्ष उजुरी निवेदन दायर गर्नु कानूनसम्मत् नै देखिन्छ। यसरी वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक पटक लिखित पत्राचार र पत्रिकामा सूचना प्रकाशन लगायतका क्रियाकलाप गर्दा समेत शर्त एवं सम्झौता बमोजिम तिर्नु पर्ने साँवा, व्याज चुक्ता नगरेको देखिंदा प्रतिवादी खिम प्रसाद गुरुङ बाहेकका अन्य प्रतिवादीहरुबाट वादी बैंकले दावी गरेको कर्जाको साँवा, व्याज र अन्य खर्च भराई पाउने नै देखिन आयो।

६. तसर्थ, वादी नविल बैंक लिमिटेडले प्रतिवादी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि.बाट असुल गर्नु पर्ने एकमुष्ठ साँवा व्याज रु.५३,०८,८३५।५८ (अक्षरेपी त्रिपन्न लाख आठ हजार आठ सय पैंतीस रुपैयाँ अन्ठाउन्न पैसामात्र) र मिति २०७२।१०।१८ देखि निर्णय मिति २०७४।१०।१७ सम्म जम्मा ७३० दिनको दावी साँवा रकम रु.३४,५६,९८५।८० (अक्षरेपी चौतीस लाख छपन्न हजार नौ सय पचासी रुपैयाँ अस्सी पैसा मात्र) को वार्षिक व्याजदर ९% व्याजदरले कायम हुने व्याज रु.६,२२,२५७।४४ (अक्षरेपी छ लाख बाईस हजार दुई सय सन्ताउन्न रुपैयाँ र पैसा चवालीस मात्र) समेत गरी जम्मा **रु.५९,३१,०९३।०२ (अक्षरेपी उनन्साठ्ठी लाख एकत्तीस हजार त्रियानब्बे रुपैयाँ पैसा दुई मात्र)** र दावी साँवा रकम रु.३४,५६,९८५।८० (अक्षरेपी चौतीस लाख छपन्न हजार नौ सय पचासी रुपैयाँ अस्सी पैसा मात्र) को मिति २०७४।१०।१८ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक ९% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा अन्य प्रचलित कानून बमोजिम वादी नविल बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको बा७च. ४६४ नं. को सवारी साधन लिलाम बिक्री गरी भराई दिनुपर्ने, सोबाट वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनुपर्ने र सोबाट समेत वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ.का संचालक तथा जमानीकर्ताहरु रण बहादुर तामाङ्ग र बाबुराम लोप्चन

(लामा)को चल अचल सम्पत्तिबाट निजहरुले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी नविल बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.५९,३१,०९३।०२ (अक्षरेपी उनन्साठ्ठी लाख एकत्तीस हजार त्रियानब्बे रुपैयाँ पैसा दुई मात्र)** र दावी साँवा रकम रु.३४,५६,९८५।८० (अक्षरेपी चौतीस लाख छपन्न हजार नौ सय पचासी रुपैयाँ अस्सी पैसा मात्र) को मिति २०७४।१०।१८ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक ९% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी नविल बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको बा७च. ४६४ नं. को सवारी साधन लिलाम बिक्री गरी भराई दिनु, सोबाट वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी ऋणी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि.को चल अचल सम्पत्तिबाट असुलउपर गरी भराई दिनु र सोबाट समेत वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम ऐ.का संचालक तथा जमानीकर्ताहरु रण बहादुर तामाङ्ग र बाबुराम लोप्चन (लामा)को चल अचल सम्पत्तिबाट निजहरुले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही भराई दिनु...१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

प्रतिवादी एभरेष्ट होलिडेज ट्राभल एण्ड टुर प्रा.लि. र ऐ.का संचालक तथा जमानीकर्ताहरु रण बहादुर तामाङ्ग र बाबुराम लोप्चन (लामा)ले प्रतिउत्तरपत्र नफिराई म्याद गुजारी बसेकोले निजहरुलाई पुनरावेदन म्याद दिई रहनु परेन...३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु...४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु..............................५

....	....	....
लेखा सदस्य	**बैंकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ५ को निर्णय तयार गर्न सहयोग गर्नेः

नायब सुब्बाः होम प्रसाद आचार्य।

कम्प्यूटर अपरेटरः संगिता कपाली।

इति सम्वत् २०७४ माघ १७ गते रोज ५ शुभम्...........

श्री ऋण असुली न्यायाधिकरण

इजलास

अध्यक्ष : श्री मानबहादुर अर्याल

बैंकिङ्ग सदस्य : श्री उपेन्द्र बहादुर कार्की

लेखा सदस्य : श्री जयदेव श्रेष्ठ

निर्णय

सम्वत् २०६९ को उजुरी निवेदन द.नं. १०१-०६९-२७४

निर्णय नं. ७७

मुद्दाः ऋण असुली

निवेदक/वादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. २ लाजिम्पाट स्थित कर्पोरेट कार्यालय रहेको माछापुच्छ्रे बैंक लिमिटेडका तर्फबाट ऐ. का प्रमुख कार्यकारी अधिकृत तुलसीराम गौतम...........................१

निवेदकको साक्षीः ×

निवेदक/वादीको कागजः

(क) कम्पनीको दर्ता प्रमाण पत्र, प्रवन्धपत्र, नियमावली।

(ख) स्थायी लेखा नम्बरको दर्ता प्रमाण पत्र।

(ग) कर्जा सुविधा पत्र।

(घ) कर्जा तमसुक, व्यक्तिगत जमानीको लिखत।

(ङ) संस्थागत जमानीको लिखत, प्रोमिसरी नोट।

(च) जनरल लेटर अफ हाईपोथिकेशन।

(छ) कर्जा चुक्ता गर्न पठाएको पत्रहरु।

(ज) कर्जा चुक्ता गर्न आउने बारेको मिति २०६४।६।२० र २०६८।५।२९ को सार्वजनिक सूचना।

प्रतिवादीको नाम, थर र वतनः

का.जि.का.म.न.पा. वडा नं. ४ चुनदेवीस्थित कार्यालय रहेको सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि...१

ऐ.का संचालक का.जि.का.म.न.पा. वडा नं. ४ बस्ने अजय प्रसाद प्रधान १

प्रतिवादीको साक्षीः

प्रतिवादीको कागजः

१. प्रतिवादीहरुको प्रतिउत्तर पत्र।

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षीः×

कागजः

१. कर्जा प्रवाह सम्बन्धी सम्पूर्ण कागजातहरु (कर्जा आवेदन/स्वीकृती पत्र, तमसुक, जमानत, धितो विवरण समेत) को प्रमाणित प्रतिलिपि वादी बैंकबाट ७ (सात) दिनभित्र झिकाउनु।

२. यस न्यायाधिकरणको मिति २०७३।१।९ गतेको आदेश बमोजिम कागजात प्राप्त भएको नदेखिंदा निम्नानुसारका कागजात वादी बैंकलाई १(एक) महिना भित्र पेश गर्न लगाई नियमानुसार गर्नुः-

(क) उजुरी निवेदनको प्रकरण नं. ६ मा दावी गरेको बैंक ग्यारेण्टी रकम ओभरड्रन गरी भुक्तानी गरेको कर्जाको साँवा रकम रु.५,८१,४३,५२८।१० र व्याज रकम रु.१,७२,०३,६९२।५७ गरी कुल जम्मा रु.७,५३,४७,२२०।६७ को कर्जा मागपत्र वा सम्झौता पत्र, स्वीकृत पत्र (Offer letter), कर्जा तमसुक, प्रोमिसरी नोट र व्यक्तिगत जमानी सम्बन्धी प्रमाणित कागजातहरु।

(ख) ऋणीको कर्जा कारोवार स्टेटमेण्ट।

३. प्रस्तुत मुद्दा अन्य १०१-०६९-२७५, १०१-०६९-२७८, १०१-०६९-२८५ र १९१-०६९-२९४ का मुद्दाहरुसंग कुनै सम्बन्ध नरहेको हुँदा लगाउ अलग गरी हेरी पाउँ भनी वादी प्रतिवादीका कानून व्यवसायीहरुले बहसको क्रममा उल्लेख गर्नु भएको र मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दा लगाऊमा राखी हेर्नु पर्ने अवस्थाको नदेखिंदा लगाउबाट छुट्याई अलग गरी नियमानुसार गरी पेश गर्नु।

४. यसमा देहाय बमोजिमको कागजात विवरण वादी/माछापुच्छ्रे बैंक लिमिटेडको वारेस मार्फत झिकाई नियमानुसार गरी पेश गर्नुः-

(क) वादी बैंकले ऋणीलाई दिएको Credit Facilities Letter मा बैंक ग्यारेण्टीको अवधी 31/03/2007 सम्म उल्लेख भएकोमा लुम्बिनी बैंक लिमिटेडलाई पत्राचार गरेको बैंक ग्यारेण्टी पत्रमा "This guarantee shall be effective from 14 May, 2006 and expires on 13 May, 2011..." उल्लेख भएको देखिंदा सो सम्बन्धमा के कसो भएको हो? सोसंग सम्बन्धित प्रमाणित कागजातहरु।

(ख) उजुरी निवेदनको मागदावीमा ओभरड्राफ्ट/

टर्म लोन/डिमाण्ड लोन र बैंक ग्यारेण्टी शीर्षक अन्तर्गत कर्जा प्रवाह भएको भनी उल्लेख भएकोमा यस न्यायाधिकरणको मिति २०७३।१।९ को आदेश बमोजिम पेश भएको १२ जुलाई २००८ को Credit Memorandum मा BLC लोन उल्लेख गरेको देखिंदा सो सम्बन्धमा वादी बैंकको प्रतिक्रिया।

५. वादी तथा प्रतिवादीहरुका कानून व्यवसायीहरुबाट प्रस्तुत मुद्दाको लिखित बहस नोट ४५ (पैंतालीस) दिनभित्र पेश गर्न लगाई नियमानुसार गरी पेश गर्नु।

<u>प्रस्तुत मुद्दाको तथ्य र ठहर देहाय बमोजिम रहेको छः</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.ले मिति २०६२।१२।३० (१२ अप्रिल २००६) मा ओभरड्राफ्ट कर्जा शीर्षकबाट ९% व्याजदरमा रु.३ करोड, टर्म लोन कर्जा शीर्षकबाट १०% व्याजदरमा रु.१० करोड, डिमाण्ड लोन कर्जा शीर्षकबाट ९.५% व्याजदरमा रु.४ करोड, बैंक ग्यारेण्टीबाट ०.२५% व्याजदरमा रु.१० करोड १ वर्षदेखि ११ वर्षभित्र मिति ३१।७।२००७ मा भुक्तानी गर्ने गरी विभिन्न कर्जा शीर्षक अन्तरगत रु.२७ करोड कर्जा स्वीकृत भएको। उक्त कर्जा प्रवाह गर्दा निजले ऋण कर्जाको तमसुक गरेको, कर्जाको लागि संस्थागत जमानतका रुपमा सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि. तथा ऐ.का संचालक अजय प्रसाद प्रधानले व्यक्तिगत जमानतको कागज, हाईपोथिकेशनको लिखत, प्रोमिसरी नोट, Letter of Agreement, Leter of Set off, Letter of Continuity गरि दिएको तथा विपक्षीले कर्जाको व्याज लगायत समय/समयमा बैंकलाई तिर्नु बुझाउनु पर्ने रकम भुक्तानी गर्दै आएकोले शुरु मितिले १ वर्षसम्मको लागि प्रवाह गरिएको कर्जा १६ जुलाई २००७ र १४ जुलाई २००८ को मितिमा अवधि थप गरिदै लगिएको, विपक्षीहरुले कर्जा सुरक्षणको लागि ऋणी कम्पनीको नामको मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता कायम भई निजकै हकभोगमा रहेको का.जि.का.म.न.पा. वडा नं. २ स्थित कि.नं. २०७ को क्षे.फ. १-६-३-१ जग्गा, ऐ.ऐ. स्थित कस्मिक इन्भेष्टमेण्ट प्रा.लि.को नाममा रहेको कि.नं. २०६ को क्षे.फ. ०-१२-१-३ जग्गा र सोमा निर्माणाधिन भवन समेत धितो बन्धक दिएको र उक्त धितोमा रहेको जग्गा २००८ जुलाईमा बिक्री गरी विपक्षी ऋणीको बैंक ग्यारेण्टी रु.५,३०,००,०००।- र ओभरड्राफ्ट कर्जा रु.१,००,००,०००।- बाहेक अन्य कर्जा चुक्ता भएको। लुम्बिनी बैंकले विपक्षीहरुको नाउँमा प्रवाह गरेको कर्जाको धितो सुरक्षण निमित्त हामी बैंकले मिति मे १४,

२००६ मा जारी गरेको बैंक ग्यारेन्टी MBL/06/KTM/GTEE/158 को मे १३, २०११ मा समाप्त हुने अवस्था भएको र विपक्षीले लुम्बिनी बैंकबाट सो ग्यारेन्टीको हकमा लिएको कर्जाको भुक्तानी म्याद १३ अप्रिल, २०११ कायम रहेको र सो कर्जाको साँवा तथा व्याज रकम विपक्षीले नतिरी अटेर गरी बसेपछि लुम्बिनी बैंकबाट उक्त रकमको हकमा हामी उपर दावी लिई पत्र प्रेषित गरेपछि जमानी बसे वापतको उक्त रकम रु.५,२१,९०,९८३।५५ लुम्बिनी बैंकको खातामा मे ३, २०११ को पत्रबाट भुक्तानी गरिएको। यसरी लुम्बिनी बैंकलाई विपक्षी ऋणीले विभिन्न मितिमा बुझाउनु पर्ने व्याज वापतको रकम तथा ग्यारेन्टीको दावी वापतको रकम समेत गरी जम्मा रु.५,८१,४३,५२८।१० र सो कर्जाहरु विपक्षीको खातामा ओभरड्रन गरी भुक्तानी गरेको हुँदा सोमा १८% का दरले हुन आएको व्याज, पेनाल व्याज समेत मिति २०६९/७/३० गतेसम्मको विपक्षीले तिर्न बुझाउन पर्ने व्याज रु.१,७२,०३,६९२।५७ समेत जम्मा बाँकी साँवा व्याज रकम रु.७,५३,४७,२२०।६७ हुन आएकोले विपक्षी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि., ऐ.का संचालक तथा ऋण कर्जाको व्यक्तिगत जमानत दिने अजय प्रसाद प्रधानबाट यस बैंकले असुलउपर गर्नुपर्ने साँवा, व्याज तथा अन्य खर्च गरी उजुरीको अन्तिम टुङ्गो लागेको दिन तक हुने रकमका साथै भरिभराउ हुँदाको मितिसम्मको १८% का दरले व्याज समेत असुलउपर गरि पाउँ भन्ने वादी माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०६९/८/२६ को उजुरी निवेदन।

२. विपक्षी वादीको फिराद दावी प्रष्ट छैन। म एकल संचालक रहेको सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.ले मार्च २९, २००६ (२०६२/१२/१६) को अनुरोध अनुसार विभिन्न शीर्षक अन्तर्गत रु.२७ करोड कर्जा उपभोग गरेकोमा सो कर्जा उपभोग गर्दा राखिएको धितो जमानतको सम्पत्ति बिक्री गरिएको भन्ने दावी उल्लेख भएकोमा कुन मितिमा, कुन शीर्षकमा यस प्रा.लि.ले कति कर्जा उपभोग गरेको हो र त्यसरी उपभोग गरिएको कर्जा रकमको कसरी, कुन/कुन शीर्षकको कर्जा चुक्ता हिसाब मिलान गरिएको हो उजुरी दावीमा प्रष्ट उल्लेख नगरिएको, विपक्षी बैंकसंग कर्जा कारोवारको विवरण उपलब्ध गराई पाउँ भनी पटक पटक अनुरोध गरिरहँदा पनि विपक्षी बैंकको तर्फबाट कर्जाको पूर्ण विवरण आजसम्म पनि उपलब्ध गराइएको छैन। विपक्षी माछापुच्छ्रे बैंक लिमिटेडसंग मिति २०६२/१२/३० (अप्रिल १२, २००६) मा भएको उक्त सम्झौताको Clause नं. ३ मा प्रा.लि. को तर्फबाट धितो दिएको सम्पत्तिलाई विपक्षी बैंक आफैंले रु.२७ करोड मूल्याङ्कन गरेको, उक्त धितो रु.२२ करोडमा बिक्री गरिएकोमा रु.२० करोड मात्रै कर्जामा मिलान भएको सुन्नमा आएको, मिति २०६२/१२/३० (अप्रिल १२, २००६) को कर्जा सम्झौताको Section D मा विपक्षी बैंकले म संचालक रहेको प्रा.लि.लाई प्रदान गरेको बैंक ग्यारेन्टीको कर्जा सुविधाको अवधि २ वर्ष मात्रै वा ३१/०३/२००७ सम्म रहेको उल्लेख छ, सो बाहेक बैंकसंग अरु कुनै सम्झौता गरिएको छैन। विपक्षी उजुरवाला वादीले मे १४, २००६ मा रु.५,३०,००,०००।- को बैंक ग्यारेण्टी जारी गरेको र सोको म्याद मे १३, २०११ मा समाप्त भएको भन्ने दावी लिएकोमा उक्त बैंक ग्यारेन्टी कर्जा रु. २७ करोड कर्जा मध्येको हो वा अन्य हो भन्ने स्पष्ट नभएको, विपक्षी बैंकले

लुम्बिनी बैंकबाट म संचालक रहेको प्रा.लि. ले लिएको कर्जा वापत रु.५,८१,४३,५२८।१० तिरि दिएको उल्लेख गर्दै रु.१,७२,०३,०६९।५७ व्याज तिर्नुपर्ने भन्ने दावी गरेको तर सो कर्जाको पूर्ण विवरण विपक्षी बैंकबाट उपलब्ध गराइएको छैन। विपक्षी बैंकले म संचालक रहेको प्रा.लि. को नाममा स्वीकृत कर्जा र सोको उपभोगको पूर्ण विवरण उपलब्ध नगराइएको कारण आफ्नो दायित्व निश्चित हुन नसकेको, उक्त विवरण आएपछि वा संचालक रहेको प्रा.लि. लाई सो सम्बन्धमा आफ्नो भनाई राख्ने मौका प्रदान गरि नियम बमोजिम विपक्षीलाई तिर्न बुझाउन एकिन भएको दायित्व तिर्न बुझाउन एवं विधिसम्मत् हिसाब मिलान गर्न मञ्जुर नै रहेको भन्ने मिति २०७२।११।१९ को प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि. र आफ्नो तर्फबाट समेत अजय प्रसाद प्रधानको एकै मिलानको छुट्टा छुट्टै प्रतिउत्तर पत्र।

३. यस न्यायाधिकरणबाट विभिन्न मितिमा भएका आदेशानुसार वादी बैंकबाट प्राप्त भएसम्मका प्रमाण कागजात मिसिलसाथ संलग्न छन्।

<u>न्यायाधिकरणको निर्णयः</u>

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ बमोजिम न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने भई साप्ताहिक एवम् दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री शिव प्रसाद रिजाल, श्री बालकृष्ण ढकाल, श्री मन्जुल गौतम र श्री अञ्जु शर्माले कर्जा स्वीकृतपत्रमा उल्लेखित शर्त बमोजिम साँवा व्याज ऋणीले नबुझाएको, वादी बैंकले ऋण असुली गर्ने सम्बन्धमा ऋणीसंग पटक-पटक मौखिक तथा लिखित तरताकेता एवं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी दिंदा समेत लेना रकम असुलउपर हुन नसकेकोले कानूनका हदम्यादभित्र साँवा व्याज असुलउपर गराई पाउन न्यायाधिकरण समक्ष उजुरी निवेदन दिएकोले मागदावी बमोजिम साँवा व्याज असुलउपर गरी पाउँ भनी गर्नु भएको बहस तथा प्रतिवादीतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सतिश कृष्ण खरेल तथा विद्वान अधिवक्ता श्री अपूर्व खतिवडाले वादी बैंकको उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५(१)(ख) बमोजिमको हदम्यादभित्र नरहेको, लिखितरुपमा सम्पन्न ऋण जमानत सम्झौताको प्रावधानलाई आचरण वा अन्य व्यवहारले परिवर्तन वा संशोधन गर्न नसकिने, जमानत कर्जाको म्याद थप गरिने गरी कुनै संशोधन नभएको, विपक्षी बैंकले जमानत सम्झौता भन्दा बढी रकम असुल गर्न खोजेको, धितोमा रहेको सम्पत्तिको बदनियतपूर्ण मूल्याङ्कन गर्नुका साथै विपक्षीले उजुरी निवेदन हदम्याद गुजारेर दायर गरेको हुँदा निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

५. वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु तथा प्रतिवादीतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताको बहस जिकीर तथा वादी प्रतिवादीको तर्फबाट प्रस्तुत भएको लिखित बहस नोटका साथै मिसिल संलग्न कागजात अध्ययन गर्दा देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखियोः-

(१) वादी माछापुच्छ्रे बैंक लिमिटेडको उजुरी निवेदन बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित अवधीभित्र रहेको छ वा छैन?

(२) वादी माछापुच्छ्रे बैंकले बैंक जमानत (Bank Guarantee) शीर्षक अन्तर्गत प्रवाह गरेको कर्जा प्रतिवादी ऋणी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि. र जमानतकर्ता अजय प्रसाद प्रधानबाट वादी बैंकलाई वादी दावी बमोजिम असुलउपर गराई दिनु पर्ने हो वा होईन?

पहिलो प्रश्नको सन्दर्भमा विचार गर्दा वादी बैंकबाट विभिन्न शीर्षकमा प्रवाह भएको कर्जा मध्ये बैंक ग्यारेन्टी रकम भुक्तानी गरे वापतको ऋण कर्जा रु.५,८१,४३,५२८।१० र सोको १८% का दरले मिति २०६९/७/३० सम्म हुन आउने व्याज रकम रु.१,७३,०२,६९२।५२ गरी जम्मा हुन आउने रकम रु.७,५३,४७,२२०।६७ प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि. र ऐ.का एकल सञ्चालक तथा ऋण कर्जाको व्यक्तिगत जमानतकर्ता अजय प्रसाद प्रधानबाट वादी बैंकलाई असुलउपर गराई दिन मागदावी लिएकोमा प्रतिवादीको प्रतिउत्तर जिकीरमा मिति २०६२/१२/३० (अप्रिल १२, २००६) को कर्जा सम्झौताको Section D मा बैंक ग्यारेण्टीको कर्जा सुविधाको अवधी २ वर्ष मात्रै वा ३१/०३/२००७ सम्म रहने स्पष्ट उल्लेख भएको र सो बाहेक अन्य सम्झौता नभएको, वादीले मे १४,२००६ मा रु.५,३०,००,०००।- को बैंक ग्यारेन्टी जारी गरेको र सोको म्याद मे १३,२०११ मा समाप्त भएको दावी लिएको देखिंदा उक्त बैंक ग्यारेन्टी कर्जा रु.५,३०,००,०००।- मिति २०६२/१२/३० को सम्झौता भित्रको २७ करोड कर्जा मध्ये कै हो/होईन भन्ने विषय नै विरोधाभाष रहेको भन्ने प्रतिउत्तर जिकीर तथा उजुरी मागदावीमा जिकीर लिइएको ऋणको म्याद मिति २०६३/१२/१७ (३१ मार्च, २००७) मा समाप्त भएकोमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५(१)(ख) बमोजिम २०६७/१२/१६ गतेसम्म उजुरी गर्नुपर्नेमा मिति २०६९।०८।२६ मा दायर भएको हुँदा ऐनको हदम्यादभित्र उजुरी नपरेको हुँदा उजुरी निवेदन खारेज गरी पाउँ भनी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीले जिकीर लिएको सम्बन्धमा निम्न तथ्यहरु रहेको मिसिल साथ रहेका प्रमाण कागजबाट देखिन्छः-

(क) वादी बैंकको मिति २०६२।१२।३० (अप्रिल १२, २००६) को ऋण स्वीकृत पत्र (Credit Facilities Letter) बाट सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.लाई Working Capital Loan अन्तर्गत अधिकतम सीमा रु. ३ करोड, Term Loan अन्तर्गत अधिकतम सीमा रु.१० करोड, Demand Loan अन्तर्गत अधिकतम सीमा रु.४ करोड र Bank Guarantee अन्तर्गत अधिकतम सीमा रु.१० करोड गरी जम्मा रु.२७ करोड कर्जा स्वीकृत भएको र उक्त कर्जाहरुको भाखा (Tenor) ३१/०३/२००७ सम्म र उल्लिखित कर्जाका व्याजदर तथा कमिशन दर फरक फरक रहेको, उल्लिखित ऋण स्वीकृत पत्रको आधारमा कोषमा आधारित कर्जा रु.१७ करोड र गैर कोषमा आधारित कर्जा रु.१० करोड कर्जाको मिति २०७२/१२/३० को ऋण सम्झौता पत्र र कर्जा सुरक्षण वापत ऋणी कम्पनीले संस्थागत

जमानत, ऋणी कम्पनीका एकल संचालक अजय प्रसाद प्रधानको व्यक्तिगत जमानत, Promissory Note, Letter of Set off, Letter of Continuity, Assingment of Bills and Account Recievables, and General Letter of Hypothecation तथा का.म.न.पा. वडा नं. २ स्थित कस्मिक इन्भेष्टमेण्ट प्रा.लि.को नाममा रहेको कि.नं. २०६ को क्षे.फ. ०-१२-१-३ जग्गा, ऐ.ऐ. स्थित कस्मिक इन्भेष्टमेण्ट प्रा.लि.को नाममा रहेको कि.नं. २०७ को क्षे.फ. १-६-३-१ जग्गा र सो जग्गामा निर्माणाधीन भवन समेत धितोमा दिएको।

(ख) सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि. लुम्बिनी बैंकबाट लिएको कर्जाको सम्बन्धमा वादी बैंकले मे १४, २००६ मा लुम्बिनी बैंकको नाममा कर्जा सुरक्षण वापत अधिकतम रकम रु.५,३०,००,०००।- MBL/06/KTM/GTEE/158 बैंक ग्यारेन्टी जारी गरेको र उक्त ग्यारेन्टी पत्रमा उक्त ग्यारेन्टी Expiry हुने मिति मे १३, २०११ रहेको। उक्त बैंक ग्यारेन्टीको आधारमा वादी बैंकले जनवरी १४, २०११ मा रु.१७,०५,१४२।४५, अप्रिल १५,२०११ मा रु.१८,०७,३२३।२७ र मे ३, २०११ मा रु.५,२१,९०,९८३।५५ लुम्बिनी बैंक लिमिटेडलाई भुक्तानी दिएको।

(ग) प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट ऐ.का अध्यक्ष अजय प्रसाद प्रधानले जुलाई ९, २००७ मा "... Financial bank guarantee amount of Rs.5,30,00,000/- outstanding with you issued to Lumbini Bank Limited. To settle your financial guarantee liability, we request you to provide us a term loan of not exceeding Rs.5,30,00,000/- at your good rate on January, 2009 which we shall repay you in 108 months after grace periods of month. However, we will try to settle the entire loan taken against the bank guarantee within 11 January, 2009 Lumbini Bank Limited. In case we are unable to do so, we would request you to grant us the term loan. भन्ने र नोभेम्बर २३, २०१० मा वादी बैंकमा रहेको आफ्नो ऋणको दायित्व यकीन गरी पाउन वादी माछापुच्छ्रे बैंकलाई अनुरोध गरेको पत्र तथा नोभेम्बर २७, २०१० मा "As discussed, please can you advise the total loans and liabilities of myself/SOI under your bank..." भनी वादी बैंकको Deputy General Manager लाई लेखेको पत्र तथा अजय प्रधानको उक्त अनुरोध पत्रलाई संबोधन गर्दै वादी बैंकले नोभेम्बर २९, २०१० मा देहायको रकम भुक्तानीको लागि दावी रहेको भनी प्रतिवादी अजय प्रसाद प्रधानलाई दिएको जानकारी पत्र।

*	Loan against financial guarantee at Lumbini Bank Ltd.	Rs.5,18,00,000/-
*	Interest till date	Rs.8,23,823.6
*	Principal outstanding all MOC	Rs.50,90,078.83
*	Interest till date	Rs.5,25,224.80

माथि उल्लिखित तथ्यहरुलाई हेर्दा प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.ले लुम्बिनी बैंक लिमिटेडबाट समेत कर्जा लिएको र उक्त कर्जाको सुरक्षण वापत वादी माछापुच्छ्रे बैंकले मे १४, २००६ मा Letter of Guarantee No. MBL/06/KTM/GTEE/158 मार्फत रु.५,३०,००,०००।- मे १३, २०११ मा Expire हुने गरी Financial Guarantee दिएको देखिन्छ। यद्यपि, अप्रिल १२, २००६ मा प्रतिवादी ऋणी कम्पनीलाई दिएको Credit Facilities Letter मा Bank Guarantee कर्जा शीर्षक अन्तर्गत अधिकतम रु.१० करोडसम्मको सीमाभित्र

रहने गरी दुई वर्ष अर्थात् सन् ३१/०३/२००७ सम्मको अवधि (Tenor) राखी कर्जा प्रवाह गरेको देखिन्छ। प्रतिवादीले ऐनले तोकेको हदम्यादभित्र उजुरी निवेदन नदिएको भनी जिकीर लिएको सन्दर्भमा Credit Facility Letter मा उल्लिखित अवधि (Tenor) लाई मान्ने हो वा वादी बैंकले लुम्बिनी बैंक लिमिटेडको नाममा मे १४, २००६ मा जारी गरेको Bank Guarantee मा उल्लिखित अवधि (Expires on May 13, 2011) लाई मान्य हुने हो सो सम्बन्धमा निरुपण गर्नु पर्ने भएको छ।

प्रस्तुत सन्दर्भमा हेर्दा वादी बैंकको Credit Facilities Letter मा बैंक ग्यारेन्टीको अवधि २ वर्षको उल्लेख भएको भएतापनि वादी बैंकले लुम्बिनी बैंक लिमिटेडको नाममा जारी गरेको Letter of Bank Guarantee मा Expires on May 13, 2011 उल्लेख भएको, प्रतिवादी ऋणी कम्पनीको तर्फबाट ऐ.का संचालक जमानतकर्ताले नोभेम्बर २३, २०१० र नोभेम्बर २७, २०१० मा ऋण दायित्वको सम्बन्धमा जानकारी पाउन माग गरेको, जुलाई ९, २००७ मा यीनै प्रतिवादीले उल्लिखित Bank Guarantee लाई Term Loan मा परिणत गर्न उक्त कर्जा भुक्तान अवधि १०८ महिना हुने तथा लुम्बिनी बैंकबट लिएको कर्जा जनवरी ११, २००९ सम्म Settle गर्ने प्रतिवद्धता समेत व्यक्त गरेको देखिएको, उल्लिखित बैंक ग्यारेन्टीको आधारमा लुम्बिनी बैंकबाट प्रतिवादीले लिएको कर्जा शर्त बमोजिम चुक्ता नगरेको कारण लुम्बिनी बैंकले वादी बैंक समक्ष दावी गरेको र उक्त दावी भई सके पश्चात् वादी बैंकले उल्लिखित कर्जा चुक्ता गर्न पटक पटक प्रतिवादीलाई पत्र मार्फत जानकारी गराएको र सो बमोजिम चुक्ता नगरेको कारण उक्त बैंक ग्यारेन्टीबाट निजहरुको तर्फबाट वादी बैंकले लुम्बिनी बैंकको माग बमोजिम रकम भुक्तान गरिदिएको देखिन्छ।

वादी र प्रतिवादीका बीच उल्लिखित बैंक ग्यारेन्टीको भाखा अवधि (Tenor) बढाउने सम्बन्धमा प्रतिवादीले जिकीर गरे जस्तो प्रत्यक्षरुपमा कुनै लिखित सम्झौता भएको नदेखिएतापनि जमानत सम्बन्धी मूल सम्झौता लिखित रुपमा नै भएको र जमानतको अवधि (Tenor) को सम्बन्धमा माथि उल्लेख भए बमोजिम पक्षहरुको बीच भएको लिखित पत्राचारहरुबाट (पक्षहरुका यस्ता आचरण तथा व्यवहार) सो सम्बन्धमा पक्षहरुको हक र दायित्व सृजना हुने गरी अप्रत्यक्ष रुपमा करार भएको मान्नु पर्ने नै हुन्छ। आफूले कानून बमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्थामा अरु कुनै सरोकारवालाले निजको तर्फबाट त्यस्तो दायित्व पूरा गरी दिएपछि त्यस्तो दायित्व पूरा गरि दिने प्रति पनि निज उत्तरदायी हुनुपर्ने हुन्छ र आफूले दायित्व वहन गर्नुपर्ने अवस्थामा दायित्व प्रति विमुख हुने कार्यलाई न्यायोचित मान्न सकिंदैन। यसलाई करार ऐन, २०५६ को दफा ११ ले समेत स्वीकार गरेको छ। यो व्यवस्था कमन ल प्रणालीबाट बिकसित भएको Doctrine of Unjust Enrichment मा आधारित छ।

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा कर्जा चुक्ता भुक्तान गर्नु पर्ने अवधि प्रचलित कानूनद्वारा निर्धारण भएको नभई पक्षहरुको आपसी सहमतिबाट निर्धारण भएको हुन्छ र सम्झौताका पक्षहरुले आपसी सहमति/व्यवहारबाट कर्जाको मूल शर्तहरुको अधीनमा रही कर्जा

चुक्ता गर्ने अवधिमा थपघट गर्न सक्छन्। बैंकिङ्ग अभ्यासमा यसको व्यापकरुपमा प्रयोग भएको पाईन्छ र यो स्वीकार्य पनि रहेको छ।

कर्जा सुरक्षण वापत दिएको बैंक ग्यारेन्टीको रकम भुक्तानी हुन गएपछि मात्र Force Loan को रुपमा ऋणीको दायित्व सृजना हुन जाने सन्दर्भमा र वादी बैंकले मे ३, २०११ (२०६८।१।२०) मा लुम्बिनी बैंकलाई Bank Guarantee वापतको रकम भुक्तानी गरिसकेपछि मात्र उक्त रकम बैंक ग्यारेन्टी शीर्षक अन्तर्गतको कर्जामा परिणत हुन गई प्रतिवादी उपर वादीको हक सृजना हुन पुगेको अवस्था हो। वादीको ऋण असुलीको हक सृजना नहुँदै ऋण असुलीका लागि मुद्दा दायर गर्ने भन्ने जिकीर पनि सान्दर्भिक हुन सक्दैन।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट ऋण स्वीकृत पत्रमा उल्लिखित दुई वर्षको ग्यारेन्टी अवधि समाप्त भएको मितिले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ को (१)(ख) बमोजिमको हदम्याद भित्र वादीको उजुरी निवेदन रहेको छैन भन्ने प्रतिवादीका कानून व्यवसायीको जिकीरसंग सहमत हुन सकिएन।

दोश्रो प्रश्नको सन्दर्भमा विचार गर्दा उजुरी निवेदन प्रकरण (क) मा विवेचना गरिए बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १५ को उपदफा (१) को खण्ड (ख) को हदम्याद भित्रै रहेको देखिएको सन्दर्भमा वादीको मागदावी बमोजिम प्रतिवादीहरुबाट ऋण असुल गराई दिनु पर्ने हो वा होईन भन्ने सम्बन्धमा विचार गर्दा वादी बैंकले उजुरी निवेदनको प्रकरण ६ को खण्ड (ख) मा "... कर्जा/बैंकिङ्ग सुविधाहरु अन्तर्गत विभिन्न शीर्षकमा प्रवाह भएको कर्जा मध्ये बैंक ग्यारेन्टी रकम भुक्तानी गरे वापतको ऋण कर्जा रु.५,८१,४३,५२८।१० र सोको १८% का दरले मिति २०६९/७/३० सम्मको व्याज रु.१,७३,०२,६९२।५२ गरी जम्मा रकम रु.७,५३,४७,२२०।६७ प्रतिवादीहरुबाट असुलउपर गराई दिन निवेदन दिएको सन्दर्भमा वादी बैंकले सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट मे १४,२००६ मा लुम्बिनी बैंकको नाममा Letter of Guarantee Number: MBL/06/MTM/GTEE/158 मार्फत अधिकतम रकम (an amount not exceeding) रु.५,३०,००,०००।- को बैंक ग्यारेन्टी जारी गरेको देखिन्छ। उल्लिखित बैंक ग्यारेन्टीको आधारमा वादी बैंकले जनवरी १४, २०११ (Ref. No. KTM/CAD/57/011) मा रु.१७,०५,१४२।४५, अप्रिल १५, २०११ (Ref. No. KTM/CAD/319/011) मा रु.१८,०७,३२३।२७ र मे ३, २०११ (Ref. No. KTM/CAD/414/11) मा रु.५,२१,९०,९८३।५५ गरी जम्मा रु.५,५७,०३,४४९।२० लुम्बिनी बैंक लिमिटेडलाई भुक्तानी गरेको देखिन्छ। वादी बैंकले उजुरी निवेदनको प्रकरण ६ को खण्ड (ख) मा बैंक ग्यारेन्टी रकम भुक्तानी गरे वापतको ऋण कर्जा रु.५,८१,४३,५२८।१० उल्लेख गरी सो बमोजिमको साँवा व्याज दावी गरेकोमा माथि उल्लिखित विभिन्न तीनवटा मितिमा गरी रु.५,५७,०३,४४९।२० लुम्बिनी बैंक लिमिटेडलाई भुक्तानी गरेको प्रमाण कागज वादी बैंकले पेश गरेको तथा उजुरी निवेदनको प्रकरण ४ को खण्ड (ख) मा सोही भुक्तानीको रकमलाई समर्थन हुने गरी उल्लेख गरेको देखिन्छ भने वादी बैंकले लुम्बिनी बैंकको नाममा मे १४,२००६ मा जारी

गरेको उल्लिखित बैंक ग्यारेन्टीमा अधिकतम सीमा (an amount not exceeding) भनी रु.५,३०,००,०००।- उल्लेख भएको सन्दर्भमा वादी बैंकले आफूले प्रत्याभूत गरेको बैंक ग्यारेन्टीको रकमभन्दा बढी रकम के-कुन आधारमा बढी भुक्तान गरेको हो? र बैंक ग्यारेन्टीको रकमभन्दा बढी रकम भुक्तानी गर्ने अख्तियारी वादी बैंकले कहाँबाट प्राप्त गरेको हो? वा भुक्तानी गर्नुपर्ने कारण समेत वादी बैंकले स्पष्टरुपमा खुलाउन नसकेको स्थितिमा वादी बैंकले आफूले जारी गरेको बैंक ग्यारेन्टीको अधिकतम सीमासम्मको रु.५,३०,००,०००।- र व्याजको हकमा वादीले उजुरी निवेदनमा वार्षिक व्याज १८% का दरले हुने व्याज रकम दावी गरेको भएता पनि जुलाई १२, २००८ को Credit Memorandum को Recommendation को बुदा नं. ६ मा "… if we have to pay for the financial guarantee to Lumbini Bank Ltd. … The interest rate will be 9.50% p.a." उल्लेख भएको र उक्त व्याजदर वादी बैंकको CEO बाट स्वीकृत भएको सन्दर्भमा बैंक ग्यारेन्टी अन्तर्गतको उल्लिखित कर्जा रकममा वार्षिक ९.५०% व्याजदरले हुन आउने व्याज रकम समेत प्रतिवादीहरुबाट भराई दिनुपर्ने देखिन आयो।

६. तसर्थ, वादी माछापुच्छ्रे बैंक लिमिटेडले प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.बाट असुल गर्नु पर्ने ठहरिएको साँवा रकम रु.५,३०,००,०००।- (अक्षरेपी पाँच करोड तीस लाख मात्र) र वादी बैंकले लुम्बिनी बैंक लिमिटेडलाई अन्तिम पटक भुक्तानी गरेको मिति २०६८/१/२० देखि निर्णय मिति २०७५/२/८ सम्म जम्मा दिन २५७७ दिनको वार्षिक व्याजदर ९.५०% ले कायम हुने व्याज रु.३,५५,४८,४७९।४५ (अक्षरेपी तीन करोड पचपन्न लाख अठचालीस हजार चार सय उनासी रुपैयाँ र पैसा पैंतालीस मात्र) समेत गरी जम्मा **रु.८,८५,४८,४७९।४५ (अक्षरेपी आठ करोड पचासी लाख अठचालीस हजार चार सय उनासी रुपैयाँ पैसा पैंतालीस मात्र)** को दावी रकम रु.५,३०,००,०००।- (अक्षरेपी पाँच करोड तीस लाख मात्र) को मिति २०७५।०२।०९ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक ९.५०% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी माछापुच्छ्रे बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको हाईपोथिकेशन कर्जाबाट असुलउपर गरी भराई दिनुपर्ने, सोबाट वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनुपर्ने र सोबाट समेत वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ता अजय प्रसाद प्रधानको चल अचल सम्पत्तिबाट निजले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही भराई दिनुपर्ने ठहर्छ। अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

निर्णय खण्डमा लेखिए बमोजिम वादी माछापुच्छ्रे बैंक लिमिटेडले भराई पाउने ठहरेको जम्मा **रु.८,८५,४८,४७९।४५ (अक्षरेपी आठ करोड पचासी लाख अठचालीस हजार चार सय उनासी रुपैयाँ पैसा पैंतालीस मात्र)** को ठहरिएको साँवा रकम रु.५,३०,००,०००।- (अक्षरेपी पाँच करोड तीस लाख

मात्र) को मिति २०७५।०२।०९ देखि भरिभराउ हुने दिनसम्मको वार्षिक ९.५०% का दरले हुन आउने ब्याज रकम समेत हिसाब गरी ऋण असुली अधिकृतले बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २७, २८, २९ र २९क. तथा प्रचलित कानून बमोजिम वादी माछापुच्छ्रे बैंक लिमिटेडलाई प्रथमतः धितोमा रहेको हाईपोथिकेशन कर्जाबाट असुलउपर गरी भराई दिनु, सोबाट वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि.को चल अचल सम्पत्तिबाट भराई दिनु र सोबाट समेत वादीको लेना असुल हुन नसकेमा असुल हुन नसकेको जति रकम व्यक्तिगत जमानीकर्ता अजय प्रसाद प्रधानको चल अचल सम्पत्तिबाट निजले गरी दिएको व्यक्तिगत जमानीको लिखतको अधीनमा रही भराई दिनु..१

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३१ बमोजिम ऋण असुली शुल्क वादी बैंकबाट असुल गरी लिनु २

यो निर्णयमा चित्त नबुझे प्रतिवादी सत् निः श्रेयस अर्गनाइजेशन अफ इण्डष्ट्रिज प्रा.लि. र व्यक्तिगत जमानीकर्ता अजय प्रसाद प्रधानलाई बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १९ बमोजिम ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न जानु भनी १५ दिने पुनरावेदन म्याद जारी गरी पठाई दिनु...३

सरोकारवाला पक्षले यो निर्णय समेतको मिसिल कागजातको नक्कल माग गरे बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ४१ बमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई लान दिनु..४

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनु...............................५

....	....	....
लेखा सदस्य	**बैकिङ्ग सदस्य**	**अध्यक्ष**

यो पाना ११ को निर्णय तयार गर्न सहयोग गर्नेः
नायब सुब्बाः होम प्रसाद आचार्य।
कम्प्यूटर अपरेटरः संगिता कपाली।
इति सम्वत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम्...........

भाग - ६

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

लालमोहर र प्रकाशन मिति
२०५८।१०।१७

संशोधन गर्ने ऐन	प्रमाणीकरण र प्रकाशन मिति
बैंक तथा वित्तीय संस्थाको ऋण असुली (पहिलो संशोधन) ऐन, २०६३[⌘]	२०६३।०७।१९
गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[⊛]	२०६६।१०।७
बैंक तथा वित्तीय संस्थाको ऋण असुली (दोश्रो संशोधन) ऐन, २०६६	२०६६।१०।१३

२०५८ सालको ऐन नं. १६

[✹]..................................

बैंक तथा वित्तीय संस्थाको ऋण असुलीका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन।

प्रस्तावना: बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरु छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुलउपर गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवका शासनकालको पहिलो वर्षा संसदले यो ऐन बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८" रहेको छ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।[◆]

२. **परिभाषाः** बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "बैंक तथा वित्तीय संस्था" भन्नाले दफा ३ मा उल्लिखित बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ख) "न्यायाधिकरण" भन्नाले दफा ४ बमोजिम स्थापना भएको न्यायाधिकरण सम्झनु पर्छ।

[⌘] यो ऐन, २०६३ साल साउन १ गतेदेखि प्रारम्भ भएको मानिने गरी दफा १ को उपदफा (२) मा व्यवस्था भएको।

[⊛] यो ऐन, सम्बत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

[✹] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

[◆] यो ऐन, २०६० साल साउन १ गतेदेखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०६०।३।२)।

(ग) "सदस्य" भन्नाले दफा ४ बमोजिम स्थापना भएको न्यायाधिकरणको सदस्य सम्झनु पर्छ र सो शब्दले न्यायाधिकरणको अध्यक्ष समेतलाई जनाउनेछ।

(घ) "पुनरावेदन न्यायाधिकरण" भन्नाले दफा ८ बमोजिम स्थापना भएको पुनरावेदन न्यायाधिकरण सम्झनु पर्छ।

(ङ) "पुनरावेदन सुन्ने अधिकारी" भन्नाले दफा ९ बमोजिम नियुक्त भएको ब्यक्ति सम्झनु पर्छ।

(च) "ऋण" भन्नाले चल, अचल, सम्पति, धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई बैंक वा वित्तीय संस्थाले ऋणीलाई दिएको कर्जाको सांवा तथा ब्याज सम्झनु पर्छ र सो शब्दले वासलात बाहिरको कारोवारबाट लिन बाँकि रकम वा सो वापत लाग्ने शुल्क, कमिशन तथा ब्याज समेतलाई जनाउनेछ।

(छ) "ऋणी" भन्नाले बैंक वा वित्तीय संस्थाबाट ऋण लिने ब्यक्ति, फर्म, कम्पनी वा प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले जमानत दिने ब्यक्ति समेतलाई जनाउनेछ।

(ज) "ऋण असुली अधिकृत" भन्नाले दफा २८ बमोजिम तोकिएको अधिकृत सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. <u>ऐनको व्यवस्था लागु हुने बैंक तथा वित्तीय संस्थाहरुः</u> देहायका बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको लागि यस ऐनको व्यवस्था लागु हुनेछः-

(क) कृषि विकास बैंक ऐन, २०२४ बमोजिम स्थापना भएका कृषि विकास बैंक,

(ख) वाणिज्य बैंक ऐन, २०३१ बमोजिम स्थापना भएका वाणिज्य बैंक,

(ग) नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ बमोजिम स्थापना भएको नेपाल औद्योगिक बिकास निगम,

(घ) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य वित्तीय संस्थाहरु।

तर पाँच लाख रुपैयाँभन्दा कम साँवा रकम भएको ऋण असुल गर्दा यो ऐनको व्यवस्था लागु हुने छैन।

परिच्छेद - २

<u>न्यायाधिकरण तथा पुनरावेदन न्यायाधिकरणको स्थापना र गठन</u>

४. <u>न्यायाधिकरणको स्थापना र गठन</u>: (१) बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको शुरु कारवाही तथा किनारा गर्नका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार ऋण असुली न्यायाधिकरणको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने न्यायाधिकरणको मुकाम तथा क्षेत्राधिकार त्यस्तो सूचनामा तोकिए बमोजिम हुनेछ।

(३) न्यायाधिकरणमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) कानून सदस्य,

(ख) बैंकिङ्ग सदस्य र

(ग) लेखा सदस्य।

❖(३क) न्यायाधिकरणमा कार्यबोझ बढेमा नेपाल सरकारले सदस्य संख्या थप गर्न सक्नेछ।

❖(३ख) उपदफा (३क) बमोजिम सदस्य थपिएकोमा न्यायाधिकरणमा आवश्यकता अनुसारका इजलास रहनेछन् र प्रत्येक इजलासमा कानून, बैंकिङ र लेखा सदस्य रहनेछन्।

❖(३ग) न्यायाधिकरणमा एक भन्दा बढी इजलास भएकोमा इजलास गठन गरी मुद्दा तोक्ने कार्य अध्यक्षले गर्नेछ।

✧(४) न्यायाधिकरणको अध्यक्ष कानून सदस्य हुनेछ र एक भन्दा बढी संख्यामा कानून सदस्य भएको अवस्थामा न्यायाधिकरणमा पहिले नियुक्ति भएको कानून सदस्य, त्यस्तो कानून सदस्य अनुपस्थित भएमा अर्को कानून सदस्य र त्यस्तो कानून सदस्य नभएमा वा भए पनि अनुपस्थित भएमा पहिले नियुक्ति भएको बैंकिङ्ग सदस्य र निज पनि अनुपस्थित भएमा उपस्थित भएको बैंकिङ्ग सदस्य न्यायाधिकरणको अध्यक्ष हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यायाधिकरणको प्रादेशिक क्षेत्राधिकारमा थप गरी ऋण असुलीसम्बन्धी मुद्दाको शुरु कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गर्न सक्नेछ।

५. **सदस्यको नियुक्तिः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ६ बमोजिम योग्यता पुगेका ब्यक्तिहरुमध्येबाट सदस्य नियुक्ति गर्नेछ।

तर बैंकिङ्ग तथा लेखा सदस्यको नियुक्ति गर्दा नेपाल सरकारले नेपाल राष्ट्र बैंकको परामर्श लिनेछ।

६. **सदस्यको योग्यताः** सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) कानून सदस्यको लागि जिल्ला अदालतको न्यायाधीश भैरहेको वा भैसकेको वा हुन योग्यता पुगेको व्यक्ति,

(ख) बैंकिङ्ग सदस्यको लागि अर्थशास्त्र वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा वित्तीय संस्थाको कम्तीमा द्वितीय श्रेणीको अधिकृत स्तरको पदमा दश बर्ष अनुभव प्राप्त ब्यक्ति,

(ग) लेखा सदस्यको लागि वाणिज्यशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा "ख" श्रेणीको लेखा परीक्षकको प्रमाणपत्र प्राप्त

❖ दोश्रो संशोधनद्वारा थप।

✧ दोश्रो संशोधनद्वारा संशोधित।

गरी बैंकिङ्ग वा वित्तीय क्षेत्रको लेखापरीक्षणसम्बन्धी काममा कम्तीमा दश बर्ष अनुभव प्राप्त ब्यक्ति।

७. **<u>सदस्यको पदावधिः</u>** सदस्य आफ्नो पदमा नियुक्त भएको मितिले पाँच बर्ष अवधिसम्म बहाल रहनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

८. **<u>पुनरावेदन न्यायाधिकरणको स्थापना:</u>** (१) यस ऐन बमोजिम न्यायाधिकरणले गरेको निर्णयउपर पुनरावेदन सुन्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार ऋण असुली पुनरावेदन न्यायाधिकरणको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन न्यायाधिकरणको स्थापना गर्दा त्यस्ता पुनरावेदन न्यायाधिकरणको मुकाम तथा प्रादेशिक क्षेत्राधिकार समेत तोकिदिनु पर्नेछ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै पुनरावेदन न्यायाधिकरणलाई आफ्नो प्रादेशिक क्षेत्राधिकारभन्दा बाहिरको न्यायाधिकरणले गरेको आदेश वा निर्णयउपर पुनरावेदन सुन्ने गरी तोक्न सक्नेछ।

९. **<u>पुनरावेदन सुन्ने अधिकारीको नियुक्तिः</u>** नेपाल सरकारले पुनरावेदन अदालतको न्यायाधीश भैसकेको वा भैरहेको वा हुन योग्यता पुगेको कुनै ब्यक्तिलाई राजपत्रमा सूचना प्रकाशन गरी पुनरावेदन न्यायाधिकरणको पुनरावेदन सुन्ने अधिकारीको पदमा नियुक्त गर्न सक्नेछ।

१०. **<u>पुनरावेदन सुन्ने अधिकारीको पदावधिः</u>** पुनरावेदन सुन्ने अधिकारी आफ्नो पदमा नियुक्त भएको मितिले ५ बर्ष अवधिसम्म बहाल रहनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

११. **<u>पारिश्रमिक तथा सुबिधाः</u>** सदस्य र पुनरावेदन सुन्ने अधिकारीको पारिश्रमिक तथा सुबिधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

१२. **<u>पदमा नरहने अवस्थाः</u>** (१) देहायका अवस्थामा सदस्य वा पुनरावेदन सुन्ने अधिकारी आफ्नो पदमा बहाल रहने छैनः-

(क) यस ऐन बमोजिम पदावधि समाप्त भएमा,

(ख) आफ्नो पदबाट दिएको राजीनामा नेपाल सरकारबाट स्वीकृत भएमा,

(ग) खराव आचरण भएको वा कार्यक्षमताको अभाव भएको भन्ने आधारमा नेपाल सरकारले हटाएमा।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम नेपाल सरकारले पदबाट हटाउने आदेश दिनुभन्दा अघि निजलाई सफाईको उचित मौका दिनु पर्नेछ।

१३. **<u>रिक्त पदको पूर्तिः</u>** दफा १२ बमोजिम वा अन्य कुनै कारणबाट सदस्य वा पुनरावेदन सुन्ने अधिकारीको पद रिक्त हुन आएमा त्यसरी रिक्त भएको पदमा निजको बाँकि अवधिको लागि दफा ५ वा दफा ९ बमोजिमको प्रकृयाबाट पूर्ति गरिनेछ।

परिच्छेद - ३

न्यायाधिकरण तथा पुनरावेदन न्यायाधिकरणको क्षेत्राधिकार तथा कार्यबिधि

१४. **काम, कर्तव्य र क्षेत्राधिकारः** (१) यस ऐन बमोजिम न्यायाधिकरण स्थापना भएपछि आफ्नो क्षेत्राधिकार भित्रको बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको शुरु कारवाही तथा किनारा गर्ने अधिकार न्यायाधिकरणको हुनेछ।

(२) न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनै जना सदस्यले सामुहिक रुपमा गर्नेछन्। बहुमतको राय न्यायाधिकरणको निर्णय मानिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कानून सदस्य सहित दुई जना सदस्यको उपस्थिति भएमा मुद्दाको कारवाही र किनारा गर्न सकिनेछ। कानून सदस्य बाहेक अरु दुई जना सदस्यको उपस्थितिमा मुद्दाको निर्णय गर्न वा अन्तिम आदेश दिन बाहेक अरु कारवाही गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम दुई जना सदस्यको उपस्थितिमा मुद्दाको कारवाही र किनारा गर्दा मतैक्य हुन नसकेमा अनुपस्थित रहेको सदस्य समेतको उपस्थितिमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा त्यस्तो मुद्दाको हकमा पुनरावेदन न्यायाधिकरण समक्ष निकासको लागि लेखी पठाउनु पर्नेछ।

(६) पुनरावेदन न्यायाधिकरण स्थापना भएपछि आफ्नो क्षेत्राधिकार भित्रको न्यायाधिकरणले दिएको आदेश उपर पुनरावेदन सुन्ने अन्तिम अधिकार पुनरावेदन न्यायाधिकरणको हुनेछ।

(७) यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंक तथा वित्तीय संस्थाले आफूले असुल गर्नुपर्ने ऋण सम्बन्धमा देहाय बमोजिमको अवस्था पूरा भएको ऋण असुली सम्बन्धमा मात्र निबेदन दिन सक्नेछः-

(क) ऋणीसंग ऋण फछ्र्यौट गर्न, गराउन यथेष्ठ छलफल तथा क्रियाकलाप गरेको हुनु पर्ने,

(ख) ऋण असुलीसम्बन्धी बैंक तथा वित्तीय संस्थाबाट पर्याप्त कारवाही भई ऋण असुल हुन नसकेको हुनु पर्ने।

१५. **न्यायाधिकरणमा निवेदन दिनु पर्नेः** (१) बैंक तथा वित्तीय संस्थाले ऋणीबाट असुलउपर गर्नु पर्ने रकम असुलउपर गर्न नसकेमा देहायको म्यादभित्र न्यायाधिकरण समक्ष त्यस्तो रकम असुलउपर गराई पाउन तोकिएको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा उजुरी निवेदन दिनु पर्नेछः-

(क) यो ऐन प्रारम्भ हुँदाका बखत भाखा नाघि सकेका कर्जाहरुको हकमा यो ऐन प्रारम्भ भएको मितिले ♦पाँच बर्षभित्र।

(ख) यो ऐन प्रारम्भ भएपछि भाखा नाघेका कर्जाको हकमा त्यसरी भाखा नाघेका मितिले ♦चार बर्षभित्र।

♦ पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले दावी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत ऋण असुली शुल्क वाफत अग्रीम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उजुरी निबेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र न्यायाधिकरणले प्रतिवादीलाई आफ्नो सफाईको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न पन्ध्र दिनको म्याद जारी गर्नु पर्नेछ र प्रतिवादीले सो अवधिभित्र प्रतिउत्तरपत्र दाखिल गर्नु पर्नेछ।

तर, काबु बाहिरको परिस्थिति परी सो म्याद भित्र प्रतिवादीले प्रतिउत्तरपत्र पेश गर्न नसकी सो को कारण खोली त्यसपछिको पन्ध्र दिनभित्र निवेदन दिएमा र त्यस्तो निवेदनको ब्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ।

१६. **अन्तरिम आदेश जारी गर्न सक्नेः** (१) न्यायाधिकरणमा बिचाराधीन रहेको कुनै मुद्दाका सम्बन्धमा ऋण लिनको लागि राखिएको धितो वा ऋणीको जमानत दिने व्यक्तिको स्वामित्व वा कब्जामा रहेको वा हक भएको चल वा अचल सम्पति हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको निवेदनको आधारमा न्यायाधिकरणलाई लागेमा अर्को आदेश नदिएसम्म त्यस्तो सम्पति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा न्यायाधिकरणले अन्तरिम आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तब्य हुनेछ।

१७. **मुद्दाको कारवाही र किनारा गर्नुपर्ने अवधिः** न्यायाधिकरणले प्रतिउत्तरपत्र दाखिला भएकोमा सो दाखिला भएको मितिले र प्रतिउत्तरपत्र दाखिल नभएकोमा सो दाखिल गर्नुपर्ने म्याद भुक्तान भएको मितिले एक सय पचास दिनभित्र यस ऐन बमोजिम परेको मुद्दामा अन्तिम कारवाही र किनारा गरिसक्नु पर्नेछ।

तर दफा (१५) को उपदफा (३) बमोजिम गुज्रेको म्याद थमाउन पाउने म्याद भुक्तान नभई मुद्दाको अन्तिम कारवाही र किनारा गर्न हुँदैन।

१८. **निर्णय सुनाउनेः** (१) न्यायाधिकरणले गरेको निर्णय उपस्थित पक्ष वा निजहरुको वारेसलाई सुनाई निजहरुबाट निर्णय सुनी पाएको भरपाई गराउनु पर्नेछ।

(२) निर्णय गर्दाका बखत सम्बन्धित पक्ष वा निजको वारेस अनुपस्थित रहेको भए निर्णयभएको सात दिन भित्र निजहरुलाई निर्णयको जानकारी पठाई दिनु पर्नेछ।

१९. **पुनरावेदन दिन सक्नेः** (१) न्यायाधिकरणले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको पुनरावेदन दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा सम्बन्धित पुनरावेदन न्यायाधिकरण समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदन दर्ता भएको मितिले सात दिनभित्र पुनरावेदन न्यायाधिकरणले प्रतिवादीलाई आफ्नो सफाईको निमित्त सवुद प्रमाण सहित प्रतिउत्तर पेश

♦ पहिलो संशोधनद्वारा संशोधित।

गर्न तीस दिनको म्याद दिनु पर्नेछ र प्रतिवादीले सो अवधिभित्र प्रतिउत्तरपत्र दाखिल गर्नु पर्नेछ।

तर काबु बाहिरको परिस्थिति परी सो म्यादभित्र प्रतिवादीले प्रतिउत्तरपत्र पेश गर्न नसकि सो को कारण खोली निवेदन दिएमा पुनरावेदन न्यायाधिकरणले पन्ध्र दिनको म्याद थप गर्न सक्नेछ।

२०. <u>मिलापत्र हुन सक्ने:</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कारवाही तथा किनारा गर्न बांकि रहेका कुनै मुद्दामा मिलापत्र गर्ने उद्देश्यले उजुरवाला र प्रतिवादी दुवैले आफूहरु मिल्ने ब्यहोराको निवेदन न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष दिएमा सो निवेदनको ब्यहोरा वादी प्रतिवादी दुवैलाई पढी बांची सुनाई त्यसको मतलब र परिणाम समेत राम्रोसित सम्झाई बुझाई त्यसरी सम्झाउँदा दुवै पक्षले मञ्जुर गरेमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले मिलापत्र गराई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मिलापत्र गर्दा दावी रकमको ०.५० प्रतिशतले हुनआउने रकम मिलापत्र दस्तुर वापत आधा-आधा गरी उजुरवाला र प्रतिवादी दुवैले न्यायाधिकरणमा बुझाउनु पर्नेछ। यसरी उजुरवालाले बुझाउनु पर्ने मिलापत्र वापत लाग्ने दस्तुर निजले दफा १५ को उपदफा (२) बमोजिम अग्रीम रुपमा बुझाएको ऋण असुली शुल्कबाट कट्टी गरी लिईनेछ।

(३) उपदफा (१) बमोजिम भएको मिलापत्रको कार्यान्वयन गर्न त्यसरी मिलापत्र गराउने न्यायाधिकरणले ऋण असुली अधिकृतलाई आदेश दिनु पर्नेछ।

२१. <u>निर्णयको कार्यान्वयन:</u> (१) न्यायाधिकरणले दफा (१८) बमोजिम निर्णयसुनाइ सकेपछि सो निर्णयउपर पुनरावेदन परेकोमा पुनरावेदन न्यायाधिकरणको निर्णय प्राप्त भएपछि र पुनरावेदन नपरेकोमा पुनरावेदन दिने म्याद गुज्रेपछि निर्णय कार्यान्वयन गर्न ऋण असुली अधिकृतको नाममा आदेश जारी गर्नु पर्नेछ।

(२) न्यायाधिकरणले उपदफा (१) बमोजिम आदेश जारी गर्दा निर्णयको कार्यान्वयन गर्ने अवधि समेत तोकिदिन सक्नेछ।

२२. <u>पुनरावेदनको लागि धरौटी जम्मा गर्नुपर्ने:</u> दफा (१९) बमोजिम ऋणीले पुनरावेदन गर्दा न्यायाधिकरणले गरेको निर्णय बमोजिम असुलउपर गर्नु पर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटी वापत नगद जम्मा गर्नु पर्नेछ।

२३. <u>पुनरावेदन किनारा लगाउनु पर्ने अवधि:</u> पुनरावेदन न्यायाधिकरणले पुनरावेदनको प्रतिउत्तर दाखिला भएकोमा सो दाखिला भएको मितिले र त्यस्तो प्रतिउत्तरपत्र दाखिला नभएकोमा सो दाखिला गर्नुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र यस ऐन बमोजिम परेको पुनरावेदनको अन्तिम कारवाही किनारा लगाई सोको जानकारी अन्तिम कारवाही किनारा भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित न्यायाधिकरणमा पठाउनु पर्नेछ।

२४. <u>न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको अधिकार तथा कार्यबिधि:</u> (१) यस ऐन बमोजिम परेको मुद्दाको कारवाही तथा किनारा गर्दा न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले यो ऐन

वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत रही आफ्नो कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम परेको मुद्दाको कारवाही तथा किनारा गर्दा न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणलाई म्याद जारी गर्न वादी, प्रतिवादी साक्षी झिकाउने, सपथ गराउने, बयान लिने, सबुद प्रमाण तथा आवश्यक कागजात वा विवरण बुझ्ने, कागजपत्र दाखिल गराउने, धरौटी जम्मा गर्न लगाउने र सजाय गर्ने समेत प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

परिच्छेद - ४

ऋण असुली विधि

२५. ऋण असुली विधिः (१) ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त भएपछि सो आदेशमा तोकिएको म्याद भित्र ऋणीबाट ऋण रकम असुलउपर गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिलाई दिनु पर्नेछ।

(२) ऋण असुली अधिकृतले ऋण साँवा तथा ब्याज रकम असुलउपर गर्दा प्रचलित कानूनको अधिनमा रही देहाएका बिधि अपनाउन सक्नेछः-

(क) ऋणीको धितो राखिएको वा नराखिएको अन्य चल वा अचल सम्पत्ती कब्जा वा लिलाम बिक्री गर्ने,

(ख) जमानत दिने ब्यक्तिको चल वा अचल सम्पति कब्जा वा लिलाम बिक्री गर्ने,

(ग) कुनै ब्यक्ति विशेष ऋणी वा जमानत दिने ब्यक्ति भएकोमा त्यस्तो ब्यक्तिलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनामा राख्ने।

२६. **जमानत लिने व्यक्तिको दायित्वः** (१) ऋणीको निमित्त जमानत दिने ब्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सिमित रहनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ।

२७. **ऋण असुली अधिकृतको आदेश न्यायाधिकरणको आदेश सरह हुनेः** (१) यस ऐन बमोजिम ऋण असुलउपर गर्ने सन्दर्भमा ऋण असुली अधिकृतले दिएको आदेश न्यायाधिकरणले दिएको आदेश सरह हुनेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैंको कर्तब्य हुनेछ।

(२) ऋण असुली अधिकृतले यस ऐन बमोजिम दिएको आदेशको कसैले अवहेलना गरेमा न्यायाधिकरणले निजलाई दफा ३० बमोजिम न्यायाधिकरणको अवहेलनामा कारवाही चलाउन सक्नेछ।

परिच्छेद - ५

विविध

२८. **ऋण असुली अधिकृत तोक्ने:** (१) नेपाल सरकारले कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृतलाई ऋण असुली अधिकृत तोक्न सक्नेछ।

(२) ऋण असुली अधिकृतको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२९. **अन्य कर्मचारीसम्वन्धी ब्यबस्था:** ऋण असुली अधिकृतको अतिरिक्त न्यायाधिकरण तथा पुनरावेदन न्यायाधिकरणको कार्य संचालन गर्नका लागि नेपाल सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउनेछ।

३०. **अवहेलनामा कारवाही चलाउन सक्ने:** (१) न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ।

(२) न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(३) पुनरावेदन न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(४) उपदफा (१) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई कुनै सजाय नगरी क्षमा दिन वा सजाय तोकिसकेको भए सो सजाय घटाउन वा माफ गर्न वा सजाय मुल्तवी राखी तोकेको सर्त पालन भएमा सजाय कार्यान्वयन नगर्न आदेश दिन सक्नेछ।

३१. **बैंक तथा वित्तीय संस्थाले रकम तिर्नुपर्ने:** (१) यस ऐन बमोजिम ऋण असुली भैसकेपछि असुली भएको ऋण रकमको १ प्रतिशत रकम ऋण असुली शुल्क वापत सम्वन्धित बैंक तथा वित्तीय संस्थाले न्यायाधिकरणलाई तिर्नु पर्नेछ। यसरी बैंक तथा वित्तीय संस्थाले ऋण असुली शुल्क तिर्दा निजले दफा १५ को उपदफा (२) बमोजिम बुझाएको रकम कटाई बाँकि रकम मात्र तिर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दाखिला हुन आएको रकम न्यायाधिकरणले नेपाल सरकारले तोके बमोजिम सञ्चित खातामा दाखिला गर्नु पर्नेछ।

३२. **मुद्दा सर्ने**ः यो ऐन प्रारम्भ भएको बखत जिल्ला अदालत र पुनरावेदन अदालतमा छिन्न बांकी रहेका यस ऐनको अधिकार क्षेत्रभित्र पर्ने ऋण सम्बन्धी मुद्दा सम्बन्धित न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा सर्नेछन्।

३३. **नियम बनाउन सक्ने**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

<u>द्रष्टव्य</u>:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मितिः २०५९।०८।१२
पहिलो संशोधनः ....२०६०।१०।२९

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाएका नियमहरु बनाएको छ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ सम्झनु पर्छ।

(ख) "उजुरी निवेदन" भन्नाले ऐनको दफा १५ को उपदफा (१) बमोजिम बैंक वा वित्तीय संस्थाले न्यायाधिकरण समक्ष पेश गरेको उजुरी निवेदन सम्झनु पर्छ।

(ग) "श्रेस्तेदार" भन्नाले नियम ३२ बमोजिम न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणको सामान्य प्रशासनसम्बन्धी काम गर्न नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

परिच्छेद - २
उजुरी निवेदनसम्बन्धी ब्यवस्था

३. **उजुरी निवेदन दिनुपर्नेः** बैंक वा वित्तीय संस्थाले उजुरी दिंदा अनुसूची-१ बमोजिमको ढाँचामा पाँच रुपैयाँ उजुरी निवेदन दस्तुर र दाबी रकमको ०.२५ प्रतिशतले हुन आउने ऋण असुली शुल्क वापतको रकम समेत संलग्न गरी न्यायाधिकरण समक्ष उजुरी निवेदन दिनु पर्नेछ।

४. **उजुरी निवेदनमा खुलाउनुपर्ने कुराहरुः** नियम ३ बमोजिम दिने उजुरी निवेदनमा देहाएका कुराहरु खुलाउनु पर्नेछः-

(क) निवेदक र प्रतिवादी प्रत्येकको पुरा नाम, थर र वतन,

(ख) ऐनको म्याद भित्र उजुरी निवेदन दायर गरे नगरेको र उजुरी निवेदन दस्तुर तथा ऋण असुली शुल्क वापत अग्रीम रुपमा बुझाउनु पर्ने रकम संलग्न गरे, नगरेको,

♦(ग) ऋण असुलउपर गर्ने सम्वन्धमा बैंक वा वित्तीय संस्थाले ऋणीसंग पटक पटक पत्राचार, छलफल वा वार्ता वा त्यस्तो ऋणको पुनर्तालिकिकरण, पुनरसंरचना वा त्यस्तै किसिमका अन्य क्रियाकलाप गरे नगरेको,

•(ग१) ऋण असुलउपर गर्ने सम्बन्धमा बैंक वा वित्तीय संस्थाले ऋणीलाई ऋण चुक्ता गर्न आउने निश्चित अवधि तोकी सो म्याद भित्र ऋण चुक्ता गर्न नआएमा निजका बिरुद्ध आवश्यक कानूनी कारवाही चलाईने ब्यहोराको वा बैंक वा वित्तीय संस्थामा धितो राखिएको चल वा अचल सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी सार्वजनिक सूचना राष्ट्रियस्तरको कुनै दैनिक पत्रिकामा प्रकाशन गरे, नगरेको वा धितो राखिएको चल अचल सम्पति लिलाम बिक्री गर्न कारवाही चलाउँदा समेत कुनै कारणवश लिलाम बिक्री भए नभएको,

(घ) ऋणीसंग ऋण असुलउपर गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम कुनै अड्डा अदालतमा कुनै मुद्दा दायर गरे नगरेको,

(ङ) एक जना भन्दा बढी प्रतिवादी भएमा निजहरु सबैलाई पठाउन पुग्ने गरी उजुरी निवेदनको प्रतिलिपि संलग्न राखे नराखेको,

(च) उजुरी निवेदनमा उल्लिखित दावीलाई पुष्टी हुने गरी आवश्यक प्रमाण तथा कागजातहरु संलग्न राखे, नराखेको।

५. <u>रीत नपुगेको उजुरी निवेदन दर्ता नहुने:</u> नियम ४ बमोजिमको उजुरी निवेदनमा खुलाउनु पर्ने कुरा नखुलाई वा संलग्न हुनुपर्ने कागजात संलग्न नभई प्राप्त हुन आएको उजुरी निवेदनलाई श्रेस्तेदारले रीत नपुगेको ब्यहोरा खुलाई त्यस्तो उजुरी निवेदन दरपीठ गरी सम्बन्धित बैंक वा वित्तीय संस्थालाई फिर्ता गर्नु पर्नेछ।

६. <u>उजुरी निवेदन दर्ता गरी निस्सा दिनुपर्ने:</u> कुनै बैंक वा वित्तीय संस्थाले दिएको उजुरी निवेदन ऐन तथा यस नियमावली बमोजिम रीत पुगेको देखिन आएमा श्रेस्तेदारले त्यस्तो उजुरी निवेदन दर्ता गरी सोको निस्सा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनु पर्नेछ।

७. <u>उजुरी निवेदनको जाँचबुझ र खारेजी:</u> (१) कुनै उजुरी निवेदन दायर भएपछि न्यायाधिकरणले सो सम्बन्धमा देहाएका कुराहरुको जाँचबुझ गर्नेछः-

(क) ऋण असुलउपरको लागि लिइएको दावीको आधार स्पष्ट छ, छैन,

(ख) उजुरी निवेदन साथ संलग्न प्रमाण तथा कागजातहरु दावीलाई पुष्टी गर्न पर्याप्त छन, छैनन्।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा उजुरी निवेदनमा उल्लिखित दावीका आधारहरु स्पष्ट नभई दावी लाग्न नसक्ने देखेमा न्यायाधिकरणले उजुरी निवेदन खारेज गर्न सक्नेछ।

♦ पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा थप।

(३) उजुरी निवेदनसाथ संलग्न प्रमाण तथा कागजातहरुबाट दावी पुष्टि हुन नसक्ने देखेमा न्यायाधिकरणले सम्वन्धित बैंक वा वित्तीय संस्थालाई सात दिनको म्याद दिई थप आवश्यक प्रमाण तथा कागजातहरु पेश गर्न आदेश दिन सक्नेछ। यसरी तोकिएको म्याद भित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले थप आवश्यक प्रमाण तथा कागजातहरु पेश गर्न नसकेमा वा पेश गरेको कागजातबाट दावी पुष्टी हुन नसक्ने देखेमा न्यायाधिकरणले त्यस्तो उजुरी निवेदन खारेज गर्न सक्नेछ।

(४) न्यायाधिकरणले उपनियम (२) वा (३) बमोजिम उजुरी निवेदन खारेज गरेमा सोको जानकारी उजुरी निवेदन खारेज गरेको मितिले सात दिन भित्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनु पर्नेछ।

परिच्छेद - ३

म्याद, तामेली र प्रमाण बुझ्नेसम्बन्धी ब्यवस्था

८. **प्रतिउत्तरपत्र पेश गर्न म्याद जारी गर्नेः** (१) न्यायाधिकरणमा उजुरी निवेदन दर्ता भएपछि सो मितिले पन्ध्र दिन भित्र ♦सो उजुरी निवेदनको एक प्रति प्रतिलिपि समेत संलग्न राखी सम्बन्धित प्रतिवादीका नाउँमा अनुसूची(२) बमोजिमको ढाँचामा न्यायाधिकरणले म्याद जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा प्रतिवादी वा निजका एकाघर परिवारका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्दछ। यसरी बुझाउँदा प्रतिवादी वा निजको एकाघर परिवारका कुनै सदस्य फेला नपरेमा वा निजको घर डेरा पत्ता नलागेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कुनै सदस्य वा प्रतिनिधी वा कुनै दुईजना स्थानीय ब्यक्तिलाई रोहवरमा राखी सो म्याद प्रतिवादीको घर डेरा भएको सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सो बमोजिम म्याद टाँस भएपछि प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि रितपूर्वक म्याद तामेल भएको मानिनेछ।

तर बैंक वा वित्तीय संस्थाले गलत ठेगाना लेखिदिएको वा न्यायाधिकरणद्वारा गलत ठेगाना उल्लेख गरेको कारणले प्रतिवादी वा निजको घर डेराको पत्ता नलागेको रहेछ भने त्यसरी म्याद टाँस हुँदैमा रितपूर्वक म्याद तामेल भएको मानिने छैन।

(३) उपनियम (२) बमोजिमको म्याद तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक ♦सामान्यतः दुई दिन भित्र म्याद तामेल गरी सक्नु पर्नेछ,

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै फर्म, कम्पनी वा संस्था प्रतिवादी भई त्यस्तो प्रतिवादीका नाउँमा प्रतिउत्तरपत्र पेश गर्न म्याद जारी गर्दा

♦ पहिलो संशोधनद्वारा संशोधित।

यस्तो फर्म, कम्पनी वा संस्थाको रजिष्ट्रड कार्यालयमा हुलाक मार्फ रजिष्ट्री गरी पठाएमा वा त्यस्तो कार्यालयको टेलिफ्याक्स, इमेल वा अन्य बिद्युतीय संचार माध्यमबाट पठाएमा त्यस्तो म्याद रितपूर्वक तामेल भएको मानिनेछ।✂............।

•(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रतिवादीका नाउँमा म्याद जारी गर्दा त्यस्तो म्याद जारी हुन नसकेको प्रतिवेदन पर्न आएमा सम्बन्धित प्रतिवादीको नाउँमा जारी भएको म्यादसम्बन्धी सूचना रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा प्रसारण वा प्रकाशन गर्न सकिनेछ। त्यसरी प्रसारण वा प्रकाशन भएको अवस्थामा त्यस्ता प्रतिवादीका नाउँमा त्यस्तो म्याद यस नियमावली बमोजिम रितपूर्वक तामेल भएको मानिनेछ।

९. <u>म्याद थमाउन सक्नेः</u> (१) नियम ८ बमोजिम प्रतिवादीलाई प्रतिउत्तरपत्र पेश गर्न जारी गरेको म्याद प्रतिवादीको काबु बाहिरको परिस्थिति परी गुज्रन गई प्रतिवादीले प्रतिउत्तरपत्र पेश गर्न नसकेमा सोको कारण खोली गुज्रेको म्याद थमाई पाउनको लागि न्यायाधिकरण समक्ष गुज्रेको मितिले पन्ध्र दिनभित्र निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिव देखिएमा न्यायाधिकरणले प्रतिवादीलाई प्रतिउत्तरपत्र पेश गर्न पन्ध्र दिन सम्मको म्याद थप गर्न सक्नेछ।

(२) ऐन तथा यस नियमावली बमोजिम कारवाही चलिरहेको कुनै मुद्दामा तारेखमा बसेको कुनै निवेदक वा प्रतिवादीले त्यस्तो तारेख गुजारेमा गुज्रेको तारेख थमाउन पाउने छैन।

तर निवेदक वा प्रतिवादीको काबु बाहिरको परिस्थितिले गर्दा तारेख गुज्रन गई गुज्रेको मितिले पन्ध्र दिन भित्र न्यायाधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो निवेदनको ब्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले निवेदक वा प्रतिवादीलाई पन्ध्र दिन सम्मको तारेख थामी दिन सक्नेछ।

१०. <u>प्रमाण बुझ्नेः</u> (१) लिखतको प्रकृतिबाट निवेदकसंग रहनु पर्ने वा निजले पेश गर्न सक्ने लिखत प्रमाणको सक्कल र सोको एक प्रति नक्कल उजुरी निवेदनसाथ पेश गर्नु पर्नेछ।

(२) लिखतको प्रकृतिबाट प्रतिवादीसंग रहनु पर्ने वा निजले पेश गर्न सक्ने लिखत प्रमाणको सक्कल र सोको एक प्रति नक्कल प्रतिउत्तरपत्रका साथ पेश गर्नु पर्नेछ।

(३) निवेदक वा प्रतिवादीले उपनियम (१) र (२) बमोजिम पेश नगरेका लिखत प्रमाण पछि बुझिने वा प्रमाण लाग्ने छैन।

तर देहायका अवस्थामा देहाए बमोजिम लिखत प्रमाण दाखिला गर्न वा बुझ्न सकिनेछः-

(क) न्यायाधिकरणमा दाखिला गर्न नसकिने लिखित प्रमाणका हकमा त्यस्तो लिखतको नक्कल मात्र दाखिला गर्न सकिनेछ।

(ख) निवेदक वा प्रतिवादीले कुनै नयाँ वा महत्वपूर्ण लिखत प्रमाण उजुरी निवेदन वा प्रतिउत्तर दिंदाका बखत निजले भरमजदूर कोशिस गर्दा पनि थाहा नपाएको वा प्राप्त

✂ पहिलो संशोधनद्वारा झिकिएको।

• पहिलो संशोधनद्वारा थप।

गर्न नसकेकाले त्यस्तो लिखत थाहा पाएपछि वा प्राप्त भएपछि पेश गर्न न्यायाधिकरण समक्ष निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले सो कुराको पर्चा खडा गरी त्यस्तो लिखत प्रमाण बुझ्न सक्नेछ।

(ग) कुनै मनासिब कारण देखाई निवेदक वा प्रतिवादीले कुनै लिखत प्रमाण पेश गर्न अर्को तारेख तोकी पाउँ भनी निवेदन गरेमा न्यायाधिकरणले सो लिखत प्रमाण पेश गर्न मनासिब माफिकको मौका दिन अर्को तारेख तोकी दिन सक्नेछ।

(४) सबुद प्रमाण बुझ्न भनी तोकिएको तारेखमा निवेदकको प्रमाण कागज प्रतिवादीलाई र प्रतिवादीको प्रमाणको कागज निवेदकलाई सक्कलै देखाई सुनाई सद्दे, किर्ते वा जालसाजी जे भन्छ सोही ब्यहोराको बयान गराउनु पर्नेछ। यसरी बयान गराउँदा सोही बखत सद्दे, किर्ते वा जालसाजी छुट्टयाउन नसक्ने भई न्यायाधिकरणको तजबिजले म्याद दिनुपर्ने ठहऱ्याएमा तीन दिनसम्मको म्याद दिन सक्नेछ।

(५) उजुरी निवेदन वा प्रतिउत्तरपत्रमा लिखत प्रमाण भनी उल्लेख भएका कागजातहरु निवेदक वा प्रतिवादीले न्यायाधिकरण समक्ष पेश गरेपछि सोको प्रतिलिपि तयार गरी श्रेस्तेदारले त्यस्तो नक्कल सक्कलसँग रुजु गरी नक्कल दुरुस्त देखेमा सक्कल बमोजिम नक्कल दुरुस्त छ भन्ने ब्यहोरा सो कागजात पेश गर्ने निवेदक वा प्रतिवादीबाट त्यसै कागजमा लेखाई निजको सहिछाप गरी मिसिल साथ राख्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमका सक्कल कागजातहरुमा क्रमैसंग नम्बर चढाई सोको पिठमा अड्डाको छाप लगाई सक्कल कागजातहरु सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

११. **अनुपस्थित प्रतिवादीका तर्फबाट अरुले प्रमाण पेश गर्न सक्ने:** कुनै मुद्दामा यस नियमावली बमोजिम जारी भएको म्यादमा प्रतिवादीले प्रतिउत्तर पेश गर्न नसकेको कुनै मनासिब कारण देखाई निजका एकाघर परिवारको कुनै हकवाला वा कुनै व्यक्तिले सो म्याद भुक्तान भएको मितिले सात दिन भित्र निवेदकको दावी खण्डन हुने कुनै प्रमाण पेश गरेमा न्यायाधिकरणले सो प्रमाण समेत बुझि मुद्दाको कारवाही र किनारा गर्नु पर्नेछ।

१२. **प्रमाण बुझी सकेपछि पक्ष तारेखमा नबसे पनि हुने:** (१) न्यायाधिकरणले निवेदक र प्रतिवादी दुवै पक्षको प्रमाण बुझि सकेपछि कुनै पक्षले चाहेमा न्यायाधिकरणको अनुमति लिई तारेखमा नबस्न पनि सक्नेछ।

(२) निवेदकले आफ्नो प्रमाण पेश गरेपछि निजले मात्र वा प्रतिवादीले समेत तारेख गुजारे पनि मुद्दा डिसमिस फैसला गर्नु हुँदैन र बुझेसम्मका प्रमाणका आधारमा मुद्दाको कारवाही र किनारा गर्नु पर्नेछ।

१३. **साक्षी बुझ्ने:** (१) साक्षीको नाउँमा म्याद जारी गर्न न्यायाधिकरणबाट आदेश भएपछि श्रेस्तेदारले म्याद तयार गरी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम श्रेस्तेदारले म्याद पठाउँदा सात दिनको म्याद दिनु पर्नेछ।

१४. **साक्षी बकाउने:** (१) तारेखको दिन न्यायाधिकरणको कारवाही शुरु हुनासाथ सो दिन हाजिर रहेका निवेदक र प्रतिवादीबाट निजहरुको साक्षीको नामावली लिई मिसिल साथ राखी बकपत्र गराउनका लागि श्रेस्तेदारले न्यायाधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(२) साक्षी बुझ्न तोकिएको दिन अपरान्ह दुई बजेसम्म पनि अर्को पक्ष उपस्थित नभए उपस्थित पक्षको साक्षीको बकपत्र गराउने कार्य रोक्नु हुँदैन।

१५. **लिखत प्रमाण पेश गर्न आदेश दिन सक्ने:** प्रचलित कानूनले प्रमाण लाग्न सक्ने कागजपत्र, नक्सा, सूचना विवरण आदि कुनै कारणले न्यायाधिकरण समक्ष पेश हुन सकेको रहेनछ भने मुद्दा पेशी सूचीमा चढ्नु भन्दा अगावै न्यायाधिकरणले त्यस्तो प्रमाण पेश गर्न सम्बन्धित पक्षलाइ आदेश दिन सक्नेछ।

परिच्छेद - ४

निर्णयसम्बन्धी व्यवस्था

१६. **निर्णय गर्नुपर्ने अवधि:** उजुरवाला वा प्रतिवादीका तर्फबाट न्यायाधिकरणले बुझ्नु पर्ने प्रमाण बुझी मुद्दा छिन्न अंग पुगी सकेपछि ऐनको दफा १७ ले तोकेको म्यादका अधीनमा रही सो मुद्दा छिन्न अंग पुगी सकेको मितिले पन्ध्र दिनभित्र मुद्दाको निर्णय गरी सक्नु पर्नेछ।

१७. **निर्णय र आदेशको ढाँचा**: न्यायाधिकरणबाट हुने निर्णयअनुसूची ३ बमोजिमको ढाँचामा र अन्य आदेश अनुसूची ४ बमोजिमको ढाँचामा हुनेछ।

१८. **निर्णय वा आदेशमा हेरफेर गर्न नहुने**: सदस्यहरुको सही भैसकेको निर्णय वा आदेशमा भाषागत र छपाईसम्बन्धी त्रुटी बाहेक अन्य कुनै हेरफेर गर्न हुँदैन।

१९. **निर्णयको कार्यान्वयन:** (१) न्यायाधिकरणबाट निर्णय भई ऐनको दफा २१ बमोजिम सो निर्णय कार्यान्वयनको लागि ऋण असुली अधिकृतको नाममा आदेश जारी भएपछि सो आदेश बमोजिमको अवधिभित्र निर्णयको कार्यान्वयन गर्नु पर्नेछ।

(२) ऋण असुली अधिकृतले उपनियम (१) बमोजिम निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यकता परेमा स्थानीय प्रशासन र प्रहरीको सहयोग माग्न सक्नेछ। यसरी ऋण असुली अधिकृतबाट सहयोग माग भई आएमा स्थानीय प्रशासन र प्रहरीले निजलाई सहयोग पुऱ्याउनु पर्नेछ।

२०. **मिलापत्रको कार्यान्वयन**: (१) ऐनको दफा (२०) को उपदफा (१) बमोजिम न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणबाट मिलापत्र गराई दिने गरी निर्णय भएकोमा सो मिलापत्रको कार्यान्वयन सम्बन्धित पक्षहरु स्वयमले गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै पक्षले मिलापत्रको कार्यान्वयन नगरेको कारणले ऐनको दफा २० को उपदफा (३) बमोजिम ऋण असुली अधिकृतलाई न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले आदेश दिएकोमा निजले सो मिलापत्र कार्यान्वयन गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम मिलापत्र कार्यान्वयन गराउँदाको कार्यबिधि न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले गरेको निर्णय कार्यान्वयन गर्दाको कार्यविधि सरह हुनेछ।

परिच्छेद - ५

पुनरावेदनसम्बन्धी व्यबस्था

२१. **पुनरावेदन दिन सक्ने:** ऐन तथा यस नियमावली बमोजिम न्यायाधिकरणले गरेको निर्णयउपर पुनरावेदन गर्नुपर्दा पाँच रुपैयाँ दस्तुर संलग्न राखी अनुसूची-५ बमोजिमको ढाँचामा पुनरावेदन न्यायाधिकरण समक्ष पुनरावेदन पत्र पेश गर्नु पर्नेछ।

२२. **पुनरावेदनपत्रमा खुलाउनु पर्ने कुराहरुः** नियम २१ बमोजिम दिइने पुनरावेदनपत्रमा देहाएका कुराहरु खुलाउनु पर्नेछः-

(क) पुनरावेदकको नाम, थर र वतन,
(ख) प्रत्यर्क्षी गराईने व्यक्ति वा संस्थाको नाम, थर र वतन,
(ग) जुन निर्णय चित्त नबुझेको हो सो निर्णयगर्ने न्यायाधिकरणको नाम,
(घ) शुरु मुद्दामा निवेदक वा प्रतिवादी भएको कुरा,
(ङ) निर्णय भएको मिति र सोको विवरण,
(च) शुरु मुद्दामा दावी गरेको बिगो र त्यस्तो मुद्दामा कायम भएको बिगो,
(छ) निर्णया चित्त नबुझेका कुराहरु, त्यसको कारण र पुनरावेदनपत्रमा माग गरेको कुरा,
(ज) पुनरावेदन गरेको मुद्दामा बिगो खुल्न नसकेको भए त्यस्तो बिगोको अनुमानित मूल्य,
(झ) अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे, नपरेको कुरा थाहा भए सो कुरा,
(ञ) पुनरावेदन कुन कानून अन्तर्गत हो भन्ने कुरा,
(ट) हद म्याद भित्र पुनरावेदन परेको कुरा,
(ठ) अन्य आवश्यक कुरा।

२३. **पुनरावेदनपत्रको जाँचबुझ र दर्ताः** (१) पुनरावेदन न्यायाधिकरण समक्ष प्राप्त हुन आएको पुनरावेदन नियम २१ र २२ बमोजिम रीत पुगे नपुगेको जाँची रीत पुगेको भए त्यस्तो पुनरावेदन पत्र दर्ता गरी सोको निस्सा सम्बन्धित पुनरावेदकलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनरावेदनपत्र जाँच गर्दा रीत नपुगेको देखिन आएमा रीत नपुगेको व्यहोरा खुलाई दरपीठ गरी त्यस्तो पुनरावेदनपत्र फिर्ता गर्नु पर्नेछ।

२४. **पुनरावेदनपत्र दर्ता गरी सकेपछिको कार्यविधिः** (१) पुनरावेदन न्यायाधिकरणले पुनरावेदनपत्र दर्ता भएको मुद्दाको मिसिल सम्बन्धित न्यायाधिकरणबाट झिकाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम न्यायाधिकरणबाट झिकाएको मुद्दाको मिसिल पुनरावेदन न्यायाधिकरणमा प्राप्त भएपछि सो पुनरावेदन उपर कारवाही र किनारा गर्नका लागि

श्रेस्तेदारले पेशी तारेख तोकी सो मुद्दा साप्ताहिक दैनिक पेशी सूचीमा चढाई पुनरावेदन न्यायाधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(३) मुद्दासम्बन्धी पुनरावेदनपत्र र पेश भएका वकालतनामा सबै पुनरावेदन मिसिलमा समावेश गर्नु पर्नेछ।

२५. **<u>प्रतिउत्तर पेश गर्न म्याद जारी गर्ने</u>**: (१) पुनरावेदन न्यायाधिकरणमा पुनरावेदनपत्र दर्ता भएपछि पुनरावेदनपत्र र सो साथ संलग्न प्रमाण तथा कागजातहरुको एक एक प्रति प्रतिलिपि समेत संलग्न राखी सम्बन्धित प्रत्यर्थीको नाउँमा प्रतिउत्तर पेश गर्नका लागि अनुसूची -६ बमोजिमको ढाँचामा पुनरावेदन न्यायाधिकरणले म्याद जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम म्याद जारी गर्दा नियम ८ को उपनियम (२), (३) र (४) बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

२६. **<u>म्याद थमाउन सक्ने</u>**: नियम २५ बमोजिम प्रत्यर्थीलाई प्रतिउत्तर पेश गर्न जारी गरेको म्याद प्रत्यर्थीको काबु बाहिरको परिस्थिति परी गुज्रन गएमा कारण खुलाई पन्ध्र दिनभित्र निवेदन पर्न आएमा पुनरावेदन न्यायाधिकरणले नियम बमोजिम म्याद थप गर्न सक्नेछ।

परिच्छेद - ६

<u>ऋण असुलीसम्बन्धी ब्यवस्था</u>

२७. **<u>ऋण असुली अधिकृतको काम, कर्तव्य र अधिकार</u>**: (१) ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त भएपछि ऋणी वा जमानत दिने व्यक्तिले धितोमा राखेको चल अचल सम्पत्तिले ऋणको साँवा ब्याज रकम खाम्न नसक्ने भई ऋणीको वा जमानत दिने ब्यक्तिको अन्य चल अचल सम्पत्ति समेतबाट असुलउपर गर्नुपर्ने भएमा त्यस्तो चल अचल सम्पत्ति रोक्का राख्न तत्काल सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) न्यायाधिकरणको आदेश प्राप्त भएपछि सो आदेशमा तोकिएको म्यादको अधीनमा रही ऋण असुली अधिकृतले देहाय बमोजिम ऋण असुलउपर गरिदिनु पर्नेछः-

(क) ऋणीलाई बढीमा सात दिनको म्याद दिई निजले बैंक वा वित्तीय संस्थालाई बुझाउनु पर्ने ऋणको सम्पूर्ण साँवा ब्याज रकम बुझाउन ल्याउन आदेश दिने,

(ख) ऋणीले खण्ड (क) बमोजिमको म्यादभित्र त्यस्तो ऋणको साँवा ब्याज रकम बुझाउन नल्याएमा ऋणीले धितो राखेको वा नराखेको चल अचल सम्पत्ति कब्जा गर्ने,

(ग) ऋणीले धितो नराखेको वा त्यस्तो धितो राखेको चल अचल सम्पत्तिले साँवा ब्याज रकम खाम्न नसक्ने भई कसैले जमानत दिएकोमा त्यस्तो जमानत दिने व्यक्तिको चल अचल सम्पत्ति कब्जा गर्ने,

(घ) खण्ड (ख) वा (ग) बमोजिम कब्जा गरिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने।

२८. **<u>ऋण असुलीसम्बन्धी कार्यबिधिः</u>** (१) ऋणीले धितो राखेको वा जमानत दिने व्यक्तिले जमानी दिएको चल अचल सम्पत्ति निजले भोग चलन गरिरहेको अवस्थामा त्यस्तो चल अचल सम्पत्तिको भोगचलन निजबाट छुटाउनु पर्ने भएमा कम्तीमा दुई जना स्थानीय व्यक्ति र सम्बन्धित बैंक वा वित्तीय संस्थाको प्रतिनिधिको रोहवरमा त्यस्तो सम्पत्ति रहेको स्थानमा प्रवेश गरी ऋण असुली अधिकृतले आफ्नो कब्जामा लिनु पर्नेछ र यसरी कब्जामा लिंदा कब्जामा लिइएका सम्पत्तिहरुको लगत खडा गरी सोही व्यहोराको मुचुल्का उठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कब्जामा लिएको सम्पत्तिले ऋणको साँवा ब्याज रकम खाम्न नसक्ने भई ऋणीको अन्य चल अचल सम्पत्ति निजको भोगचलनबाट छुटाउनु पर्ने भएमा कम्तीमा दुई जना स्थानीय व्यक्ति र सम्बन्धित बैंक वा वित्तीय संस्थाको प्रतिनिधिको रोहवरमा त्यस्तो सम्पत्ति रहेको स्थानमा प्रवेश गरी ऋण असुली अधिकृतले आफ्नो कब्जामा लिनु पर्नेछ र यसरी कब्जामा लिँदा कब्जामा लिइएका चल अचल सम्पत्तिहरुको लगत खडा गरी सोही व्यहोराको मुचुल्का उठाउनु पर्नेछ।

२९. **<u>लिलाम बिक्रीको कार्यविधिः</u>** (१) ऋण असुली अधिकृतले नियम २८ बमोजिम आफ्नो कब्जामा लिएको चल अचल सम्पत्ति लिलाम गरी रकम असुलउपर गर्नु पर्नेछ।

♦(२) उपनियम (१) बमोजिम लिलाम गर्दा अचल सम्पत्तिको हकमा पैंतिस दिन र चल सम्पत्तिको हकमा १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा लिलाम बिक्री गर्ने प्रयोजनको लागि सिलबन्दी बोलपत्र आह्वान वा डाँक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ।

●(२क) उपनियम २ बमोजिम प्रकाशित सूचनाको आधारमा परेको सिलबन्दी बोलपत्र स्थानीय प्रशासनका प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोली मूल्यांकन गर्नु पर्नेछ। त्यसरी मूल्यांकन गर्दा उपनियम (३) बमोजिम कायम भएको मूल्यको अधीनमा रही सबैभन्दा बढी मूल्य भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी त्यस्तो बोलपत्रदातालाई सो सम्पत्ति लिलाम बिक्री गर्नु पर्नेछ।

●(२ख) उपनियम (२) बमोजिम प्रकाशित सूचनाको आधारमा डाँक बढाबढको माध्यमद्वारा लिलाम बिक्री गर्दा स्थानीय प्रशासनको प्रतिनिधि र कम्तिमा दुईजना स्थानीय व्यक्तिहरुको रोहवरमा उपनियम (३) बमोजिम कायम भएको मूल्यको अधीनमा रही सो सम्पत्ति लिलाम बिक्री गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम चल अचल सम्पत्ति लिलाम बिक्री गर्नु अघि स्थानीय प्रशासनको प्रतिनिधि जिल्ला मालपोत कार्यालयको प्रतिनिधि र स्थानीय निकायको प्रतिनिधिको रोहवरमा ऋण असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको प्रचलित बजार

♦ पहिलो संशोधनद्वारा संशोधित।

● पहिलो संशोधनद्वारा थप।

मूल्यलाई समेत ध्यानमा राखी मूल्य कायम गर्नु पर्नेछ। •त्यसरी चल अचल सम्पत्तिको मूल्य कायम गर्दा सम्बन्धित विशेषज्ञ समेतको राय लिन सकिनेछ।

(४) उपनियम ♦२(क) वा २(ख) बमोजिम ♦लिलाम बिक्री गर्दा त्यस्तो चल अचल सम्पत्तिको उपनियम (३) बमोजिम कायम भएको मूल्यभन्दा घटी मूल्य पर्न आएमा अर्को पटक अचलको हकमा पन्ध्र दिन र चल सम्पत्तिको हकमा सात दिनको म्याद दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो सम्पत्तिको ♦लिलाम बिक्री गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम दोस्रो पटक चल अचल सम्पत्तिको ♦लिलाम बिक्री गर्दा पनि उपनियम (३) बमोजिम कायम भएको मूल्यभन्दा घटी मूल्य पर्न आएमा तेश्रो पटक अचलको हकमा दश दिन र चल सम्पत्तिको हकमा पाँच दिनको समय दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो सम्पत्ति ♦लिलाम बिक्री गर्नु पर्नेछ। यसरी तेश्रो पटक ♦लिलाम बिक्री गर्दा पनि उपनियम (३) बमोजिमको मूल्यभन्दा कम मूल्यमा प्राप्त हुन आएमा ♦त्यस्तो चल अचल सम्पत्ति सम्बन्धित बैंक वा वित्तीय संस्थाले निर्धारित मूल्यमा सकार गर्नु पर्नेछ। त्यसरी बैंक वा वित्तीय संस्थाले चल अचल सम्पत्ति सकारेपछि त्यस्तो बैंक वा वित्तीय संस्थाको ऋण चुक्ता भएको मानी हिसाब मिलान गरिनेछ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनका लागि "चल सम्पत्ति" भन्नाले नगद बाहेको चल सम्पत्ति सम्झनु पर्छ।

•२९क. **लिलाम बिक्री गर्दा लागेको खर्चः** (१) ऋण असुली अधिकृतले नियम २८ बमोजिम आफ्नो कब्जामा लिएको चल अचल सम्पत्ति लिलाम बिक्री गरी ऋण असुल गर्दा त्यस्तो लिलाम बिक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च कटाई बाँकी रहन आएको रकमबाट सम्बन्धित बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने रकम त्यस्तो बैंक वा वित्तीय संस्थालाई दिलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च र बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने रकम कटाई बाँकि रहन आएको रकम सम्बन्धित ऋणी वा जमानत दिने ब्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

(३) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यायाधिकरणले आवश्यक ठानेमा चल अचल सम्पत्ति लिलाम बिक्री गर्नुभन्दा अगावै पनि लिलाम बिक्री गर्दा लाग्ने अनुमानित खर्च सम्बन्धित बैंक वा वित्तीय संस्थालाई अग्रीम रुपमा दाखिल गर्न लगाउन सक्नेछ।

•२९ख. **पुरस्कार दिनेः** ऋणीले धितो राखेको वा जमानत दिने व्यक्तिले जमानत दिएको हदसम्मको रकम वापत धितो राखेको सम्पत्तिबाट बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने ऋण रकम चुक्ता हुन नसकेको र ऋणी वा जमानत दिने व्यक्तिको अन्य सम्पत्ति फेला नपरेको अवस्थामा कुनै

♦ पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा थप।

व्यक्तिले त्यस्तो व्यक्तिको कुनै सम्पत्तिको बारेमा न्यायाधिकरणलाई लिखित जानकारी गराएको आधारमा फेला परेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकमबाट न्यायाधिकरणले त्यस्तो व्यक्तिलाई पाँच प्रतिशत रकम पुरस्कार स्वरुप दिनेछ।

३०. **चलन चलाई दिनुपर्नेः** (१) नियम २९ बमोजिम चल अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गर्ने व्यक्तिलाई ऋण असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको चलन पुर्जी दिई त्यस्तो चल अचल सम्पत्तिको चलन चलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम चलन चलाई दिँदा ऋण असुली अधिकृतले आवश्यक परेमा स्थानीय प्रशासन तथा प्रहरीको सहयोग लिन सक्नेछ। यसरी सहयोग मागेमा ऋण असुली अधिकृतलाई सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ।

•३०क. **थुनामा राख्न पाउनेः** ऐनको दफा २५ को उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखी दिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्तिलाई थुनामा राखी दिनु पर्नेछ।

३१. **अवहेलनामा कारवाही चलाउन निवेदन दिनुपर्नेः** (१) ऐनको दफा २७ को उपदफा (२) बमोजिम अवहेलनामा कारवाही चलाउनु पर्दा ऋण असुली अधिकृतले न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष सो व्यहोरा खुलाई निवेदन पेश गर्नु पर्नेछ।

(२) ऋण असुली अधिकृतले दिएको आदेशको कसैले उल्लंघन गरेको व्यहोरा उपनियम (१) बमोजिम न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले प्राप्त गरेमा न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले त्यस्तो व्यक्तिलाई ऐनको दफा ३० बमोजिम अवहेलनामा कारवाही चलाउन सक्नेछ।

परिच्छेद - ७

श्रेस्तेदारसम्बन्धी व्यवस्था

३२. **श्रेस्तेदार तोक्नेः** न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको सामान्य प्रशासनसम्बन्धी काम गर्ने नेपाल सरकारले नेपाल न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको अधिकृतस्तरको एक एक जना कर्मचारीलाई न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको श्रेस्तेदारको रुपमा काम गर्न तोक्नु पर्नेछ।

३३. **श्रेस्तेदारको काम, कर्तब्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम, कर्तब्य र अधिकारका अतिरिक्त श्रेस्तेदारको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

---

• पहिलो संशोधनद्वारा थप।

(क) न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा दर्ता गर्न ल्याएको उजुरी निवेदन, प्रतिउत्तर र पुनरावेदनपत्र लगायतका लिखतहरु हेरी जाँची रीत पुगेको भए दर्ता गर्ने वा दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) मुद्दामा पेश भएका नक्कल कागजातलाई सक्कलसंग भिडाई ठीक देखिएमा प्रमाणित गर्ने, सक्कलमा केही कैफियत देखिएमा सो कैफियत जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्ने,

(ग) उजुरी निवेदन, पुनरावेदनपत्र तथा सोको प्रतिउत्तरपत्र साथमा पेश हुन आएको कागज ठीक छ, छैन जाँच्ने,

(घ) म्याद जारी गरी तामेल गराउने,

(ङ) मुद्दा मामिलामा कानून बमोजिम मनासिव माफिकको कारण जनाई तारीख तोकी दिने,

(च) प्रचलित कानून बमोजिम वारेस लिने र मुद्दा सकार गराउने,

(छ) इजलासबाट भएको आदेश बमोजिमको काम कारवाही चाँडो कार्यान्वयन गर्ने गर्न लगाउने,

(ज) इजलासबाट भएको आदेश बमोजिम धरौटी वा जमानत लिने,

(झ) दर्ता किताब समेतका श्रेस्ता दुरुस्त राख्ने, राख्न लगाउने,

(ञ) फाँटवालाले पेश गरेको मुद्दाको टिपोट जाँची दस्तखत गरी मिसिल सामेल राख्ने,

(ट) कर्मचारीहरुको वैयक्तिक अभिलेख राख्ने,

(ठ) आदेश तथा निर्देशनहरु सिलसिलेवार ढंगले सुरक्षित राख्ने।

परिच्छेद - ८

<u>पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था</u>

३४. <u>न्यायाधिकरणका सदस्य तथा पुनरावेदन सुन्ने अधिकारीको पारिश्रमिकः</u> (१) न्यायाधिकरणका सदस्यहरुले नेपाल सरकारले तोकिदिए बमोजिम मासिक पारिश्रमिक पाउनेछन्।

(२) पुनरावेदन सुन्ने अधिकारीले नेपाल सरकारले तोकिदिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ।

३५. <u>आवास सुबिधा</u>ः (१) न्यायाधिकरणका सदस्य तथा पुनरावेदन सुन्ने अधिकारीलाई आवास सुविधा वापत मासिक पाँच हजार रुपैयाँ दिइनेछ।

तर न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण रहेको जिल्लामा आफ्नो घर हुने न्यायाधिकरणका सदस्य वा पुनरावेदन सुन्ने अधिकारीलाई आवास सुविधा दिइने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवास सुविधा प्राप्त गर्न नपाउने न्यायाधिकरणका सदस्य वा पुनरावेदन सुन्ने अधिकारीलाई घर मर्मत खर्च तथा सरसफाई खर्च वापत मासिक एकमुष्ट पच्चीस सय रुपैयाँ दिईनेछ।

३६. **<u>सवारी तथा इन्धन सुविधा</u>**: न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारी प्रत्येकलाई सवारीको निमित्त चालक सहितको मोटर एक र त्यस्तो मोटरको लागि मासिक एक सय लिटर पेट्रोल वा डिजेल र त्रैमासिक रुपमा पाँच लिटर मोविल दिईनेछ।

३७. **<u>बिजुली, धारा र टेलिफोन सुविधा</u>**: (१) न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीको आवासमा एक लाईन टेलिफोन जडान गर्दा लाग्ने खर्च र धरौटी वापत लाग्ने रकम दिईनेछ।

(२) न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीको आवासमा जडान भएको बिजुली, धारा र टेलीफोन महशुल बापत पन्ध्र सय रुपैयाँ एकमुष्ट रुपमा दिईनेछ।

३८. **<u>दशै खर्च</u>**: न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीलाई प्रत्येक बर्ष एक महिनाको पारिश्रमिक वापतको रकम दशै खर्च वापत दिइनेछ।

३९. **<u>अन्य सुविधा</u>**: न्यायाधिकरणका सदस्य र पुनरावेदन सुन्ने अधिकारीको संचयकोष, उपदान र निवृत्तभरण, बीमा, औषधि उपचार, स्वदेश वा विदेश भ्रमण वापतको दैनिक तथा भ्रमण भत्ता, बिदा तथा अन्य सुबिधाहरु नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद - ९
<u>विविध</u>

४०. **<u>अन्यत्र इजलास कायम गर्न सक्ने</u>**: न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले उजुरी वा पुनरावेदनको कार्यबोझलाई ध्यानमा राखी आफ्नो अधिकार क्षेत्रभित्रको अन्य कुनै स्थानमा कुनै निश्चित अवधिका लागि इजलास कायम गरी आफ्नो काम कारवाही संचालन गर्न सक्नेछ।

४१. **<u>नक्कलसम्बन्धी व्यवस्था</u>**: न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा रहेको मुद्दाको मिसिलमा संलग्न जुनसुकै कागजातको नक्कल सरोकारवालाले प्रति पाना दुई रुपैयाँ दस्तुर तिरी लिन सक्नेछ।

४२. **<u>मिसिल कागजपत्रको सुरक्षा</u>**: (१) न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा रहेका मिसिल कागजपत्रको सुरक्षा गर्नु श्रेस्तेदारको कर्तब्य हुनेछ।

(२) न्यायाधिकरणका सदस्य वा पुनरावेदन सुन्ने अधिकारीको आदेश बेगर न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणमा रहेका कुनै पनि मिसिल, कागजपत्र र श्रेस्ता, किताबहरु बाहिर लैजान र अनधिकृत ब्यक्तिलाई देखाउनु हुँदैन।

•४२क. **<u>प्रतिनिधित्व गराउन सक्ने</u>**: (१) उजुरी निवेदन, पुनरावेदन वा प्रतिउत्तर पेश गर्ने बैंक वा वित्तीय संस्था वा ऋणीले न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष कुनै कानून व्यबसायी वा लेखा ब्यवसायीलाई प्रतिनिधि मुकरर गरी आफ्नो तर्फबाट प्रतिनिधित्व गराउन सक्नेछ।

• पहिलो संशोधनद्वारा थप।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैंक वा वित्तीय संस्थाले आफ्नो कुनै कर्मचारीलाई आफ्नो प्रतिनिधि मुकरर गरी आफ्नो तर्फबाट न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष प्रतिनिधित्व गराउन सक्नेछ।

•४२ख. **काठमाडौं उपत्यका बाहिरको म्याद तामेली**ः न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले काठमाडौं उपत्यका बाहिर कुनै म्याद तामेली गर्नुपर्ने भएमा आफ्नो कुनै कर्मचारी खटाई वा सम्बन्धित जिल्ला अदालतमार्फत म्याद तामेली गर्न वा गर्न लगाउन अनुरोध गर्न सक्नेछ।

४३. **शपथ ग्रहण**ः न्यायाधिकरणका सदस्यहरु र पुनरावेदन सुन्ने अधिकारीले आफ्नो ओहदाको जिम्मेवारी सम्हाल्नुभन्दा अगाडी अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीश समक्ष आफ्नो ओहदाको शपथ ग्रहण गर्नु पर्नेछ।

४४. **सदस्यको पोशाक**ः सदस्य र पुनरावेदन सुन्ने अधिकारीले इजलासमा बस्दा कालो नेपाली टोपी, कालो कोट र कालो जुत्ता लगाउनु पर्नेछ।

४५. **प्रचलित कानून बमोजिम हुने**ः यस नियमावलीमा लेखिएजति कुरामा यसै नियमावली बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

• पहिलो संशोधनद्वारा थप।

द्रष्टव्यः (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु "श्री ५ सरकार" को सट्टा "नेपाल सरकार"।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपानतर भएका शब्दहरु "पुनरावेदन अदालत" को सट्टा उच्च अदालत"।

अनुसूची - १
(नियम ३ संग सम्बन्धित)

न्यायाधिकरण...मा चढाएको

उजुरी निवेदन पत्र

बिषयः ....।

....उजुरवाला

बिरुद्ध

....बिपक्षी

म हामी उजुरवाला निम्न लिखित निवेदन गर्छु/गर्छौं।

१ ....

२ ....

३ ....

तसर्थ यस बिषयमा फलाना ऐन र नियमावली बमोजिम यो यस्तो कुराको यो यसलाई आदेश गरी पाउँ।

यस उजुरी निवेदनको ब्यहोरा ठिक साँचो छ। झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

उजुरवाला,

आधिकारिक व्यक्तिको सहीः

बैंक तथा वित्तीय संस्थाको नाम ....

ठेगाना ....

एक भन्दा बढी निवेदक भएमा १,२,३, नम्बर दिई सबैंको पुरा नाम, थर र वतन लेखी त्यसमा लेखपढ गर्न जान्नेले हस्ताक्षरको सही र अरुले ल्याप्चे सही गर्नुपर्छ।

इति सम्बत् .... साल .... शुभम्।

द्रष्टव्यः- निवेदन पत्रको बिषयको वर्णनलाई प्रकरण छुट्याई सिलसिलामा नम्बर हाल्नु पर्छ र अन्तिम दुई प्रकरणमा नम्बर नहाली सो मध्ये पहिलोमा जुन ऐन कानून अन्तर्गत माग गरिएको छ, सकभर सो समेत खुलाई माग र दोस्रोमा यथार्थताको उल्लेख हुनुपर्छ, जस्तो माथिको ढाँचामा देखाएको छ।

अनुसूची - २
(नियम ८ सँग सम्बन्धित)

न्यायाधिकरण ....ले जारी गरेको

<u>म्याद</u>

जिल्ला .... नगरपालिका/गा.वि.स. ....
वडा नं........................स्थित...बैंक/वित्तीय संस्थाले तपाईको नाउँमा मिति .... मा ....मुद्दामा यस न्यायाधिकरणमा उजुरी निवेदन दिएको हुनाले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र यस न्यायाधिकरण खुल्ने समयमा प्रतिउत्तरपत्र पेश गर्न आफैं आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनु होला। सो म्यादभित्र प्रतिउत्तरपत्र पेश गर्न आफू पनि आउनु भएन, वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

इति सम्वत् ....साल .... गते रोज .... शुभम्।

अनुसूची - ३
(नियम १७ सँग सम्बन्धित)

न्यायाधिकरण ....

१. अध्यक्ष श्री ....

२. सदस्य श्री ....

३. सदस्य श्री ....

बाट भएको

निर्णय

सम्वत् २० .... को उजुरी निवेदन दर्ता नं. .... मुद्दाः- ....

निवेदकको नाम, थर र वतनः-

निवेदकको साक्षीः-

कागजः-

प्रतिवादीको नाम, थर र वतनः-

प्रतिवादीको साक्षीः-

कागजः-

न्यायाधिकरणबाट बुझेको प्रमाणः

साक्षी...

....

कागज ....

....

मुद्दाको संक्षिप्त तथ्यः-

....

....

....

ठहरः यस मुद्दामा सबै कागज अध्ययन गर्दा यस्तो हो भन्ने निवेदक, यसो हो भन्ने प्रतिवादी वा यस्तो व्यहोराले यस्तो भएकोमा यस्तो यस्तो, फलानो फलानो प्रमाण भएको हुनाले यो रीत प्रमाण र यो यो कानूनले यसो हुने ठहर्छ वा यसो हुने देखिएकोले यसो गर्ने ठहराई यो निर्णय गरी दियौं। इति सम्वत् .... साल .... गते ....रोज ....शुभम् ....।

<u>तपसिल</u>

१. ठहरेकोले यसो गर्नु

२. म्याद भित्र पुनरावेदन गर्नु

द्रष्टब्यः-

(१) निर्णय गर्ने सदस्यहरु मध्ये कुनै सदस्य आफैले लेख्न वा लेखाउनु पर्नेछ। यसरी तयार भएको निर्णया सो लेख्ने वा लेखाउने वा टाइप गराउने सदस्यले सही गरेपछि निर्णयसहित सहमत हुने सदस्यले पनि सही गर्नुपर्नेछ।

(२) निर्णयगर्दा सदस्यहरुको एउटै राय भएमा वा राय अलग अलग भएतापनि ब्यहोरा बेग्लाबेग्लै भएमा राय र ब्यहोरा मिल्नेहरुको एउटै र नमिल्नेहरुको छुट्टै निर्णय लेख्न वा लेखाउनु पर्नेछ।

(३) अध्यक्ष वा सदस्यले बोलेर लेखाएको निर्णय लेख्नेले पनि निर्णयको पुछारमा बायाँपट्टी अध्यक्ष वा फलाना सदस्यले बोलेर लेखाए बमोजिम फलानोले लेखिएको वा टाइप गरेको भन्ने व्यहोरा लेखी सही गर्नु पर्नेछ।

अनुसूची - ४

(नियम १७ सँग सम्बन्धित)

न्यायाधिकरण .... बाट भएको

<u>आदेशपत्र</u>

सम्बत् २०.............................. सालको उजुरी निवेदन द.नं. ....

....निवेदक

<u>बिरुद्ध</u>

....प्रतिवादी

<u>आदेश</u>

<u>न्यायाधिकरणको सदस्य</u>

मितिः- सहीः-

अनुसूची - ५
(नियम २१ सँग सम्बन्धित)

पुनरावेदन न्यायाधिकरणमा चढाएको
पुनरावेदनपत्र

सम्बत् २० ....सालको .... पुनरावेदन द.नं.

फलाना/फलाना (प्रत्येकको नाम, थर र वतन) उजुरवाला/प्रतिवादी
पुनरावेदक

....

....

<u>बिरुद्ध</u>

फलाना/फलाना (प्रत्येकको नाम, थर र वतन) उजुरवाला/प्रतिवादी
प्रत्यर्थी

....

....

फलाना न्यायाधिकरणले सम्बत् .... को .... को मुद्दामा फलाना मितिमा म/हामीहरुलाई यस्तो गर्ने गरी फैसला गर्नु भएकोमा चित्त नबुझेको हुनाले मुद्दाको मोल बिगो यति वा दण्ड कैद यति भएको हुनाले सो दण्ड कैद बुझाएको निस्सा सामेल राखी वा थुनामा रही पुनरावेदन गरेको छु/गरेको छौं। पछि पदाधिकारीले गरेको इन्साफ मुनासिब ठहऱ्यो भने पुनरावेदन गरे वापत ऐन बमोजिम सजाय सहुँला बुझाउँला। यसमा म/हामी पुनरावेदकको निम्न लिखित पुनरावेदन जिकिर छः-

१. ....

२. ....

पुनरावेदक,
फलाना ठाउँ बस्ने फलाना

(एकभन्दा बढी पुनरावेदक भएमा १,२,३ नम्बर दिई सबैंको पुरा नाम, थर र वतन लेखी त्यसमा लेखपढ गर्न जान्नेले हस्ताक्षरको सही र अरुले ल्याप्चे सही गर्नु पर्नेछ)।

इति सम्वत् ....साल...................गते रोज............शुभम् ....।

द्रष्टव्यः- पुनरावेदनपत्रको यो सामान्य ढाँचा हो। जुनसुकै मुद्दाको पुनरावेदनपत्र लेख्नु पर्दा यस नियमावली बमोजिमको रीत पुऱ्याउन आवश्यक हेरफेर गरी यही ढाँचामा लेख्नु पर्नेछ।

अनुसूची - ६
(नियम २५ सँग सम्बन्धित)

पुनरावेदन न्यायाधिकरण ....ले जारी गरेको

<u>म्याद</u>

जिल्ला .... नगरपालिका/गा.वि.स. .... वडा नं............स्थित ....बैंक तथा वित्तीय संस्थाले तपाईको नाउँमा मिति .... मा ....मुद्दामा यस न्यायाधिकरणमा उजुरी निवेदन दिएको हुनाले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र यस पुनरावेदन न्यायाधिकरण खुल्ने समयमा प्रतित्तरपत्र पेश गर्न आफैं आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनु होला। सो म्यादभित्र प्रतिउत्तरपत्र पेश गर्न आफु पनि आउनु भएन, वारेस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

इति सम्वत् ....साल ....गते रोज ....शुभम् ....।

अनुसूची - ७
(नियम ४३ सँग सम्बन्धित)

शपथ ग्रहण

म...............................ईश्वरको नाममा शपथ लिन्छु कि ....को हैसियतले मलाई सुम्पिएको र नियम कानून बमोजिम मैले गर्नुपर्ने काम कुराहरु मेरो ज्ञान विवेकले जाने बुझेसम्म, इमान, धर्म सम्झी देश र काम प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच र मोलाहीजा नगरी इमान्दारीसाथ गर्नेछु। मैले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको ऋण असुलीसम्बन्धी कुनै पनि कुरा कानूनले बाध्य गरेको अवस्थामा बाहेक आफू बहाली रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अनाधिकृत व्यक्तिलाई थाहा दिने छैन।

दस्तखतः
नामः- ....
ठेगानाः- ....
मितिः- ....
शपथ ग्रहण गरेको ठीक हो भनी प्रमाणित गर्नेको
दस्तखतः
नामः- ....
ओहदाः- ....
मितिः- ....